# नेपाल समाचारपत्र

NEPAL SAMACHARPATRA

नेपाली मनको नेपाली पत्रिका

बुधबार, भदौ २७, २०७५ | Wednesday, September 12, 2018 | www.newsofnepal.com | नेसं ११३८ अलाथ्व ३ | वर्ष २४, अंक २४५ | पृष्ठ १२ | मूल्य रु १०/–




CG Entertainment Presents Kamana Film Awards

उत्कृष्टता, पारदर्शिता, निष्पक्षता

# कामना फिल्म अवार्ड-२०७५ का विधाहरू

**विधाः सर्वोत्कृष्ट चलचित्र**
ब्लाइन्ड रक्स
घामपानी
कृ
लिली बिली
शत्रु गते

**विधाः सर्वोत्कृष्ट निर्देशक**
दीपाश्री निरौला - छक्का पञ्जा-२
मिलन चाम्स - लिली बिली
नवल नेपाल - मंगलम
प्रदीप भट्टराई - शत्रु गते
सुरेन्द्र पौडेल - कृ

**विधा : सर्वोत्कृष्ट नवनिर्देशक**
झरना थापा - ए मेरो हजुर-२
नवराज बुढाथोकी - भुइँमान्छे
घामपानी - दीपेन्द्र लामा
पूर्णेन्दु झा - संरक्षण
आर राजवंशी - शेरबहादुर

**विधा : सर्वोत्कृष्ट अभिनेता**
दीपकराज गिरी - छक्का पञ्जा-२
दयाहाङ राई - घामपानी
सौगात मल्ल - झ्यानाकुटी
अनमोल केसी - कृ
प्रदीप खड्का - लिली बिली
पुष्प खड्का - मंगलम

**विधाः सर्वोत्कृष्ट अभिनेत्री**
बेनिशा हमाल - ब्लाइन्ड रक्स
मेनुका प्रधान - शेरबहादुर
नीता ढुंगाना - पञ्चायत
प्रियंका कार्की - शत्रु गते
सारा सिरपाली - पिंजडा ब्याक अगेन
शिल्पा पोखरेल - मंगलम

**विधा : सर्वोत्कृष्ट नवअभिनेता**
सलिनमान बानियाँ - ए मेरो हजुर-२
स्वरूपपुरूष ढकाल - छक्कापञ्जा-२
आशीरमान देशराज श्रेष्ठ जोशी - ग्याङस्टर ब्लुज
सुरज पाण्डे - लभ लभ लभ
शरूक ताम्राकार - रानी

**विधा : सर्वोत्कृष्ट नवअभिनेत्री**
अदिती बुढाथोकी - कृ
दिपीका प्रसाईं - ऐश्वर्य
जसिता गुरूङ - लिली बिली
सारा सिरपाली - रूद्र
सिपोरा गुरूङ - भुइँमान्छे

**विधाः सर्वोत्कृष्ट सहअभिनेता**
सलोन बस्नेत - ए मेरो हजुर-२
जितु नेपाल - छक्का पञ्जा-२
प्रमोद अग्रहरि - संरक्षण
शिवहरि पौडेल - शत्रु गते
रवीन्द्र झा - शेरबहादुर

**विधाः सर्वोत्कृष्ट सहअभिनेत्री**
अनु शाह - कान्छी
वर्षा राउत - छक्का पञ्जा-२
मिथिला शर्मा - आधा लभ
रोजिशा शाही - ग्याङस्टर ब्लुज
रूपा राना - कृ

**विधाः सर्वोत्कृष्ट खलपात्र**
अनुपविक्रम शाही - कृ
विपिन कार्की - नाका
प्रशान्त ताम्राकार - ऐश्वर्य
पुकार भट्टराई - पिंजडा ब्याक अगेन
रमेश रञ्जन झा - संरक्षण

**विधा : सर्वोत्कृष्ट हास्यकलाकार**
केदार घिमिरे - छक्का पञ्जा-२
जयनन्द लामा - छक्का पञ्जा-२
बुद्धि तामाङ - दुई रूपैयाँ
राजाराम पौडेल - म यस्तो गीत गाउँछु
शिवहरि पौडेल - शत्रु गते

**विधा : सर्वोत्कृष्ट बालकलाकार**
अनुभव रेग्मी - ए मेरो हजुर-२
विनोद मगराती - आधा लभ
पिंजडा ब्याक अगेन - कुशाग्र भट्टराई
सौरभ शाह - कृ
स्वदिता सापकोटा - भुइँमान्छे

**विधा : सर्वोत्कृष्ट कथा**
नवराज बुढाथोकी - भुइँमान्छे
यम थापा - ब्लाइन्ड रक्स
दीपेन्द्र लामा - घामपानी
प्रदीप भारद्वाज - झ्यानाकुटी
शिवम अधिकारी - पञ्चायत

**विधा : सर्वोत्कृष्ट पटकथा**
दीपकराज गिरी - छक्कापञ्जा-२
दीपकराज गिरी/प्रदीप भट्टराई - शत्रु गते
नवल नेपाल - मंगलम
नवराज बुढाथोकी - भुइँमान्छे
लिली बिली - प्रदीप भारद्वाज

**विधा : सर्वोत्कृष्ट संवाद**
दीपकराज गिरी/जितु नेपाल/केदार घिमिरे/अभिमन्यु निरवी - छक्कापञ्जा-२
गोविन्द फुयाँल/नवल - नेपाल मंगलम
हरिवंश आचार्य/प्रदीप भट्टराई - शत्रु गते
नवराज बुढाथोकी - भुइँमान्छे
शिवम अधिकारी - पञ्चायत

**विधा : सर्वोत्कृष्ट गीतकार**
अर्जुन पोखरेल - तिमी रोएको पल/ऐश्वर्य
धीरेन्द्र प्रेमर्षी - सम्झनाको सारंगी/संरक्षण
डा. कृष्णहरि बराल - ए मेरो हजुर/ए मेरो हजुर-२
कालीप्रसाद बास्कोटा/सविन एकतारे - अजम्बरी/ग्याङस्टर ब्लुज
मुक्त उदास - तिमी नि आधा/ पिंजडा ब्याक अगेन

**विधाः सर्वोत्कृष्ट संगीतकार**
वसन्त सापकोटा - मलाई आँखामा/ए मेरो हजुर-२
अर्जुन पोखरेल - तिमी रोएको पल/ऐश्वर्य
हरि लम्साल - उड्यो मन/ब्लाइन्ड रक्स
राजनराज शिवाकोटी - कुटुमा कुटु/दुई रूपैयाँ
दीपक शर्मा - पर्ख पर्ख/मंगलम

**विधाः सर्वोत्कृष्ट पार्श्वगायक**
कालीप्रसाद बास्कोटा - ओडौंला पिरतीको/शत्रुगते
कृष्ण काफ्ले - पर्ख पर्ख/मंगलम
सुगम पोखरेल - भन्छु आज/म यस्तो गीत गाउँछु
सुगम पोखरेल - तिमी रोएको पल/ऐश्वर्य
स्वरूपराज आचार्य - सम्झनाको सारंगी/संरक्षण

**विधाः सर्वोत्कृष्ट पार्श्वगायिका**
अञ्जु पन्त - भन्छु आज/म यस्तो गीत गाउँछु
बानिका प्रधान -उड्यो मन/ब्लाइन्ड रक्स
विन्दु परियार - पर्ख पर्ख/मंगलम
मेलिना राई - कुटुमा कुटु/दुई रूपैयाँ
मीना निरौला - रूपै मोहनी/शत्रु गते

**विधाः सर्वोत्कृष्ट नृत्य निर्देशक**
कविराज गहतराज - आँखैमा/ ए मेरो हजुर-२
कविराज गहतराज - इन्जिन गाडीमा/ लिली बिली
कविराज गहतराज - कुटुमा कुटु/दुई रूपैयाँ
कविराज गहतराज - पर्ख पर्ख/मंगलम
मिलन चाम्स - उड्यो मन/ब्लाइन्ड रक्स

**विधाः सर्वोत्कृष्ट द्वन्द्व निर्देशक**
चन्द्र पन्त - कृ
हिमाल केसी - संरक्षण
हिमाल केसी - पिंजडा ब्याक अगेन
रोशन श्रेष्ठ - छक्का पञ्जा-२
सम्राट थापा - ग्याङस्टर ब्लुज

**विधाः सर्वोत्कृष्ट छायांकन**
सञ्जय लामा - ए मेरो हजुर-२
दीर्घ गुरूङ - छक्का पञ्जा-२
पुरूषोत्तम प्रधान - कृ
सुदीप बराल - लिली बिली
सञ्जय लामा - म यस्तो गीत गाउँछु

**विधा : सम्पादन**
अर्जुन जिसी - लिली बिली
बनीष शाह - ए मेरो हजुर-२
विपिन मल्ल - छक्का पञ्जा-२
सन्दीप अधिकारी / बनीष शाह - कान्छी
सुरेन्द्र पौडेल - कृ

**विधा : पार्श्वसंगीत**
शैलेश श्रेष्ठ - ए मेरो हजुर-२
सुजिल कर्मचार्य - छक्का पञ्जा-२
शैलेश श्रेष्ठ - कृ
एलिष कार्की - लिली बिली
सैलेश श्रेष्ठ - म यस्तो गीत गाउँछु

**विधा : ध्वनि मिश्रण**
उत्तम न्यौपाने - ए मेरो हजुर-२
सुनयमान श्रेष्ठ - छक्का पञ्जा-२
उत्तम न्यौपाने - कृ
मुकेश शाह - लिली बिली
सुनयमान श्रेष्ठ - संरक्षण

**विधा - श्रृंगार**
अमृत मरहट्टा - पञ्चायत
सीजी थापा - भुइँमान्छे
निमा लामा - कृ
शंकर थापा - घामपानी
श्याम बराल - छक्का पञ्जा-२



नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बुधवार, भदौ २७, २०७५ | Wednesday, September 12, 2018 | www.newsofnepal.com | नेसं ११३८ ञलाथ्व ३ | वर्ष २४, अंक २४५ | पृष्ठ १२ | मूल्य रु १०/–



५ { दैनिक १०२ अभियुक्त पक्रन्छ प्रहरी

६ { 'साल्मोनेला'ले गरायो फुड पोइजन

९ { अख्तियारमा १९ हजार बढी उजुरी

१० { व्यापार घाटा कम गर्न विद्युतीय सवारीसाधनमा जोड


# विदेशमा समस्यै समस्या नेपालमा सरर

## १८ अर्ब अमेरिकी डलर जरिवाना

**नेपाल समाचारपत्र**

काठमाडौं

चारपांग्रे सवारीसाधन उत्पादक जर्मन कम्पनी भक्सवागनद्वारा बिक्री गरिँदै आएका सवारीसाधनले वातावरणलाई प्रतिकूल असर पार्ने कार्बन उत्सर्जन गरेको तथ्य भेटिएको छ। साथै उक्त गाडीमा समस्यै समस्या देखिएकाले थुप्रै मुलुकले त्यस्ता गाडी फिर्ता पठाइसकेको छ तर यसबारे नेपालमा भने हालसम्म सोधखोज भएको पाइएको छैन। सवारी प्रदूषण जाँच्ने यातायात व्यवस्था विभागले अहिलेसम्म आधिकारिक धारणा राखेको छैन। विषाक्त कार्बन उत्सर्जन गर्ने यस्ता साधन रहेको पाइएमा सम्बन्धित कम्पनीमा फिर्ता पठाउने/नपठाउने भन्नेबारे नेपाल सरकारले नै सोच बनाएको छैन।

उक्त कम्पनीद्वारा उत्पादित विभिन्न १३ मोडलका ३ लाखभन्दा बढी गाडी भारतबाट भने सोही कम्पनीलाई फिर्ता गरिएको थियो। सन् २०१५ सेप्टेम्बरमा अमेरिकी सरकारले १८ अर्ब अमेरिकी डलर बराबरको जरिवाना तिराएको थियो। अत्यधिक धूँवा फाल्ने तथा कार्बन उत्सर्जन गर्ने प्रतिगाडी बराबर ३७ हजार ५ सय अमेरिकी डलर हर्जना तिर्नुपर्ने निर्णयपछि अधिकांश मुलुकमा उक्त कम्पनीले सवारीसाधन बिक्री-वितरण तथा सञ्चालन गर्न रोकेको थियो। जसको असर सवारी बिक्री-वितरणमा पनि पर्‍यो। केही समयमै कम्पनीको व्यापारमा तीन गुणासम्म गिरावट आयो।

सन् २००९ देखि २०१५ सम्म बजार पठाइएका उक्त कम्पनीका १ करोड १० लाख गाडीमा कार्बन उत्सर्जन परीक्षणमा फेल देखिएका थिए। त्यस कम्पनीका गाडीले फ्याँक्ने धूँवा र त्यसले पार्न सक्ने असरबारे अध्ययन गर्न विश्वभर १ करोड १० लाख कारमा धूँवा परीक्षण गर्ने उपकरण राखिएको थियो।

सोही काण्डकै कारण गत जुन १८ मा आउडी कम्पनीका सीईओ रूपर्ट स्टडलरलाई पदबाट बर्खास्त गरिएको थियो भने भक्सवागन ग्रुपका सीईओ मार्टिन विन्टरकोर्न, ब्रान्ड डेभलपमेन्ट प्रमुख हेनज-जकाब नियसर, आउडी रिसर्च एन्ड डेभलपमेन्ट प्रमुख उलरिच हेकनवर्ग र बिक्री शाखा प्रमुख वोल्फगैग हट्जलाई निलम्बित गरिएको थियो।

भक्सवागनको विज्ञापन हेर्ने मिडिया कम नामक विज्ञापन एजेन्सीले फ्रान्सका राष्ट्रिय दैनिकहरूलाई भक्सवागन तथा आउडी कम्पनीका गाडीको गलत प्रचारप्रसार गरे विज्ञापन रोक्ने धम्की दिएपछि सञ्चारमाध्यम आक्रोशित भएका थिए।

२२ सेप्टेम्बर २०१५ मा फ्रान्सेली सञ्चारमाध्यमलाई चेतावनी दिँदै उक्त एजेन्सीले कार्बन उत्सर्जनमा सघाइरहेका कारण भक्सवागनका विज्ञापन रोक्न निर्देशन दिएको थियो। अरू अन्य दृष्टिकोणले पनि असुरक्षित देखिएपछि केही गाडी कम्पनीले फिर्ता लगिसकेको छ।

(क्रमशः पृष्ठ ९ मा)

### विगत तीन महिनामा भएको फिर्ता

| | | |
|---|---|---|
| १ | गाडीको मोडल - | भक्सवागन, टिगुआन (७ लाख वटा) |
| | समस्या - | इन्जिन स्टार्ट गर्दा आगो सल्कन सक्ने |
| | गाडी फिर्ता - | जुलाई ५, २०१८ |
| २ | गाडीको मोडल - | भक्सवागन, आउडी, पोर्स (१ लाख २४ हजार वटा) |
| | समस्या - | इलेक्ट्रिक र हाइब्रिड कारमा ब्याट्री तातेर पड्किने |
| | गाडी फिर्ता - | जुलाई, २०१८ |
| ३ | गाडीको मोडल – | भक्सवागन पोलो (२ लाख १९ हजार भारतमा) |
| | समस्या - | सिटबेल्ट फुस्किने |
| | गाडी फिर्ता - | मे र जुलाई, २०१८ |




## स्पेन दूतावास अस्तव्यस्त

# परराष्ट्रले लियो 'एक्सन'




**टीका बन्धन, काठमाडौं**

युरोपेली मुलुक स्पेनमा नेपाली दूतावास स्थापना भएको ७ महिना बितिसकेको छ, तर दूतावासको अवस्था भने लथालिङ्ग छ। मुख्य कार्यालय (चान्सरी) भवन र राजदूत निवास एकै ठाउँमा हुँदा दूतावासको काम कारबाही अस्तव्यस्त बनेको हो।

परराष्ट्र मन्त्रालयको आग्रहमा अर्थ मन्त्रालयले चान्सरी भवन र राजदूत निवासका लागि ९ हजार युरो पठाएको भए पनि कार्यालय राजदूत निवासमै खुम्चिएको छ। सो मुलुकका राजदूत भरत रायमाझीले निवासका लागि ५ हजार र चान्सरी भवनका लागि ४ हजार ५ सय युरो माग गरे पनि कार्यालयभन्दा निवासको भाडा बढी नहुने अर्थ मन्त्रालयले अडान लिएको थियो।

राजदूत निवासको भान्साको गन्ध (खार) ले कार्यालयको वातावरण प्रत्यक्ष प्रभावित बन्ने गरेको आगन्तुक कक्षमा पर्याप्त कुर्सी सेवा प्रवाहका पूर्वाधार नभएको गुनासो बढ्न थालेको परराष्ट्रले जनाएको छ।

यससँगै म्याड्रिड दूतावासले कार्यालय प्रयोजनका लागि खरिद गरिएका सवारी बीमा नगरी चलाएको चर्चा चुलिन थालेपछि सवारी विगत एक महिनादेखि त्यसै थन्किएको म्याड्रिड निवासी शिवराज सिग्देलले बताउनुभयो। दूतावासले बीमा नगरी सीडी १०३००२ नम्बरको किया कम्पनीको गाडी खरिद गरेको छ।

सवारी खरिद र दूतावासको आर्थिक अनियमिता भएको खबर सार्वजनिक हुन थालेपछि परराष्ट्रले चासो व्यक्त गर्दै पत्राचार गरेको छ। मन्त्रालयले दूतावासको कार्यअवस्था र प्रगति विवरण ३ दिनभित्र पठाउन ध्यानाकर्षण गराउँदै गत साउन २७ गते दूतावासलाई पत्राचार गरेको थियो। यस विषयमा जिज्ञासा राख्दा मन्त्रालयका सहसचिव एवं सामान्य प्रशासन महाशाखा प्रमुख मणिप्रसाद भट्टराईले आफू स्पेन दूतावासको गतिविधिबारे अनविज्ञ रहेको बताउनुभयो।

'मन्त्रालयले हरेक दूतावास र नियोगहरूलाई कार्यअवस्था अवगत गराउन पत्राचार गर्छ, यो नियमित प्रक्रिया हो, स्पेनको विस्तृत विवरण मलाई जानकारी छैन।' -उहाँले भन्नुभयो। परराष्ट्रले मुख्य कार्यालय (चान्सरी) भवन, राजदूत निवास तथा कूटनीतिक कर्मचारीको आवास बारेको प्रगति, राजदूत र अन्य कर्मचारीको कार्यकक्षको अवस्था, कार्यकक्षमा आवश्यक फर्निचर, मेसिनरी औजार तथा कार्यालयका अन्य सामानको अवस्था खुलाउन ध्यानाकर्षण गराएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# मन्त्रीकै कार्यकक्षमा कुटिए पीए

**मधुसूदन रायमाझी, काठमाडौं**

मन्त्रीलाई भेट्न नदिएको भन्दै सिंहदरबारभित्र मन्त्रीकै कार्यकक्षमा मन्त्रीको स्वकीय सचिव (पीए) ले निर्घातरूपमा कुटाइ खाएका छन्। लामो समयसम्म कुर्दा पनि उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवलाई भेट्न समय नमिलाइदिएको भन्दै मन्त्रीका स्वकीय सचिव सन्तोष विष्टलाई नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले नै कुटपिट गरेका थिए।

गृह मन्त्रालयमा भेटघाट गर्न भन्दै नेकपाका पाँच जना द्वन्द्वपीडित कार्यकर्ताले गेटबाट पास लिएर सिंहदरबार प्रवेश गरेका थिए। लामो समयसम्म कुर्दा पनि भेट्न पालो नआएपछि नेकपाका कार्यकर्ताहरूले समय मिलाइदिन स्वकीय सचिव विष्टलाई दबाब दिएका थिए।

स्वकीय सचिव विष्टले मन्त्रीज्यू व्यस्त रहेको भन्दै ती कार्यकर्तालाई अलमल्याउन खोजेका थिए। लामो समय कुर्दा पनि समय नपाएपछि भेट्ने पालो कुरेर बसेका कार्यकर्ताहरूले आफ्नै पार्टीको मन्त्रीलाई पनि भेट्न नपाउने भन्दै आक्रोश व्यक्त गर्दै कुटपिट गरेको एक प्रत्यक्षदर्शीले नेपाल समाचारपत्रलाई बताए। ती प्रत्यक्षदर्शीका अनुसार साँझ ६ बजेसम्म पनि भेट्न पाउने/नपाउने विषयमा भनाभन भएपछि दुई जना कार्यकर्ताले स्वकीय सचिव विष्टमाथि कुटपिट गरेका थिए।

- विष्टमाथि नेकपाका कार्यकर्ताको आक्रोश
- घटनालगत्तै पाँच जना प्रहरीको नियन्त्रणमा

विष्टमाथि पार्टीकै कार्यकर्ताले हातपात गरेपछि सचिवालयमा रहेका कर्मचारीले महानगरीय सुरक्षा प्रहरी गणमा खबर गरेका थिए। साझ ६ बजे घटना भएलगत्तै पुगेको प्रहरीले ५ जनालाई नै पक्राउ गरेको थियो। प्रहरीका अनुसार विष्टको नाकमाथिको भागमा चोट लागेको छ। विष्टलाई उपचार गर्न मेडिकल लगिएको थियो। महानगरीय सुरक्षा प्रहरी गणले पक्राउ गरेर आइतबार नै ५ जना नेकपाका कार्यकर्तालाई महानगरीय प्रहरी वृत्त सिंहदरबारमा पठाएको थियो।

पक्राउ पर्नेहरूमा रुकुम सानीभेरी गाउँपालिका-३ का युवराज विक, मुगु सत्याड गाउँपालिका-८ का पदमराज परियार, कालिकोटको रामकोट नगरपालिका-१ का रत्न परियार, जुम्ला चन्दननाथ नगरपालिका-८ का ज्ञानबहादुर रोकाय र जाजरकोट भेरी नगरपालिका-१ दलबहादुर पुन रहेका छन्। प्रहरी वृत्त सिंहदबारले सोधपुछ गरेर उनीहरूलाई रिहा गरेको बताएको छ।

(क्रमशः पृष्ठ ९ मा)



# कामना फिल्म अवार्डस्को मनोनयन सूची सार्वजनिक

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल समाचारपत्रको सहप्रकाशन सिने मासिक कामनाले बहुप्रतिष्ठित कम्पनी सिजी इन्टरटेनमेन्टसँगको सहकार्यमा २०७१ सालबाट थालनी गरेको सिजी कामना फिल्म अवार्डस्को चौथो संस्करणको मनोनयन सूची सार्वजनिक गरेको छ।

अवार्डको निर्णायक मण्डलले २०७४ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म सार्वजनिकरूपमा प्रदर्शनमा आएका चलचित्र अवलोकन गरी तयार पारेको उत्कृष्ट ५ मनोनयनको सूची सार्वजनिक गरिएको हो।

३१ विधामा प्रदान गरिने चौथो संस्करणको सिजी कामना फिल्म अवार्डस्-२०७५ अन्तर्गत सर्वोत्कृष्ट चलचित्र विधामा ब्लाइन्ड रक्स, घामपानी, कृ, लिली बिली र शत्रु गते मनोयनमा परेका छन् भने निर्देशकमा चलचित्र छक्का पञ्जा-२ बाट दीपाश्री निरौला, लिली बिलीबाट मिलन चाम्स, मंगलम्बाट नवल नेपाल, शत्रु गतेबाट प्रदीप भट्टराई र कृबाट सुरेन्द्र पौडेल मनोनयनमा परेका छन्। त्यसै गरी अभिनेतामा छक्का पञ्जाबाट दीपकराज गिरी, घामपानीबाट दयाहाङ राई, झ्यानाकुटीबाट सौगात मल्ल, कृबाट अनमोल केसी, लिली बिलीबाट प्रदीप खड्का र मंगलम्बाट पुष्प खड्का मनोनयमा छन् भने अभिनेतृतर्फ ब्लाइन्ड रक्सबाट बेनिषा हमाल, शेरबहादुरबाट मेनुका प्रधान, पञ्चायतबाट नीता ढुंगाना, शत्रु गतेबाट प्रियंका कार्की, पिँजडा ब्याक अगेनबाट सारा सिरपाली र मंगलम्बाट शिल्पा पोखरेल मनोनयमा परेका छन्।

> छक्का पञ्जा १५, कृ १३, ए मेरो हजुर ११ र लिली बिली १० विधामा

मनोयन सूचीमा छक्का पञ्जा-२ सर्वाधिक धेरै १५ विधाको मनोनयनमा परेको छ। यो चलचित्र निर्देशक, अभिनेता, हास्य कलाकार, सहअभिनेता, सहअभिनेतृ, नवअभिनेता, पटकथा, संवाद, छायांकन, सम्पादन, पार्श्व संगीत, ध्वनि मिश्रण, द्वन्द्व निर्देशन र शृंगारका लागि मनोयनमा परेको छ। यो चलचित्रबाट हास्य कलाकार विधामा २ कलाकार केदार घिमिरे र जयनन्द लामा मनोनयमा परेका छन्। छक्का पञ्जा-२ लाई पछ्याउँदै कृ १३ र ए मेरो हजुर-२ ११ विधाको मनोयनमा परेका छन्। कृ सर्वोत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, खलपात्र, सहअभिनेतृ, नवअभिनेतृ, बालकलाकार, छायाँकार, सम्पादन, पार्श्व संगीत, ध्वनि मिश्रण, द्वन्द्व निर्देशन र शृंगार विधाको मनोनयनमा परेको छ भने ए मेरो हजुर-२ बाट नवनिर्देशक, नवअभिनेता, सहअभिनेता, बालकलाकार, छायांकन, ध्वनि मिश्रण, सम्पादन, पार्श्व संगीत, गीतकार, संगीतकार र नृत्य निर्देशकका लागि मनोनयमा परेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# विचार

वीरता कसैको इज्जत लिन होइन,
इज्जत बचाउनमा हुन्छ।
- महात्मा गान्धी

जो परिवर्तित हुँदैनन्, तिनले
केही पनि परिवर्तन गर्न
सक्दैनन्।
- जर्ज बर्नाड शा

## सम्पादकीय

नेपाल समाचारपत्र

## सरकार ! गफभन्दा काम गरेर देखाऊ

सरकारले समृद्ध नेपालको नारा अगाडि सारेको छ । हरेक सरकार गठन भएपछि नयाँ–नयाँ नारा अगाडि सारेको हुन्छ । सरकारले घोषणा गरेका कार्यक्रम थोरै मात्र कार्यान्वयन भैदिएको भए समृद्धिको पद पछ्याउन सक्थ्यो । देशमा जति पनि सरकार बने, सबै सरकारले आश्वासन र नारा नै बाँडे । नागरिकहरूले समृद्धिको सपना कुरेर बसेको वर्षौं बितिसकेको छ । सरकारले अगाडि सारेको घोषणा कार्यान्वयन गर्नको लागि दृढ इच्छाशक्तिको खाँचो पर्छ । तर आफ्ना घोषणाहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने जाँगर र इच्छाशक्ति सरकारले देखाउन सकेको छैन । सरकारमा नपुग्ने बेलासम्म चर्को नारा र भाषण दिने विगतका राजनीतिक दलहरू पनि सरकारमा पुगेपछि काम गर्न नसकेरै बिदा हुँदै आएका थिए ।

राजनीतिक अस्थिताबाट दिक्क भएका नेपाली जनताले पाँच वर्ष सरकार सञ्चालन गर्ने गरी नेकपालाई बहुमत दिएका छन् । दुई तिहाइ बहुमत प्राप्त गरेको नेकपाले सरकार गठन गरेको पनि छ महिना बितिसकेको छ । निर्वाचनमा जनतासमक्ष गरिएको प्रतिबद्धता र घोषणापत्रअनुसार काम हुन नसकेको भन्दै नागरिकहरूमा निराशा र आक्रोश बढ्न थालेको छ । दुई तिहाइको बहुमत प्राप्त सरकारले पनि गर्न नसकेको काम कुन सरकारले गर्छ ? यो आमनागरिकको प्रश्न हो । जनताले आशा र भरोसा गरेर नै दुई तिहाइ बहुमत दिएका हुन् । सरकारले जनताको दुःखलाई आत्मसात् गरेर निर्वाचनमा बोलेको बाचा मात्र इमानदारीपूर्वक कार्यान्वयन गरिदिने हो भने पनि निकै ठूलो राहतको महसुस नेपाली नागरिकले गर्ने थिए ।

कामभन्दा पनि भाषण धेरै गर्दा नागरिकमा निराशा पैदा हुँदै गएको छ । सुधार गर्न सकिने काममा पनि ढिलासुस्ती र आलटाल गर्ने प्रवृत्ति कायमै छ । जहाज ठूलो भए पनि त्यसलाई अड्याउने स–साना नटबोल्ट हुन्छन् । एउटा नटबोल्ट केही कारणले कसिएन भने जहाज नै दुर्घटना हुन पनि सक्छ । सरकारले ठूलो सपना र आश्वासन बाँड्दे पनि नागरिकको न्यूनतम आवश्यकता पूरा गर्न ध्यान दिन सकेको छैन । सरकारले नारा र भाषण दिएर मात्र नागरिकको दैनिक आवश्यकता पूरा हुन सक्दैन । जनताको न्यूनतम समस्या पहिचान गरी समस्या समाधान गर्नतिर सरकार लाग्नुपर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# सडकमा हैन, सभ्यतामा खाल्टो छ



चिरञ्जीवी मास्के

नेपालमा वामपन्थी (नेपाल कम्युनिस्ट पार्टी) को दुई तिहाइ बहुमतसहितको सरकार छ। स्वाभाविक रूपमा यो सरकारसँग आमनागरिकको विशिष्ठ खालका अपेक्षा रहेका छन्। र, ती अपेक्षाहरू ६ महिनाको अवधिमा पक्कै पनि पूरा हुन सक्दैनन्, त्यसैले आमनागरिकको अपेक्षा पूरा हुन नसकेकै हो। अनि यति बेला नै देशका विभिन्न भागमा आपराधिक गतिविधिमा वृद्धि भएका छन्। अझ जघन्य प्रकृतिका बालबलात्कार र हत्याका घटनामा अस्वाभाविक ढङ्गले वृद्धि भैरहेका छन्। आमरूपमा आलोचना भएजस्तै के यो सबै घटनाक्रम सरकारको राजनीतिक पक्षपोषणको परिणाम हो ? या सरकारको अक्षमता ? यसको वास्तविकतामा बौद्धिक बहसहरू केन्द्रित हुन सकिरहेका छैनन्।

केही समयअघि एउटा अनलाइनमा नेपालका एकजना चर्चित लेखकको अन्तर्वार्ता पढेको थिएँ। उनको अन्तर्वार्तामा सरकार र प्रधानमन्त्री केपी ओलीको बारेमा गरेको विश्लेषण शायद केही दिनपछि पढ्दा स्वयम् उनलाई नै असहज लाग्यो होला। त्यसैले मैले यहाँ अरू धेरै लेख्ने जरुरी ठान्दिन। खाली नेपालका बौद्धिक लेखकहरूसँग मेरो एउटै प्रश्न हुने गरेको छ कि कम्युनिस्ट या वामपन्थीले गर्ने काम, लगाउने पोशाक या खान्कीको बारेमा समर्थन वा आलोचना गर्ने कि उनीहरूले लिने नीतिको बारेमा छलफल र बहस गर्ने ? नेपालका कतिपय बौद्धिकहरूको लेख पढ्यो भने त्यसमा केपी ओलीको खान्की, पुष्पकमलको कपाल, झलनाथको पोशाक, माधव नेपालको जुँगा आदिको बारेमा आलोचना गरिएको हुन्छ। यस्ता कुराको आलोचना पनि पक्कै हुन्छन् तर त्यसको लेबल फरक हुन्छ। आफूलाई नेपालको अब्बल लेखक र बुद्धिजीवी भन्ने अनि आफ्नो लेखमा बौद्धिक दरिद्रता प्रदर्शन गर्ने। के यो सुहाउँदो विषय हो त ?

> काठमाडौंमा परेको खाल्टाखुल्टी पुर्ने जिम्मेवारी प्रधानमन्त्रीको हैन, न महानगरपालिका प्रमुखको नै हो। त्यो जिम्मेवारी त सम्बन्धित वडा प्रमुखको हो। अझ त्यो जिम्मेवारी वडा सदस्य र टोलवासीकै पनि हो। संघीयताको डिंग हाँक्ने बुद्धिजीवीहरूले सडकमा परेको खाल्टाको विषय प्रधानमन्त्रीसँग जोडेर उटपट्याङ तर्क गर्नु हास्यास्पद छैन र ? त्यसैले सडकको खाल्टो हैन, सभ्यताको खाल्टोको बारेमा चिन्ता गरौं।

अनि अहिले सरकारको प्राथमिकता र समाजको वास्तविकताको विषयमा पनि अस्वाभाविक र अमर्यादित टीकाटिप्पणीहरू भैरहेका छन्। प्रधानमन्त्री केपी ओलीले देखेका पानीजहाज सपना, रेल सपना आदिको बारेमा विभिन्न कोणसँग जोडेर असान्दर्भिक टिप्पणी हुने गरेका छन्। सडकमा खाल्टाखुल्टी पर्‍यो भने प्रधानमन्त्री केपी ओलीको जहाज सपना जोडिन्छ, रेल र घर-घरमा ग्यास पाइपका विषय पनि यस्तै अस्वाभाविक र असान्दर्भिक प्रसंगसँग जोडेर उडाउने काम भैरहेको छ। के यो प्रवृत्ति स्वाभाविक हो त ? पक्ष होस् या प्रतिपक्ष, अहिलेको मूल विषय भनेको विकास र समृद्धि नै हो। यो कुरालाई सबै राजनीतिक दलले आत्मसात् गरेका छन्। अनि विकास र समृद्धिको लागि पहिलो कुरा सपना नै देख्नुपर्छ। त्यसपछि त्यो सपना पूरा गर्ने बाटो पहिल्याउनुपर्छ। त्यसको लागि योजना बनाउनुपर्छ। योजनाअनुसारको कार्यक्रम ल्याउनुपर्छ र कार्यक्रमअनुसारको कार्यनीति तथा कार्य प्रारम्भ हुनुपर्छ। अब सपना नै नदेखीकन कसरी कार्यक्रम बन्न सक्छ ? अनि कार्यक्रमविना विकास र समृद्धिको यात्रा कसरी अगाडि बढ्न सक्छ ?

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय संरचनासहितको मुलुक विगतको तुलनामा धेरै हिसाबले पृथक छ। शासन व्यवस्था, कानुनी प्रावधान, राजनीतिक समीकरण, आर्थिक नीति सबै कुरा पृथक ढंगले अगाडि बढिरहेको छ। यस्तो अवस्थामा सामान्यभन्दा सामान्य कुरामा पनि केन्द्रीय सरकार त्यसमा पनि प्रधानमन्त्रीसँग निर्भर रहनु आफैंमा हास्यास्पद हुन्छ। अहिलेको संघीय संरचनामा वडाध्यक्षसँग पूर्ण अधिकार छ। त्यसैले काठमाडौंमा परेको खाल्टाखुल्टी पुर्ने जिम्मेवारी प्रधानमन्त्रीको हैन, न महानगरपालिका प्रमुखको नै हो। त्यो जिम्मेवारी त सम्बन्धित वडा प्रमुखको हो। अझ त्यो जिम्मेवारी वडा सदस्य र टोलवासीकै पनि हो। संघीयताको डिंग हाँक्ने बुद्धिजीवीहरूले सडकमा परेको खाल्टाको विषय प्रधानमन्त्रीसँग जोडेर उटपट्याङ तर्क गर्नु हास्यास्पद छैन र ? त्यसैले सडकको खाल्टो हैन, सभ्यताको खाल्टोको बारेमा चिन्ता गरौं। कि भन्न सक्नुपर्‍यो- अधिकार स्थानीय तहमा हैन, केन्द्रमै हुनुपर्छ, संघीयता ठीक कुरा हैन भनेर। आफूलाई अब्बल संघीयतावादी भन्ने, अधिकारको बारेमा चर्का-चर्का बहस गर्ने अनि कतर्व्य पालनाको चरणमा औंला अरूतिर तेर्स्याउने। खबरदार! एउटा औंला अरूतिर तेर्स्याउँदा चारवटा औंलाले आफैंलाई देखाइरहेको हुन्छ नि।

संघीयता एउटा राजनीतिक मोडमात्र हैन भावना पनि हो। मानिसको विकासप्रतिको भावना, जिम्मेवारीप्रतिको भावना, काम र कर्तव्यप्रतिको भावना। जबसम्म हामी संघीयतालाई राजनीतिक मोडलको रूपमा मात्र बुझ्ने गल्ती गर्छौं तबसम्म मुलुकमा संघीयताले सही रूपमा आकार ग्रहण गर्नै सक्दैन। अझ हाम्रो जस्तो अल्पविकसित मुलुकमा त संघीयतालाई राजनीतिक आँखाले मात्र हेर्ने भूल कदापि गर्नै हुँदैन। किनभने हामीले प्रदेशहरूलाई सक्षम बनाउनै सकेका छैनौं। प्रदेशमा भएका स्रोत-साधनहरूको उपयोग हुनै सकेको छैन। यस्तो अवस्थामा हामीले संघीयतालाई जनताको भावनासँग जोडेर अगाडि बढ्न सकेनौं भने मुलुकले कुनै पनि कुरामा गति लिनै सक्दैन।

त्यसैले केन्द्रीय (संघीय) सरकारले मुलुकमा भएको बजेटलाई समानुपातिक ढङ्गले वितरण गर्ने नीतिलाई आत्मसात् गर्नुपर्‍यो। हरेक प्रदेशमा रहेको स्रोत-साधनलाई प्रदेश सरकारले नै उपयोग र परिचालन गर्ने परिपाटीको विकास गर्नुपर्‍यो। र, प्रदेश सरकारले पनि आफ्नो जिम्मेवारीलाई गहनतम ढङ्गले निर्वाह गर्ने अवस्था निर्माण गर्नुपर्‍यो। संघीयताको मूल मर्म भनेकै अवसरको उपयोग र जिम्मेवारीको बोध हो। अब त संघीय र प्रदेश सरकारले हैन, स्थानीय सरकारले अधिकतमरूपमा स्रोत-साधनको प्रयोग गर्नुपर्छ र विकास तथा समृद्धिको अभियान वडा कमिटीबाटै अगाडि बढ्नुपर्छ।

सडकमा परेको खाल्टो देखाएर कहिलेसम्म केन्द्रीय सरकारलाई गाली गरिरहने ? अझ प्रधानमन्त्री केपी ओलीलाई कहिलेसम्म सत्तोसराप गरिरहने ? सडकमा देखिएको खाल्टो पुर्ने काम सम्बन्धित वडा कमिटीको चाहिँ हैन र ? हामी नेपालीको बानी कस्तो भयो भने, आफ्नो घरअगाडिको आँगन पनि सरकारले नै बनाइदिनुपर्छ भन्ने मानसिकता। यस्तो सोचाइले कहिले प्रगति गर्न सकिन्छ र ? यो त दास मनोवृत्ति हैन र ? अहिलेको नयाँ शासन व्यवस्थाअनुसार तीन तहको सरकार छ- संघ, प्रदेश र स्थानीय। यो तीनै तहको सरकारले आफ्नो अधिकार र कतर्व्य भुलेन भने कुनै पनि कुरामा समस्या हुँदैन। संविधानले व्यवस्था गरेअनुसार संघ, प्रदेश र स्थानीय सरकारले काम गर्ने हो भने समस्या केमा हुन्छ र ? अहिलेको मूलभूत समस्या भनेको स्रोत र साधनको परिचालनको हो। भौतिक अवस्थिति, प्रविधिको कमी, आर्थिक समस्या आदिले गर्दा हामीसँग भएका स्रोत-साधनको अधिकतम उपयोग हुन सकिरहेको छैन। त्यसैले अहिले संघीयतालाई राजनीतिसँग मात्र हैन, भावनासँग समेत जोडेर अगाडि बढ्नुपर्छ भनेको। संघीयतालाई कार्यान्वयन गर्न र विकास तथा समृद्धिको मार्गमा मुलुकलाई अगाडि बढाउन राजनीतिक प्रतिस्प्रर्धा मात्र हैन, दलहरूबीच भावनात्मक एकता आवश्यक छ। विभिन्न राजनीतिक दलबीचको विभेद, विभिन्न जातजाति र भाषाभाषीबीचको विभेद, तराई, पहाड र हिमालमा बसोबास गर्नेहरूको बीचमा विभेद। यस्तो खालको मनोवृत्ति कहिलेसम्म रहने ? यसले संघीयता कार्यान्वयन सहज र सरल बनाउँछ त ? पक्कै पनि बनाउँदैन। हो, यसैको लागि भावनाको खाँचो परेको छ। सडकमा देखिएको खाल्टो हामी सबै मिलेर पुर्ने जमर्को गरौं न। यसले न कसैसँग तिक्तता हुन्छ, न सडकको खाल्टो नै लामो समय रहन्छ। काम नगर्ने र गाली मात्र गर्ने हो भने त समाधान कसरी सम्भव हुन्छ र ?

अहिलेको सरकार दुई तिहाइ बहुमतसहितको सरकार। अबको पाँच वर्षसम्म न यसको विकल्प खोज्नु आवश्यक छ, न सम्भव नै छ ? तर सरकारको काम कार्वाहीको सूक्ष्म निगरानी र विश्लेषण भने जरुरी हुन्छ। सरकार भनेको केपी ओली हो प्रधानमन्त्री भएको नाताले तर केपी ओली मात्र सरकार हैन। मन्त्री, राज्यमन्त्री सबैको जोडफल सरकार हो। त्यसैले सरकारको सफलता र असफलता मन्त्रीहरूको कार्यशैलीमा पनि निर्भर गर्दछ। एउटा हातको पाँचवटा औंलामध्ये कुनै एउटा औंलामा समस्या देखियो भने त्यसले सिंगो हातलाई असर गर्छ। त्यसैले त्यो औंलाको तत्काल उपचार गर्नुपर्छ। अहिले सरकारमा रहेका केही मन्त्रीहरूको पनि तत्काल 'उपचार' गर्नुपर्ने माग आमरूपमा उठेको छ। त्यसैले प्रधानमन्त्री केपी ओलीले यसको समाधान खोजेर विकास र समृद्धिको मार्गलाई फराकिलो बनाउनु आवश्यक छ। अन्त्यमा, पक्ष, प्रतिपक्ष तथा विपक्षहरूले सडकको खाल्टो हैन सभ्यताको खाल्टोको बारेमा चिन्ता गरौं, त्यसको समाधान खोजौं, सडकको खाल्टो सहजै पुर्न सकिन्छ।

## पाठक पत्र

### नारायणी नदीबाट हामीलाई बचाऊ

नारायणी नदी हाम्रो काल बन्न थालेको छ। बर्खायामको उत्तरार्द्धमा नारायणी नदीको कटानले जमिन बगाउन थालेपछि भरतपुर महानगरका दुई वडावासी एक साता त्रासैत्रासमा रहनुपर्‍यो। वडा नं. २७ र २८ को सिमानामा पर्ने न्युरेचोकमा तटबन्ध भत्किएपछि स्थानीय प्रशासनले सतर्कता अपनाउन सूचना जारी गर्‍यो। न्युरेचोकमा चार कठ्ठा र राप्ती अनि नारायणीको संगमस्थल गोलाघाटको राप्ती नियन्त्रण सामुदायिक वनको ५ कठ्ठा जमिन नारायणी नदीको कटानबाट बग्न पुग्यो। जिल्ला प्रशासन कार्यालयको समन्वयमा सेना, प्रहरी, महानगर प्रहरी, स्थानीयलगायतको संयुक्त प्रयासबाट चार दिनमा कटान नियन्त्रण गरियो। नदी कटानबाट कम्तीमा ४ करोड रूपियाँबराबरको क्षतिको अनुमान गरिएको छ।

नारायणीमा बाढीको बहाव खासै नबढे पनि नदी कटानले क्षति पुर्‍यायो। समयमै सबै पक्षको सक्रियताले गर्दा दुई वडाका १२ सय मानिस सुरक्षित भए। नदी कटानको तत्काल समस्या समाधान गर्न बोरा, तारजाली र रुख ढालेर कटान रोक्ने प्रयास भए पनि यो क्षेत्रमा समस्या विद्यमान छ। यसको दीर्घकालीन समाधानमा ध्यान नदिने हो भने कटानले फेरि जोखिम बढाउने निश्चित नै छ।

हामी भैपरी आउने प्राकृतिक विपत्तिमा जति संयमित हुन्छौं, सक्रियता देखाउँछौं र हातेमालो गर्छौं त्यति विपत्‌बाट पाठ भने सिक्न सकेका छैनौं। पटक-पटक आइपर्ने विपत्तिबाट सिक्ने सोचसम्म बनाएका हुँदैनौं। त्यही कारण बाढीपहिरो, डुबान, कटानजस्ता त्रासदी हाम्रो नियति बनिरहेको छ। मनसुनी बर्सादले ल्याउने विपत्तिलाई कसैले रोक्न सक्दैन। पूर्वसतर्कता अपनाएर सुरक्षित हुने मात्र हो। तर, वर्षाका कारण हुने डुबान, कटान, विस्थापनजस्ता संकटलाई न्यूनीकरण भने गर्न नसकिने होइन।

नेपालमा मौसम पूर्वानुमानबारे वैज्ञानिक प्रबन्ध गतिलो छैन। यो राज्यको प्राथमिकतामा परेको छैन भन्दा पनि फरक पर्दैन। मौसम विभागले बाढी आउन सक्छ भनेको बेला पानी नै नपर्ने र मनसुन ठीक छ भनेको बेला नदीको बहाव बढ्ने अचम्मको सूचना प्रणाली हामीकहाँ विद्यमान छ। बाढीपीडितहरूलाई कैयौं दिनसम्म उद्धार गर्न नसकिएका, बाढीपश्चात् पीडितहरू विभिन्न संक्रामक रोगको सिकार हुनुपरेका, राहत सामग्री, औषधि तथा अस्थायी छाप्रोसमेत नपाएका हामीले बारम्बार अनुभव गरेकै विषय हो।

भरतपुर २७ र २८ का बासिन्दाले भोग्नुपरेको नियति पनि एउटै हो। ठेकेदार पक्षले बलियो तटबन्ध र स्पर निर्माण नगर्नु, समयमै टेन्डर आह्वान नहुनु, चितवन राष्ट्रिय निकुञ्जले समयमै ढुंगा-गिट्टी निकासी गर्न इजाजत नदिनुजस्ता कारण यसमा जिम्मेवार छन्। नेपालमा निर्माणका काम सम्पन्न भएपश्चात् अनुगमन नगर्ने, निर्माण सामग्रीको गुणस्तरबारे ध्यान नदिने, कमी-कमजोरीहरू लुकाउने, ढिलासुस्ती हुने प्रवृत्तिले प्राकृतिक विपत्तिको सामना गर्नुपरिरहेको छ।

नदीले कटान गरेपछि प्रजिअको अध्यक्षतामा जिल्लामा आकस्मिक बैठक बसेर सम्पूर्ण संयन्त्र परिचालन गरियो। तर, पूर्वसतर्कताबारे चेतनामूलक अभियान गर्ने, नदी कटान र बाढीको पूर्वानुमान गरी बस्ती स्थानान्तरणको पहल गर्ने काम भने हुन सकेको पाइँदैन। विपत्ति संकेत दिएर आउँदैन, विपत्तिले गर्ने विनाशको कुनै अनुमान गर्न पनि सकिँदैन। आवश्यक तयारी र समन्वयमा जुट्न सक्ने हो भने जोखिम कम गर्न सकिन्छ। स्थानीय तहले बर्सेनि आउने समस्यालाई मध्यनजर गर्दै बाढी प्रतिरोधात्मक दिगो शक्ति आर्जनलाई आफ्नो कार्यसूचीमा समावेश गरी समयमै ध्यान केन्द्रित गर्नुपर्छ। नदीको बहाव क्षेत्रवरपरका जोखिमपूर्ण बस्ती स्थानान्तरणमा पनि स्थानीय तहले नै चासो देखाउनु जरुरी देखिन्छ। यस विषयमा सम्बन्धित निकायको ध्यान जाओस्।

*- विश्रान्त अधिकारी, चितवन*

### वर्षा सकियो, अब सडक बनाऔं


भदौ दोस्रो सातायता वर्षा रोकिएको छ। छिटफुटबाहेक पानी नपरेका कारण बाढी र पहिरोको त्रास पनि बिस्तारै कम हुँदै गएको छ। खहरे र खोलामा पानीको बहाव घटेको छ। वर्षासँगै भत्किएका जिल्लाका अधिकांश सडकमा सामान्यतया सवारी गुड्न थालेका छन्। निरन्तरको वर्षा र बाढीपहिरोका कारण ठप्पजस्तै रहेको सवारी सेवामा केही राहतको महसुस भएको भए पनि निर्बाध सवारी चल्ने वातावरण भने बनिसकेको छैन। यो वर्ष मात्रै झन्डै ५० करोड खर्चेर बनाइएका कच्ची सडक वर्षाका कारण क्षतविक्षत अवस्थामा रहेका छन्। कतै पहिरोले पुरेको अवस्था छ भने कतै बाढीले बगाएका कारण सडकको नामनिशान नै मेटिएको अवस्था छ।

भदौ महिना लागेसँगै चाडपर्वको समय पनि शुरू भएको छ। सामान्य समयभन्दा चाडपर्वको समयमा आउजाउ धेरै हुने भएका कारण सडक प्रयोग गर्नेको संख्या पनि बढ्दै गएको छ। वर्षातको समयमा खेतीपातीको काम सकेर हिंड्नेदेखि चाडपर्वको लागि आवतजावत गर्नेसम्मलाई सडक सहज छैनन्। भत्केका सडकलाई सामान्य मर्मत गरेर सञ्चालनमा ल्याइएको भए पनि सवारीलाई निर्बाध चल्ने वातावरण बनेको छैन। छेउबाट भत्केका सडक, सडकमाथिबाट आएको पहिरोका कारण थुप्रिएको माटोका कारण जोखिमपूर्ण यात्रा सवारीले गरिरहेका छन्। वर्षात कम भएकाले बाढीपहिरोको जोखिम कम भए पनि सडकको मर्मत हुन नसकेका कारण रहेको जोखिम भने कम भएको छैन। सडकको ट्र्याक खोल्न र विस्तार गर्नमा करोडौं रकम खर्चेका जिल्लाका स्थानीय तहले सडकको मर्मतमा खासै चासो देखाएका छैनन्। सक्रिय वडाध्यक्ष भएका वडामा बाहेक अहिले पनि धेरै वडामा पुग्ने सडक प्रयोग गर्न नमिल्ने अवस्थामा छन्। सामान्य मर्मत सम्भार गरे मात्रै सडक सहज हुने भए पनि त्यसतर्फ स्थानीय तहको ध्यान नजानु दुःखद कुरा हो।

विकासका हरेक पूर्वाधारसँग जोडिएको सडकलाई मजबुद नबनाउँदासम्म अन्य विकास निर्माणको काममा समेत अवरोध सिर्जना भैरहने भएकाले तत्काल सडकको मर्मत आवश्यक छ। एकातर्फ हिउँदे सिजन शुरू भैसकेको र अर्कोतर्फ चाडपर्वको समय पनि शुरू भएकाले करोड खर्चेर बनाएका सडक लाख खर्चेर मर्मत गर्न स्थानीय तहले जागरुकता देखाउनुपर्छ। सडकको मर्मत सम्भारका लागि बजेट विनियोजन गरेर बसेका स्थानीय तहले काममा तदारुकता नदेखाउनु दुःखद कुरा हो। सडकलाई मर्मत गर्नकै लागि असार मसान्त कुर्नुपर्दैन। आफूसँग भएको स्रोत-साधनको प्रयोग गरेर सडक मर्मत समयमै गर्ने हो भने आमसर्वसाधारणलाई सहज हुन्छ। सडकलाई सवारी चल्ने बनाएर सर्वसाधारणको सहज आवतजावतको व्यवस्था मिलाउनु स्थानीय तहको कर्तव्य भएकाले त्यसतर्फ समयमै ध्यान जाओस्। जोखिमपूर्ण ग्रामीण सडकले चाडपर्वमा दुःखद घटना निम्त्याउन सक्ने भएकाले त्यसतर्फ समयमै स्थानीय निकाय सचेत बन्नुपर्छ।


*- सुरज ताम्राकार, भक्तपुर।*

## सामाजिक सञ्जाल




छानबिन गर्नेकै ज्यान जोखिममा भएपछि अरु के बाँकी रह्यो त ? निर्मला पन्तको बलात्कार र हत्याको जाँचको वास्तविकता।

**Kishore Nepal**
**@kishorenepal**



सजिलो जिन्दगीको लागि प्रार्थना नगर, गाह्रो जिन्दगी सहन सक्ने क्षमताको लागि प्रार्थना गर।

**निता उप्रेती**
**@UpretiNita**



कहिलेकाहीं बलियो हातले समातेको औंला पनि छुट्टिन्छ, किनकि सम्बन्ध तागतले होइन दिलले निभाउने गरिन्छ।

**सिम्रन अधिकारी**
**@SimranAdhikar11**

सुत्केरी बिदाको व्यवस्था शिशु जन्मिएर मृत्यु भएको अवस्थाका महिलाले समेत पाउनुपर्ने उल्लेख गरिएको छ। श्रीमती सुत्केरी हुँदा श्रीमान्‌ले भने १५ दिन सुत्केरी स्याहार बिदा पाउने व्यवस्था हुनुपर्ने विधेयकमा उल्लेख गरिएको डा. चौधरी बताउनुहुन्छ।



# दैनिक १ सय २ अभियुक्त पक्रन्छ प्रहरी

**नेपाल समाचारपत्र**

काठमाडौं

दैशैभरबाट दैनिक १ सय २ जना विभिन्न अपराधमा संलग्न रहेका अभियुक्तलाई प्रहरीले पक्राउ गर्ने गरेको छ। प्रहरी प्रधान कार्यालयका अनुसार जघन्य अपराधमा संलग्न रहेका १ सय २ जना दैनिक पक्राउ पर्ने गरेका छन्। यसरी हेर्दा गत वैशाखदेखि साउन मसान्तसम्म प्रहरीले १२ हजार ३ सय १ जनालाई पक्राउ गरेको छ।

जघन्य अपराध भन्नाले मानव बेचविखन, जबरजस्ती करणी, हातहतियार खरखजना, हत्या, बलात्कार, तस्करीलगायत पर्दछन्। जघन्य अपराधमा संलग्न अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको प्रहरीले जनाएको छ।

यसैबीच, प्रहरीले पछिल्लो ४ महिनामा २ हजार २ सय किलो लागूऔषध बरामद गरेको जनाएको छ। प्रहरीले २ हजार २ सय ७३ किलो लागूऔषध बरामद गरेको हो। जसअन्तर्गत, १ हजार ९ सय १९ किलो गाँजा, ३ सय ४० किलो चरेस बरामद गरेको छ। यस्तै १ किलो ९ सय ग्राम हिरोइन, ११ किलो ९ सय १३ ग्राम अफिम बरामद गरिएको प्रहरीको तथ्यांकले देखाएको छ। प्रहरीले सोही अवधिमा १ सय ३ थान अवैध हातहतियार बरामद गरेको छ।

> प्रहरीका अनुसार विप्लव नेतृत्वको नेकपा र सिके राउत समूहका १ सय ५८ जना पक्राउ परेका छन्। पछिल्लो ४ महिनाको अवधिमा ६ लाख ११ हजार ३ सय ६ रुपियाँ राजस्व संकलन भएको छ।

यसैगरी विभिन्न प्रकारका १ सय ६९ थान गोली बरामद गरेको प्रहरीको तथ्यांकले देखाएको छ। १४ जना अभियुक्तविरुद्ध रेड नोटिस जारी गरिएको छ भने ३ जनाविरुद्ध डिफ्युसन नोटिस जारी भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। विभिन्न भन्सार नाकाबाट ११ करोड १५ लाख ५२ हजार ६ सय ३० रुपियाँबराबरका विभिन्न सामग्री बरामद गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार विप्लव नेतृत्वको नेकपा र सिके राउत समूहका १ सय ५८ जना पक्राउ परेका छन्। पछिल्लो ४ महिनाको अवधिमा ६ लाख ११ हजार ३ सय ६ रुपियाँ राजस्व संकलन भएको छ। प्रहरी प्रधान कार्यालयले २४ हजार ६ सय १३ जनालाई सरुवा र २ हजार १ सय ८१ जनालाई बढुवा गरेको पनि जनाएको छ।

यस्तै ३ वटा प्रदेशमा रिफ्रेसिङ सन्टरको स्थापना गरिएको छ। रिफ्रेसिङ सेन्टर स्थापनाका लागि प्रत्येक प्रदेशमा ४ लाख ५० हजार रुपियाँका दरले रकम निकासा भइसकेको पनि प्रधान कार्यालयले जनाएको छ।

## पत्रकारलाई नियन्त्रणमा लिएकोमा युनियनको आपत्ति

काठमाडौं, (नेस)

प्रेस युनियनले खोजतलास साप्ताहिक तथा खोजतलास डटकमका प्रधानसम्पादक राजु बस्नेतलाई समाचार प्रकाशित गरेकै आधारमा प्रहरीले नियन्त्रणमा लिएकोप्रति आपत्ति जनाएको छ। सञ्चारकर्मी बस्नेतलाई पक्राउ गरिएको भन्दै युनियनले निन्दा गरेको हो।

युनियनका महासचिव अजयबाबु शिवाकोटीले एक विज्ञप्ति जारी गर्दै घटनाको सत्यतथ्य छानबिन गरी पक्राउ परेका सञ्चारकर्मी बस्नेतलाई बिनाशर्त रिहाइ गर्न माग गर्नुभएको छ।

प्रहरीले विद्युतीय कारोबार ऐनअन्तर्गत अनुसन्धान गर्ने भनी काठमाडौं जिल्ला अदालतबाट २०७५ भदौ २४ गते पक्राउ पुर्जीका लागि आदेश लिएर पक्राउ गरी मुद्दा चलाउने तयारी गरेको बताइएको छ।

सूचना विभागमा दर्ता भई प्रेस काउन्सिलमा सूचीकृत भएका कुनै पनि समाचार संस्थालाई समाचार प्रकाशन र प्रसारण गरेकै आधारमा विद्युतीय कारोबार ऐनअन्तर्गत मुद्दा लगाउने मान्यताविरुद्ध एवं सो ऐनमा आकर्षित नै नहुने विषयमा राज्यसत्ताको चरम दुरूपयोग गरी पत्रकारलाई अनावश्यक दु:ख दिएको भन्दै विज्ञप्तिमा भनिएको छ- 'धरपकड गर्ने पूर्वाग्रही सोच र मनसायअनुसार पत्रकार बस्नेतलाई पक्राउ गरिएको घटनाप्रति नेपाल प्रेस युनियनको गम्भीर ध्यानाकर्षण भएको छ।'

## ज्याठामा भीषण आगलागी, ७ घाइते

**नेपाल समाचारपत्र**

काठमाडौं

पानी तान्ने मोटरबाट बिजुली सर्ट भई आगलागी हुँदा लाखौं रुपियाँबराबरको धनमाल क्षति भएको छ। ज्याठास्थित सुमन स्थापितको घरमा पानी तान्ने मोटर चलाउने क्रममा अचानक विद्युत् सर्ट भई आगलागी भएको थियो। आगलागीलगत्तै स्थापितको घरमा रहेका ट्रेकिङ एजेन्सीका अक्सिजन सिलिन्डर पड्किएर वरपरको घरमा आगो सल्किएको थियो। आगलागीबाट स्थापित, कल्पना तुलाधर, दिनेश श्रेष्ठ र लक्ष्मी श्रेष्ठको घरमा क्षति पुगेको छ।

आगालगीबाट स्थापितलगायत ४ जना घाइते भएका थिए। विद्युत् सर्ट भएर सिलिन्डर पड्कन थालेको जानकारी गराउँदै काठमाडौं महानगरपालिका आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख किशोर भट्टराईले आगलागीबाट लाखौं रुपियाँबराबरको क्षति भएको बताउनुभयो। अक्सिजनका करिब ८५ वटा सिलिन्डर कामै नलाग्ने भएको छ। '४ वटै घरमा क्षति पुगेको छ' -उहाँले भन्नुभयो।

बिहान करिब ४ बजे पानी तान्ने मोटर जोड्ने क्रममा निस्किएको आगोको झिल्का हावामा फैलिएको प्रज्ज्वलनशील ग्यासमा आगो बल्न थालेको थियो। सिलिन्डर विस्फोट भएलगत्तै स्थापितको २ तलाका एकातर्फका पर्खाल भत्किएका थिए। घटनामा ७ जना घाइते भएका थिए। घाइतेमध्ये सुमन स्थापितसहित अन्य ४ जनाको राष्ट्रिय ट्रमा सेन्टरको आकस्मिक कक्षमा उपचार भइरहेको छ। भने अन्य ३ जना सामान्य उपचारपछि घर फर्किएका छन्।

मंगलबार भएको आगलागीबाट भएको क्षति बुझ्न महानगरका मेयर विद्यासुन्दर शाक्य घटनास्थल पुग्नुभएको थियो। मेयर शाक्यले घटनास्थलको समेत अवलोकन गर्नुभएको थियो। उहाँले घटनाको विवरण र तथ्य संकलन गरेर पीडितलाई सहयोग गर्ने बताउनुभयो।

घरधनी स्थापित विस्फोटमा परेका हुन् भने अन्य स्थानीय झ्यालबाट हाम फाल्ने क्रममा घाइते भएका थिए। घाइते सबैको अवस्था खतरामुक्त रहेको भट्टराईले जानकारी दिनुभयो।

## राष्ट्रिय नाइ संघ कालिमाटी एकाइमा ठाकुर

काठमाडौं, (नेस)

नेपाल राष्ट्रिय नाइ संघको कालिमाटी एकाइको अध्यक्षमा रमेश ठाकुर निर्विरोध निर्वाचित हुनुभएको छ। सोमबार सम्पन्न अधिवेशनले सचिव र सहसचिवमा क्रमश: अशोक ठाकुर र रामप्रसाद ठाकुर निर्वाचित हुनुभएको छ।

कार्य समितिको उपाध्यक्ष र कोषाध्यक्ष कार्यसमितिले छनोट गर्ने व्यवस्था छ। कार्यसमिति सदस्यमा मोहम्मद नुर हल, कामेश्वर ठाकुर, बलिन्द्र ठाकुर, मोहम्मद अफताव आलम, भरत ठाकुर, नारायण ठाकुर, उपेन्द्र ठाकुर, वचन ठाकुर र गणेश ठाकुर रहेका छन्।

## पुसपछि जोशी प्रधानन्यायाधीशमा सिफारिस हुन सक्ने

प्रशान्त वली, काठमाडौं।

प्रधानन्यायाधीशमा अस्वीकृत दीपकराज जोशीको न्यायाधीश पद नगुम्ने कानुन सम्बद्ध सरोकारवालाले बताएका छन्। शैक्षिक प्रमाणपत्र विवादमा तानिएपछि प्रधानन्यायाधीशमा सिफारिस जोशीलाई गत साउन १८ गते संसदीय सुनुवाइ समितिले अस्वीकृत गर्ने निर्णय गरेको थियो। अयोग्य ठहर गर्नका लागि पर्याप्त प्रमाण नभएको र छानबिन समिति पनि गठन नै नभएकाले जोशी दोषी नभएको सरोकारवालाले जिकीर गरेका छन्।

जोशीलाई शंकाको भरमा शैक्षिक प्रमाणपत्रमा विवादित बनाइएको भन्दै छानबिन नै नगरी कसरी अयोग्य हुन्छ भन्दै पूर्वन्यायाधीश बलराम केसीले प्रश्न गर्नुभयो। पूर्वन्यायाधीश केसी भन्नुहुन्छ- 'प्रधानन्यायाधीशमा अस्वीकृत हुँदैमा जोशीजीको न्यायाधीश पद जाँदैन। बरू ४ महिनापछि फेरि वरिष्ठतम न्यायाधीशकै आधारमा संवैधानिक परिषद्ले जोशीलाई प्रधानन्यायाधीशमा सिफारिस गर्नुपर्छ।'

पूर्वकानुनमन्त्री शेरबहादुर तामाङले प्रधानन्यायाधीश पदमा अस्वीकृत हुँदैमा न्यायाधीश पद नजाने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो- 'न्यायाधीश हुन त रोकिएन, तर उहाँले पद बहाली नगर्दा नै राम्रो।'

आफूभन्दा कनिष्ट न्यायाधीश प्रधानन्यायाधीश भइसकेको र संसदीय सुनुवाइ समितिबाट प्रधानन्यायाधीशका लागि नाम अस्वीकृत भइसकेको अवस्थामा जोशीले राजीनामा दिनु सहज विकल्प रहेको उहाँले बताउनुभयो।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले न्यायपालिका र व्यक्तिको मर्यादा सोचेर वरिष्ठ न्यायाधीश जोशीले स्वयं मूल्यांकन गर्नुपर्ने बताउनुभयो। उहाँ भन्नुहुन्छ- 'न्यायपालिकाप्रतिको जनआस्था जोगाउनुपर्छ। जोशीजीले पदबहाली गर्ने वा पुन: न्यायपालिकामा फर्किने कुरा उहाँ आफैंले मूल्यांकन गर्नुपर्ने हो।'

संसदीय सुनुवाइ समितिकी सदस्य पार्वती गुरुङले प्रधानन्यायाधीश पदमा जोशीलाई अस्वीकृत गरिएको भन्दै न्यायाधीश पदमा अस्वीकृत नगरेको बताउनुभयो। शैक्षिक प्रमाणपत्रमा विवादित देखिएपछि फेरि न्यायाधीश पदमा बहाली हुन मिल्छ भन्ने जिज्ञासामा उहाँले भन्नुभयो- 'उहाँको नैतिकताको कुरा हो। उहाँको व्यक्तिगत विषयमा के भनौं र ?'

यस्तै प्रधानन्यायाधीशमा अस्वीकृत भएर लामो समय बिदा बसेर मंगलबारदेखि काममा फर्कनुभएका वरिष्ठ न्यायाधीश जोशीको पेसी तोकिएन।

## प्रजनन स्वास्थ्यसम्बन्धी विधेयकले कानुनी मान्यता पाउने

**नेपाल समाचारपत्र**

काठमाडौं

स्वास्थ्य सचिव डा. पुष्पा चौधरीले प्रजनन स्वास्थ्यसम्बन्धी विधेयकले अन्तिम मान्यता पाउने जानकारी दिनुभएको छ

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएपछि असोज ३ गतेदेखि यसले कानुनी मान्यता पाउने पनि उहाँले जानकारी दिनुभयो।

१० वर्षदेखि थन्किएर बसेको उक्त कानुन मन्त्रिपरिषद् हुँदै संसद् सचिवालयमा दर्ता गरी सोमबार कार्यान्वयनको अन्तिम चरणमा पुगेको डा. चौधरीले जानकारी दिनुभयो।

विधेयक पारित भएपछि प्रजनन अधिकारको सुरक्षाका लागि कानुनी मान्यता पाएको हो। संविधानले प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गरेको र सोहीअनुरूप तयार पारेको विधेयक कपी उपप्रधान एंव स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले संघीय संसद्समक्ष पेस गर्नुभएको थियो।

पेस गरिएको विधेयकमा प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको बच्चाको अभिलेख राख्नुका साथै स्वास्थ्य संस्थाले शिशुको बाबु वा आमाको नाम राखी शिशु जन्मेको प्रमाणपत्र दिनुपर्ने उल्लेख गरिएको छ। यस्तो अवस्थामा बाबुको पहिचान हुन नसकेको वा उल्लेख गर्न नचाहेको अवस्थाको व्यहोरा खुलाई आमाको नाम राखी शिशु जन्मेको प्रमाणपत्र दिनुपर्नेछ।

> कुनै गर्भवती महिलालाई उपदफा १ बमोजिमको बिदा अपुग हुने भएमा स्वास्थ्यकर्मीको परामर्शबमोजिम थप १ महिना तलबसहितको प्रसूति बिदा पाउने अधिकार हुने

अस्पताल सेवामा पुगेका गर्भवती महिला वा नवजात शिशुको स्पष्ट अभिलेख राख्नसमेत उक्त विधेयकमा जोड दिइएको छ। यदि आमा या शिशुको मृत्यु भएको छ भने पनि अभिलेखमा स्पष्ट उल्लेख हुनुपर्ने व्यवस्था रहेको छ।

प्रसूति बिदाको अधिकारअनुसार सरकारी, गैरसरकारी वा निजी क्षेत्र, विभिन्न संघसंस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुअघि वा पछि कम्तीमा ९८ दिनसम्म तलबसहितको प्रसूति बिदा पाउने अधिकारको व्यवस्था गरिएको छ।

कुनै गर्भवती महिलालाई उपदफा १ बमोजिमको बिदा अपुग हुने भएमा स्वास्थ्यकर्मीको परामर्शबमोजिम थप १ महिना तलबसहितको प्रसूति बिदा पाउने अधिकार हुने र अझ आवश्यक परे १ बर्ष बेतलवी बिदासमेत पाउने अधिकार हुनेछ।

यसका साथै सुत्केरी महिलालाई शिशु जन्मेको २ वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

सुत्केरी बिदाको व्यवस्था शिशु जन्मिएर मृत्यु भएको अवस्थाका महिलाले समेत पाउनुपर्ने उल्लेख गरिएको छ। श्रीमती सुत्केरी हुँदा श्रीमान्‌ले भने १५ दिन सुत्केरी स्याहार बिदा पाउने व्यवस्था हुनुपर्ने विधेयकमा उल्लेख गरिएको डा. चौधरी बताउनुहुन्छ।

## पत्रकार त्रिपाठीको संयोजकत्वमा कार्यदल गठन

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले मुलुकी अपराध (संहिता) ऐन-२०७४ को सम्बन्धमा सुझाव पेस गर्न पत्रकार देवप्रकाश त्रिपाठीको संयोजकत्वमा सुझाव कार्यदल गठन गरेको छ।

सदस्यमा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष तीर्थ कोइराला, मिडिया सोसाइटी नेपालका अध्यक्ष शुभशंकर कँडेल, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालका अध्यक्ष चन्द्र न्यौपाने र सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडा रहनुभएको छ।

अन्य सदस्यमा अनलाइन सञ्चारमाध्यमका तर्फबाट पूर्ण बस्नेत, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झा, प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत, नेपाल प्रेस युनियनका अध्यक्ष बद्रि सिग्देल, प्रेस सेन्टर नेपालका अध्यक्ष महेश्वर दाहाल, सञ्चारिका समूहकी अध्यक्ष निर्मला शर्मा, नेपाल आदिवासी जनजाति पत्रकार महासंघका अध्यक्ष डन्ड गुरुङ, पत्रकार टीकाराम राई र डा. राजेश अहिराज हुनुहुन्छ।

कार्यदलको समयावधि कार्य शुरू भएको मितिले ४५ दिन रहेको मन्त्रालयका सहायक प्रवक्ता मुकुन्द शर्माद्वारा मंगलबार जारी प्रेस विज्ञप्तिमा जनाइएको छ। गत वर्ष व्यवस्थापिका संसद्बाट पारित भई यही २०७५ साल भदौ १ गतेदेखि लागू भएको उक्त संहिताको विरोध गर्दै महासंघले आन्दोलन शुरू गरेको छ ।

उक्त विज्ञप्तिमा नयाँ मुलुकी ऐनलगायतका कानुनी दस्तावेजमा उल्लेखित प्रावधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा असर परेको भए विकल्पमा राखिनुपर्ने कानुनी प्रावधानसहित सुझाव प्रतिवेदन पेस गर्न आग्रह गरिएको छ।

### सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शत्रु विजय, खेलकुद, परीक्षा, मुद्दामामिला आदिमा सफलता।
**वृष** : धन-सम्पत्ति प्राप्ति, कार्यसिद्धि, सन्तान-सुख, विविध लाभ।
**मिथुन** : दिनचर्या अस्तव्यस्त, अपच, दौडधुप, विवाद, चिन्ता।
**कर्कट** : मान-सम्मान, उन्नति-प्रगति हुने, द्रव्य लाभ हुनेछ।
**सिंह** : प्रसन्नता, सुख-सन्तोष, धनलाभ, उपलब्धिमूलक लगानी हुनेछ।
**कन्या** : कोसेली, पुरस्कार, धन प्राप्ति, कार्य सफल, मिष्ठान्न भोजन।
**तुला** : चोटपटकको सम्भावना, अस्वस्थता, इष्टमित्रसँग विवाद।
**वृश्चिक** : वस्तु वा सेवाको प्राप्ति, मिष्ठान्न भोजन, पैसा हात पर्ने।
**धनु** : कार्यसिद्धि, निरोगिता, सुख-सन्तोष, दिमाग स्वच्छ हुनेछ।
**मकर** : राजनीति एवम् व्यापारमा सफलता, ऐश्वर्य वृद्धि, कार्य सफल।
**कुम्भ** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धन हानि, कष्ट।
**मीन** : सम्पत्ति प्राप्ति, समस्या समाधान, पढाइ-लेखाइमा सफलता।



# प्रदेश-३



'हात राम्रोसँग धुन, पानी उमालेर मात्रै खान, सागसब्जी पखालेर मात्रै खान, गेडागुडी केही समय नखान, सलाद धेरै खान, खाना बार्न, माछा मासु नखान भनेका छौं' -अस्पतालकी डा. एन्जला बस्नेतले भनिन् ।

## नगरप्रमुखको मनोमानीविरुद्ध पत्रकार सम्मेलन

सीताराम अधिकारी, धादिङ

जिल्ला सदरमुकाम रहेको नीलकण्ठ नगरपालिकाका प्रमुख भीमप्रसाद ढुंगानाले मनोमानी ढंगले एकलौटीरूपमा काम गरेको आरोपमा उपप्रमुख मनराज भण्डारीले मंगलबार पत्रकार सम्मेलन गरी अनियमितता हेरेर बस्न नसक्ने बताउनुभयो।

नगरप्रमुख भीमप्रसाद ढुंगानाले एकलौटीरूपमा निर्णय गर्ने र योजना कुनै निर्णयबिना नै लागू गर्न थालेपछि आफूहरू जनताको प्रतिनिधि भएकाले जनताका लागि आवाज उठाएको पत्रकार सम्मेलनमा बताउनुभयो।

नेपाली कांग्रेसको टिकट लिएर विजयी भएका नगरप्रमुख ढुंगानाले पटक-पटक नगर कार्यपालिकाका सदस्यलाई बाइपास गरेर निर्णय गर्ने र योजनासमेत तोकआदेशको भरमा लागू गर्न थालेपछि रुष्ट बनेका वडाध्यक्षसमेत उपप्रमुख भण्डारीको पक्षमा देखिएका छन्।

नगरप्रमुख ढुंगानाले नेकपा माओवादी र नेकपा एमाले पक्षधरले जितेका वडामा योजनासमेत नगरप्रमुखले तोकआदेशको भरमा बनाउने र वडालाई बाइपास गरेर योजनासमेत सम्पन्न गर्ने गरेको वडाध्यक्षको आरोप छ।

नीलकण्ठ नगरपालिका वडा नं. १२ को विन्दुकेशरी वृद्धाश्रमको ५ लाख, वडा नं. २ को केराबारी सडकमा ५ लाख, चिसापानी खानेपानी ८० हजार, वडा नं ११ को विष्टगाउँ भँगेरी सडक १ लाख रुपियाँ पार्टी कार्यकर्तामार्फत काम गराई वडामा समेत जानकारी नदिई योजनासमेत फरफारक गरिएको छ। यस किसिमका धेरै योजना तोकआदेशले नगर कार्यपालिकामा



समेत निर्णय नगरी काम गरेको आरोप लगाउँदै पत्रकार सम्मेलनमा जनताको काम गर्न आफू सधैं प्रतिबद्ध रहेको बताउनुभयो।

वडामा सञ्चालित योजना असार ११ र १२ गते सम्पन्न नगरसभामा नगरप्रमुख ढुंगानाले ३३ वटा निर्णय आफूखुसी लेखी रातो किताबमा समेत प्रकाशन गरेपछि नीलकण्ठ नगरपालिकाभित्र अनियमितरूपमा नीतिविपरीत काम भएका भन्दै कार्यपालिकाका १० जना सदस्यले कडा आपत्ति जनाएर पत्रकार सम्मेलन गरेका हुन्। नगरसभामामा निर्णय हुनका लागि वडा तहमा छलफल भई आएका विषयलाई नगर कार्यपालिको बैठकमा छलफल गरेरमात्र नगरसभामा लै जानुपर्ने प्रावधान भए पनि नगरप्रमुख आफैंले जबरजस्ती ३३ वटा निर्णय गराएको उपप्रमुख भण्डारीले पत्रकार सम्मेलनमा बताउनुभयो।

नगर कार्यपालिकाको बैठकको विषयमाथि छलफल नै नगर बैठक स्थगित भएको साउन ३० गतेको बैठकमा निर्णयसमेत गरी नगरप्रमुखले माइनुट प्रमाणित गरेको खबर पाएपछि बैठकको निर्णयप्रति असहमतिसमेत राख्न नदिई आफूहरूलाई लोकतान्त्रिक अभ्यास गर्न नदिएको असन्तुष्ट वडाध्यक्षको भनाइ छ।

स्थानीय सरकार सञ्चालन ऐनमा नगरकार्यपालिका बैठकको माइनुट प्रमाणित गर्न नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको भए पनि नियमविपरीत नगरप्रमुखले नगरपालिकाको माइनुट प्रमाणित गर्दै आएका छन्।

नगरपालिकाको कुनै पनि वडामा सञ्चालन गरिएका योजनाको सम्झौताको सिफारिस र कार्य सम्पन्न सिफरिस वडा कार्यालयले दिनुपर्नेमा नगरप्रमुख ढुंगाना आफैंले योजना फरफारक गर्नका लागि नगरपालिकाले आफैं वडालाई जानकारीबिना नै योजनासमेत सञ्चालन हुने गरेको छ।

नगर कार्यपालिकाको बैठकमा वडाध्यक्ष सहभागी भएपछि छलफलका विषय माग गर्दा पहिले बैठकको माइनुटमा सही गरेपछि मात्र छलफलका विषय जानकारी दिने र छलफलका विषयमात्र माइनुट गर्नुपर्ने अडान राख्दा बैठक छाडेर बाहिर जानसमेत धम्की दिनेगरेको वडाध्यक्ष उद्धव रिजालले बताउनुभयो।

शिक्षा ऐनविपरीत २५ विद्यालयमा व्यवस्थापन समिति गठनका लागि नगरप्रमुखले एकलौटीरूपमा विद्यालयभन्दा असम्बन्धितलाई नियुक्त गरेको, तारजालीसमेत वितरण गर्दा २ वटा वडामा मात्र वितरण गर्ने निर्णय गरेको बाँकी आवश्यकताअनुसार भनी नगरप्रमुखले मनोमानी गर्न लागेको, कर्मचारी पदपूर्ति गर्दा पदपूर्ति समिति गठन गर्दा प्रक्रिया नपुर्‍याएको, नगरप्रमुख विदेश भ्रमणमा जाँदा समेत उपप्रमुखलाई कार्यबाहकको रूपमा जिम्मेवारी नदिएको असन्तुष्ट वडाध्यक्षले आरोप लगाएका छन्।

नगरप्रमुख ढुंगाना नेपाली कांग्रेसको तर्फबाट टिकट लिएर विजयी भएका हुन् भने उपप्रमुख भण्डारी तत्कालीन एनेकपा माओवादीको तर्फबाट टिकट पाएर विजयी भएका हुन्। १४ वटा वडा रहेको नीलकण्ठ नगरपालिकामा ८ वडा नेकपा समर्थकले विजय हासिल गरेको छ भने ६ वडामा नेपाली कांग्रेस समर्थकले विजय हासिल गरेका छन्। कार्यपालिकामा नगरप्रमुख ढुंगानाको बहुमत भएकाले एकलौटी निर्णय गर्ने गरेको आरोप उपप्रमुख भण्डारीको छ।

## 'साल्मोनेला' ले गरायो फुड पोइजन
### एकै पटक ४९ डिस्चार्ज

मोतीराम तिमल्सिना, काभ्रे

शुक्रबार ग्रामीण स्वाबलम्वन बहुउद्देश्यीय सहकारी पाँचखाल नगरपालिका-१२ ले आयोजना गरेको तीज कार्यक्रममा भोज खाएका अधिकांश व्यक्ति बिरामी भएर अस्पताल भर्ना हुनुपर्ने कारण फोहोर पानीको प्रयोग देखिएको छ।

बनेपामा रहेको शिर मेमोरियल अस्पतालका प्रमुख चिकित्सक डा. एन्जला बस्नेतले बिरामीको दिसा जाँच गर्दा पानीमार्फत हुने किटाणु 'साल्मोनेला' फेला परेको बताइन्। 'हाम्रो अस्पतालमा शनिबारदेखि मंगलबारसम्ममा ९७ जना बिरामी भर्ना भएका छन्', बस्नेतले भनिन्- 'हिजोसम्ममा ६२ जना डिस्चार्ज हुनु भएको छ।' सबै बिरामीको दिसा, पिसाब, खकार जाँच गर्दा पानीका कारण हुने दिसामा पाइने किटाणु साल्मोनेला फेला परेको छ। मंगलबार पनि एक पटक उपचार गरेर फर्केका ५ बिरामी भर्ना भएको अस्पताल प्रशासनका प्रमुख सुन्दर थापाले बताए। अन्यत्र उपचार गरी घर गएका बिरामी पुनः भर्ना हुने क्रम जारी रहेको थापाले बताए।

स्वास्थ्य मन्त्रालयबाट खटिएको टोलीले संकलन गरेको नमुना सामग्रीको परीक्षण भइरहेको डा. समीर अधिकारीले बताए। मंगलबार साँझसम्ममा उक्त घटनाका कारणसहितका रिपोर्ट सार्वजनिक हुने अधिकारीले बताए। पाँचखालमा भोज खाएका झन्डै ७ सयमध्ये अधिकांश बिरामी परेका थिए। बिरामीलाई



जिल्लाका विभिन्न अस्पतालमा उपचार गराइएको थियो। अझै अस्पतालमा १ सयभन्दा धेरै बिरामीले उपचार गराइरहेका छन्। सहकारीले नमोबुद्ध-३ साविक मेथिन्कोट, पाँचखाल नगरपालिका ७, ८, ९, १०, ११, १२ र १३ वडाका होक्से, खरेलथोक, बालुवा, कोशीदेखालगायतका क्षेत्रमा सेवा प्रदान गरिरहेको छ।

अस्पतालले विपद्मा उपलब्ध गराएको स्वास्थ्य सेवाले प्रभावित भएको सांसद गोमा भुर्तेलले बताइन्। उक्त कार्यक्रमको प्रमुख अतिथि भुर्तेल नै थिइन्। प्रमुख अतिथि भुर्तेलसहित संस्थाका अध्यक्ष भैरव सेढाई पनि बिरामी भएर धुलिखेल अस्पतालमा उपचार गराइरहेका छन्। अस्पतालले बिरामीलाई पानीमा भएको संक्रमणका कारण फुड पोइजन भएकाले सफा पारेर हात धोएर मात्र खाना खान सल्लाह दिएको छ। 'हात राम्रोसँग धुन, पानी उमालेर मात्रै खान, सागसब्जी पखालेर मात्रै खान, गेडागुडी केही समय नखान, सलाद धेरै खान, खाना बार्न, माछा मासु नखान भनेका छौं', अस्पतालकी डा. एन्जला बस्नेतले भनिन्- 'तीजको अवसरमा शरीरलाई नै असर पर्ने गरी व्रत पनि नबस्नुस्।'

बिरामी पवित्रा भुर्तेलले सकारात्मक सन्देश दिन आयोजना गरिएको कार्यक्रममा भएको विपद्लाई गलत अर्थमा नबुझ्न र दरकै बदनाम नगर्न आग्रह गरिन्। 'हामी दर खाएर होइन, फोहोर पानीको प्रयोगले बिरामी भएका हौं' -उनले भनिन्। उक्त दिन भोज पकाउँदा इनारको फोहोर पानी प्रयोग गरिएको थियो। सहभागीहरूले फोहोर पानी पिउँदा किटाणु पेटमा गई फुड पोइजन गराएको डाक्टरहरूले बताएका छन्। एकै पटक ४९ जना बिरामी डिस्चार्ज भएपछि पाँचखाल नगरपालिकाले विद्यालयको बस उपलब्ध गराई बिरामीलाई घर-घरमा पुर्‍याएको थियो।

## जबरजस्ती करणीको आरोपमा एक पक्राउ

नुवाकोट, (नेस)

जिल्ला प्रहरी कार्यालय नुवाकोटले जबरजस्ती करणी गरेको आरोपमा तादी गाउँपालिका वडा नं १ का लक्षो भनिने विनोद तामाङलाई पक्राउ गरेको छ ।

तामाङले गत असार २७ गते तादी गाउँपालिका वडा नं १ की लक्ष्मी (नाम परिवर्तन) लाई घरमा कोही नभएको मौकामा जबरजस्ती करणी गरेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी निरीक्षिक वसन्तबहादुर कुँवरले बताउनुभयो। तामाङलाई नुवाकोटबाट खटिएको प्रहरीले काठमाडौंको भृकुटीमण्डपबाट आइतबार पक्राउ गरेको हो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

## समाजवादको पहिलो आधार सहकारी

नेपाल समाचारपत्र

काभ्रे

गृहमन्त्री रामबहादुर थापाले सहकारी आन्दोलनको लक्ष्य राष्ट्रको विकास र समृद्धि भएको बताएका छन्। जिल्ला सहकारी संघ लिमिटेड काभ्रेको ५१औं स्थापना दिवस तथा ३७औं वार्षिक साधारणसभाको उद्घाटनसभामा बोल्दै गृहमन्त्री थापाले उक्त कुरा बताएका हुन्।

'विकास र समृद्धि भनेकै समाजवाद हो', गृहमन्त्री थापाले भने- 'समाजवाद निर्माणका लागि आर्थिकलगायतका विविध रूप निर्माण गरिनुपर्छ। सहकारी त्यसको एउटा रूप हो।' सबैको विकास र समृद्धि नै समाजवाद भएको बताउँदै थापाले सहकारीको माध्यमबाट मात्रै समाजवादमा पुग्न सकिने स्पष्ट पारे। सहकारी स्थापनाको मुख्य उद्देश्य सानो-सानो पूँजी संकलन गरी ठूलो पूँजी निर्माण गर्ने र त्यही पूँजी उत्पादनमार्फत समृद्धि निर्माण गर्ने गृहमन्त्री थापाले बताए। सहकारी आन्दोलन र अभियान निरन्तर भइरहेकाले मुलुकले खोजेको समृद्धि सहकारीबाट मात्रै सम्भव भएको गृहमन्त्री थापाले भने।

कार्यक्रमपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै गृहमन्त्री थापाले कञ्चनपुर घटनामा छानबिन गर्न गठन गरेको समितिबाट राजीनामा दिएको विषयले गम्भीर बनाएको बताए। सरकार निष्पक्ष छानबिनका लागि प्रतिबद्ध रहेको उनले बताए। सोही अवसरमा सरकार फेरबदलका बारेमा आएका हल्लामा सत्यता नभएको गृहमन्त्री थापाले बताए। प्रधानमन्त्री केपी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहालबीच सरकार परिवर्तन नगर्ने निर्णय भएको उनले बताए।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका केन्द्रीय अध्यक्ष केशव बडाललाई गृहमन्त्री थापाले सम्मान गरेका थिए। सहकारी आन्दोलनका अगुवा बडाललाई जिल्ला सहकारी संघले सम्मान गरेको हो। साधारणसभाको अवसरमा काभ्रे सहकारी स्वर्ण वर्ष पुस्तक तथा जुइनो स्मारिका विमोचन गरिएको थियो।

## मुख्यमन्त्रीद्वारा कारागार अनुगमन
# 'विचौलियाका कारण कारागारभित्र समस्या'

नेपाल समाचारपत्र

हेटौंडा

३ नम्बर प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले मकवानपुरको भीमफेंदीमा रहेको कारागारको निरीक्षण गर्नुभएको छ। मंगलबार कारागार पुगेर मुख्यमन्त्री पौडेलले कारागारको अवस्थाबारे जानकारी लिनुभएको थियो।

कारागारमा देखिएका समस्या निराकरण गरिने मुख्यमन्त्री पौडेलले बताउनुभयो। विचौलियाका कारण कारागारभित्र समस्या देखिएको भन्दै मुख्यमन्त्री पौडेलले यसको समाधानका लागि कारागारबाट सोझै सामान खरिद गर्ने व्यवस्था मिलाउन कारागार प्रशासनलाई निर्देशन दिनुभयो।

कारागारमा विद्यालय स्थापनाका लागि प्रदेश सरकारले एक जना शिक्षकलाई तलब व्यवस्था गर्ने उहाँले बताउनुभयो। कारागारमा स्थानीय उत्पादन खपत गराउने वातावरण निर्माण गरिने उहाँको भनाइ छ। कारागारमा कैदीबन्दी जीवन बिताइरहेकालाई उत्पादनमा लगाउने उहाँले बताउनुभयो।

आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले असोज १ गतेदेखि कारागार प्रदेशको मातहतमा



आउने तयारी भइरहेको जानकारी दिनुभयो। भीमफेंदी कारागारलाई प्रदेशस्तरीय बनाउन लागिएको उहाँको भनाइ छ।

जेलको 'ख' ब्लकका चौकीदार दीपेन्द्र राई र 'क' ब्लकका चौकीदार डानियल लामाले शौचालयको सेफ्टी ट्यांकी, औषधि उपचार तथा बिरामीको सेवाका लागि समस्या भएको बताउनुभयो।

निरीक्षणका क्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी अश्मान तामाङ, ३ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दीपक थापा, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख रघुनाथ खुलाल, ३ नम्बर प्रदेश सांसद जुनेली श्रेष्ठ, भीमफेंदी गाउँपालिका अध्यक्ष हिदम लामा, उपाध्यक्ष पार्वती राना, जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रमुख प्रहरी उपरीक्षक बुद्धिराज गुरुङलगायत टोलीमा सहभागी रहनुभएको थियो।

## बीपीको विचारमा हिंडे पार्टीको पुनरोत्थान

नेपाल समाचारपत्र

नुवाकोट

बीपीको विचार र सिद्धान्तमा पार्टी हिँडे कांग्रेसको पुनरोत्थान हुने नेपाली कांग्रेसका शीर्षस्थ नेताहरूले बताएका छन्।

कांग्रेसका स्वर्गीय नेता विष्णु आचार्यको ४५औं दिनको पुण्यतिथिको अवसरमा बीपी विचार राष्ट्रिय समाज नुवाकोटको आयोजनामा भएको कार्यक्रममा नेताहरूले उक्त धारणा व्यक्त गरेका हुन्। कार्यक्रममा मन्तव्य राख्दै बीपी विचार समाजका केन्द्रीय अध्यक्ष तथा नेपाली कांग्रेसका नेता कुलबहादुर गुरुङले विष्णु आचार्यको निधनले नेपाली कांग्रेसले प्रजातन्त्रको असली सिपाही गुमाएको बताए। गुरुङले स्वर्गीय आचार्यले हिँडेको बाटोमा सबैले हिँडेमा उनीप्रति सच्चा न्याय हुने बताए।

फरक प्रसंगमा बीपी विचार समाजका केन्द्रीय अध्यक्ष गुरुङले सिद्धान्त र पार्टीको नीतिभन्दा बाहिर जानु नै कांग्रेसको चुनावमा पराजयको कारण भएको बताए। उनले चितवनमा माओवादी केन्द्रकी मेयर रेणु दाहाललाई पार्टीका अध्यक्षले भोट हाल्न आह्वान गर्नु दुर्भाग्य भएको बताए।



त्यस्तै कार्यक्रममा कांग्रेसका अर्का प्रभावशाली नेता गोविन्दराज जोशीले नेपाली कांग्रेसले विष्णु आचार्य र उनीजस्ता नेतालाई सम्मान दिन नजानेको बताए। जोशीले कांग्रेसले देशमा गम्भीर अवस्थामा आएको समयमा महत्त्वपूर्ण भूमिका खेलेको भन्दै अहिले किन पछाडि पर्‍यो त्यसको गम्भीर समीक्षा हुनुपर्ने बताए। नेता जोशीले पार्टीमा सैद्धान्तिक बिचलन आएकाले समस्या भएको बताए। उनले स्थानीय तहले जनतको ढाड सेक्ने गरी कर बढाएकामा समेत आपत्ति व्यक्त गरे। त्यस्तै कार्यक्रममा कांग्रेसका अर्का नेता विनयध्वज चन्दले पार्टीमा गुटउपगुटमा लागेर पदको लोभ गर्नु उपयुक्त नभएको बताए। उनले बीपीको विचारलाई कार्यान्वयन गर्नुपर्ने भन्दै व्यक्तिको पछाडि लाग्ने मान्छे कांग्रेसको कार्यकर्ता नभएको बताए ।

कार्यक्रममा प्रतिनिधिसभाका सांसद बहादुरसिंह तामाङले स्वर्गीय आचार्यको संगठन बनाउने शैलीबाट आफू प्रभावित भएको बताए। त्यस्तै सो कार्यक्रममा नेपाली कांग्रेस जिल्ला सभापति जगदीश नरसिंह केसीले स्वर्गीय नेता आचार्यले गरेको कामले आफू प्रभावित भएको बताए। कार्यक्रममा जिल्ला समन्वय समिति नुवाकोटकी उपप्रमुख अप्सरा थापा, विदुर नगरपालिका वडा नं ५ का वडाध्यक्ष शिव चित्रकार, नेपाल ट्रेड युनियन नुवाकोटका अध्यक्ष शिव देवकोटालगायतले पार्टीमा भएको गुटउपगुटले पार्टीमा रहेका असल कार्यकर्ताको रक्षा गर्न नसकेको बताएका थिए। कार्यक्रममा कांग्रेस नुवाकोटका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो।

२०७५, भदौ
बुधवार
२७

सत्ता पक्षप्रति कडा प्रतिपाद गर्दै भण्डारीले वर्तमान मन्त्रिपरिषद्को नेतृत्व ठूला कुरा बोल्ने काम सिन्को नभाँच्ने गरी अघि बढेको आरोप लगाएका छन्।

# नेपाल

# ‘पत्रकारिता र मेडिकल क्षेत्र ध्वस्त पारे तानाशाह’

**नेपाल समाचारपत्र**

गुल्मी

नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्र भण्डारीले पत्रकारिता र मेडिकल क्षेत्र ध्वस्त पारे तानाशाह आउने बताएका छन्। मंगलबार नेपाल प्रेस युनियन गुल्मीको ७औं जिल्ला अधिवेशनको तम्घासमा उद्घाटन गर्दै भण्डारीले पत्रकारिता र मेडिकल क्षेत्रलाई ध्वस्त पारे एकलौटी र तानाशाह प्रतिवृत्ति आउने बताएका हुन्।

‘गुल्मीबाट धेरै मन्त्री भएकाले मेडिकल क्षेत्र र पत्रकारिता क्षेत्रलाई छुन हुन्न भन्नूस्’, भण्डारीले पत्रकारलाई भने- ‘मिडियाले सत्यतथ्य भूमिका खेले जीवनमा प्रचार गर्न नसकेका कुराहरू पनि बाहिर ल्याउन सकिन्छ।’ पत्रकारबिना नेता चल्न सक्दैनन् र नेताबिना पत्रकार पनि चल्न सक्दैनन् भन्दै भण्डारीले बताए- ‘हामी राजनीतिकर्मी समाचार उत्पादन गर्छौं र त पत्रकारले समाचार लेख्छन्।’




सत्ता पक्षप्रति खनिएका नेता भण्डारीले पत्रकारमार्फत सरकारका मन्त्रीहरूलाई भने- ‘तपाईंहरूले भनिन्दिनुस्/लेख्निुस् चन्द्र भण्डारीले गुल्मीको कार्यक्रममा चुनौती दियो। हामीहरूको पालामा ल्याएको बजेट ५ वर्षसम्म ल्याउनुहुन्छ भने रिडीमा म फूलमाला लगाउन उभिन्छु भनेर चुनौती दिए भन्नुस्।’ ‘सरकार पक्षका मन्त्रीलाई चुनौती दिए भनेर रिसानहाल्नुस्’, उनले भने- ‘रिसाइहाले बजेट आउँथ्यो कि!’

उनले भने- ‘हाम्रो पालामा जस्तै बजेट अहिलेका मन्त्रीले ५ वर्षसम्म ल्याउनुस् आजीवन सभासद दिन्छौं।’ ‘धनीजति सबै बुटवल जान्छन्’, नेता भण्डारीले भने- ‘धनी पत्रकार पनि बुटवलतिर जान्छन् गरिब जति यहीं बस्नेले नेताहरूको पुच्छर बनेर लेख्नेछन्। नेतृत्वलाई नसच्चाए गरिब तथा गुल्मेलीहरूले पछुताउनुपर्नेछ।’

‘मिडियालाई कुन बाटोमा लैजाने, त्यो हाम्रो दायित्व हो’, उनले भने- ‘नेपालमा नेतृत्व वर्गको कमजोरी अवस्था आयो। राजनीतिदेखि लिएर हरेक क्षेत्रको नेतृत्व कमजोर छ।’ सत्ता पक्षप्रति कडा प्रतिपाद गर्दै भण्डारीले वर्तमान मन्त्रिपरिषद्को नेतृत्व ठूला कुरा बोल्ने काम सिन्को नभाँच्ने गरी अघि बढेको आरोप लगाएका छन्। गुल्मी सदरमुकाम तम्घासमा शुरू भएको अधिवेशन नयाँ नेतृत्व चयन गर्दै सम्पन्न हुँदै छ।

## ट्रकको ठक्करले महिलाको मृत्यु

विराटनगर, (नेस)

विराटनगर बसपार्कनजिकै मंगलबार भएको सवारी दुर्घटनामा १ महिलाको मृत्यु भएको छ। विराटनगरबाट जोगवनीतर्फ गइरहेको कोश्प ३२०० नम्बरको मोटरसाइकलमा पछाडि सवार रंगेली नगरपालिकाकी ३० वर्षीया आंशु अग्रवालको भारतीय ट्रकको ठक्करबाट मृत्यु भएको हो।

दुर्घटनामा सोही मोटरसाइकलमा सवार अन्य २ जना घाइते भएका छन्। घाइते हुनेमा मृतक महिलाका श्रीमान् मनोज अग्रवाल र ६ वर्षीया छोरी अनिशा अग्रवाल रहेको मोरङ प्रहरीले जनाएको छ। घाइते मनोजको विराट नर्सिङ होममा र बालिकाको सप्तकोशी नर्सिङ होममा उपचार भइरहेको जनाइएको छ।

मोटरसाइकललाई ठक्कर दिने एचआर५५एल १४१९ नम्बरको भारतीय मालबाहक ट्रकका चालक भारत अलीगढका ३० वर्षीय कमल सिंहलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## आठ छोरीपछि जन्मेको छोरा
## दरखाने दिनमै गरे आत्महत्या

पर्वत, (नेस)

आठ छोरीपछि जन्मेको छोराले तीजमा दिदीहरूलाई जम्मा गरेर दर खुवाउने कर्तव्य पूरा गर्नुपर्ने हो। तर त्यही दिनमा उनले झुन्डिएर आत्महत्या गरेका छन्।

पर्वतको कुस्मा नगरपालिका-२ का २६ वर्षीय गणेश भन्ने फणिन्द्रराज पौडेलले दरखाने दिन मंगलबार झुन्डिएर आत्महत्या गरेका हुन्।

मृतक पौडेल बिहान घरमा किन ढिला उठ्यो भनेर खोज्ने क्रममा आफ्नै सुत्ने कोठामा झुन्डिएको अवस्थामा फेला परेका थिए। स्नातकोत्तर तहमा अध्ययनरत पौडेल केही समय पहिलेदेखि मानसिक समस्याबाट पीडित थिए। मानिसदेखि डराउने स्वभाव भएका पौडेल श्रीमती माइत गएपछि एक्लै भएको अवस्थामा झुन्डिएका थिए। उनका दुई छोरी छन्।

तीजको दिन घरमा ७ जना दिदीहरू दरखान जम्मा भएका थिए। भाइसँगै दर खाने दिदीबहिनीहरूको योजना शोकमा परिणत भएको गाउँलेले जानकारी दिए। मृतक पौडेलको शव पोस्टमार्टमका लागि पर्वत जिल्ला अस्पतालमा राखिएको छ। प्रारम्भिक अनुसन्धानका क्रममा घटना आत्महत्या जस्तो देखिएको र घटनाका बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए।

## बालश्रमिक घट्दै

रुकुम, (नेस)

रुकुम पश्चिमको मुसिकोटमा बालश्रमिकको संख्या घट्ने क्रममा रहेको छ। बालश्रम न्यूनीकरणका लागि सदरमुकाम आसपासका होटेल, कलकारखाना तथा उद्योगमा गरिने सचेतानमूलक अनुगमनले बालश्रमिकको संख्या विस्तारै घट्न थालेको हो।

जिल्लास्थित बालअधिकारको पक्षमा काम गर्ने विभिन्न सरोकारवाला निकायको सक्रियता र लगातारको अनुगमणले बालश्रमिकको संख्यामा सुधार आएको बताइएको छ। सदरमुकाम मुसिकोटको खलंगा, बागबजार, पातुखोलालगायत बजार क्षेत्रका विभिन्न होटेल-पसल र उद्योगमा बालश्रमिकको संख्या न्यून अवस्थामा रहेको छ। सदरमुकामका झन्डै बीसभन्दा बढी होटेल, पसल तथा उद्योगमा मंगलबार गरिएको एक सचेतनामूलक अनुगमणपछि ३ बालश्रमिक भेटिएका छन्।

१७ वर्षमुनिका ३ बालश्रमिक विभिन्न होटेल तथा उद्योगमा काम गरिरहेको अवस्थामा भेटिएका हुन्। अनुगमनका क्रममा भेटिएका बालश्रमिकलाई बालश्रमका रूपमा प्रयोग नगर्न र उनीहरूको व्यवस्थापनका लागि सञ्चालकलाई समेत आग्रह गरिएको जिल्ला बालअधिकार अधिकृत मानवीर ओलीले बताउनुभयो।

यसअघि रुकुम पश्चिमको मुसिकोटमा बालश्रमिकको संख्या कहाली लाग्दो अवस्थामा रहेको थियो। ५ वर्षपहिले मुसिकोटमा ४१ बालश्रमिक जिल्लाका विभिन्न होटेल तथा उद्योगमा श्रमिकका रूपमा काम गरिरहेको अवस्थामा भेटिएका थिए। तर बालअधिकारको पक्षमा काम गर्ने जिल्लास्थित सरोकारवाला निकायको अनुगमन र सक्रियाताले बालश्रमिकको संख्या घटेको हो।

## कर्मचारीविहीन वडा कार्यालय

**नेपाल समाचारपत्र**

डोटी

वडा कार्यालयमा वडाध्यक्ष नारायण पछेरा मंगलबार असिनपसिन भइरहेका भेटिए। कार्यालयमा सिफारिस लिन आउनेको ओइरो थियो। उनले सेवाग्राहीका सिफारिस फारम भर्नेदेखि दर्ता चलानी र राजस्व काट्ने काम एक्लै भ्याइरहेका थिए। सेवाग्राहीको कामबाट बेफुर्सदिला देखिएका उनलाई बाहिर भने आमा समूह र स्वयंसेविकाहरू स्वास्थ्यसम्बन्धी छलफलका लागि २ घण्टादेखि कुरिरहेका थिए।

‘अब एक्लै कता कता भ्याउने’, निरास देखिएका उनले गुनासो गरे- ‘म कर्मचारी हुँ कि जनप्रतिनिधि हुँ छुट्याउनै गाह्रो भइरहेको छ।’ आदर्श गाउँपालिका-४ महादेवस्थान वडा कार्यालय कर्मचारीविहीन छ। कर्मचारीका नाममा एक निरक्षर एकल महिला कार्यालय सहयोगीका रूपमा छिन्। कर्मचारीविहीन भएपछि वडाध्यक्ष पछेरा कर्मचारी र जनप्रतिनिधिका दुवै काम एक्लै भ्याइरहेका छन्।

एक्लैले काम भ्याउन नसक्दा सेवाग्राहीको गुनासो पनि उनीमाथि थपिँदै गएको छ। त्यसैले आजभोलि उनी रुनु न हाँस्नुको अवस्थामा छन्। साबिकको महादेवस्थान गाविस अहिले आदर्श गाउँपालिकाको वडा नं ३ र ४ बनेको छ। वडा नं. ३ का लागि गाउँपालिकाले सामाजिक परिचालक डिलबहादुर रोकायालाई नियुक्त गरेको छ तर वडा नं. ४ का लागि छैन्। दुवै वडामा जीविकोपार्जनसँग सम्बन्धित विश्वेश्वरप्रसाद कार्यक्रम लागू छ। यद्यपि गाउँपालिकाले सो कार्यक्रमअन्तर्गतका कर्मचारी पनि वडा नं. ३ मै लगेर राखिदिएको छ। स्थानीयले वडालाई कर्मचारीविहीन बनाइँदा केन्द्रको सिंहदरबार गाउँमा आएको अनुभूति पाउन नसकेको आरोप लगाएका छन्।

वडा कार्यालयलाई कर्मचारीविहीन बनाउनुको कारण भने राजनीतिक रहेको स्थानीयबासी बताउँछन्। आदर्शगाउँपालिकामा रहेका ७ वडामध्ये पछेरामात्र कांग्रेसबाट निर्वाचित एक्ला वडाध्यक्ष हुन्। अध्यक्ष, उपाध्यक्षदेखि सबै अन्य पार्टीबाट निर्वाचित जनप्रतिनिधि छन्। ‘एक्लो वडाध्यक्ष भएकाले मेरो रमिता हेर्न वडा कार्यालय कर्मचारिविहीन बनाइदिए’, वडाध्यक्ष पछेराले भने- ‘बिहान १० बजेदेखि ४ बजेसम्म कार्यालय कुरेर सेवाग्राहीको काम गर्छु जनप्रतिनिधिका रूपमा गर्नुपर्ने काम साँझ-बिहान गरिरहेको छु।’

तर गाउँपालिका अध्यक्ष टेकबहादुर रोकाया भने राजनीतिक पूर्वाग्रह गरेको आरोपको खण्डन गर्छन्। उनले कर्मचारी अभाव भएकाले नै सिंगो गाउँपालिकामा काम गर्न कठिनाइ भएको तर्क गरे। प्रत्येक चौमासिकमा गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता ल्याएर उनको हातमा थमाइदिन्छ। उनी कागजात र पैसा बोकेर सामाजिक सुरक्षा भत्ता बाँड्न टोलटोल पस्छन्। घटना पञ्जीकरण गर्न झोलामै सिफारिस फारम, छाप र राजस्व काट्नका लागि बील ठेली सँगै बोकेर हिँड्छन्। ‘वडाध्यक्षको मर्म देखेर साह्रै दया लाग्छ’, स्थानीय हरिना जोशीले भनिन्- ‘अबका ४ वर्षसम्म यही अवस्था हो भने वडाबासीलाई नै असर पर्छ।’

## पाँच लाखमा माने स्थापना

लमजुङ, (नेस)

लमजुङको एउटा गुम्बामा एक समाजसेवी महिलाले ५ लाख रुपियाँको निजी लागतमा माने स्थापना गरिदिएकी छन्। क्व्होलासोथार गाउँपालिका-१ स्थित गिलुङ गाउँको चण्डीडाँडामा निर्माण गरिएको गुम्बामा सोही वडामा स्थायी बासस्थान रहेकी सानुमाया गुरुङले सो माने स्थापना गरेकी हुन्।

२०५२ सालमा ५ रोपनी क्षेत्रफलको हातामा निर्माण गरिएको सम्बा छोयलिङ गुम्बामा उक्त माने स्थापना गरिएको दाता सानुमाया गुरुङले बताइन्। उनका अनुसार काठमाडौंको बौद्धमा सो मानेको निर्माण गरिएको हो। त्यसको निर्माण खर्चदेखि ढुवानी र गुम्बा स्थलमा ल्याएर स्थापना गर्दासम्मको खर्च ५ लाख १८ हजार रुपियाँ लागेको उनले बताइन्।

मानेको दर्शन र परिक्रमा गर्नाले भक्तजनका लागि ठूलो पुण्यको काम गर्ने, त्यो परिक्रमा गर्दा वा त्यसलाई घुमाउँदा जान अञ्जानमा भएका पापको नाश भई पुण्य मिल्ने भएको हुँदा लोक कल्याणका लागि आफूले यो काम गरेको वयोवृद्ध समाजसेवा ८१ वर्षीया सानुमाया गुरुङले बताइन्।

## स्थानीय तहको जवाफदेहितामा जोड

**नेपाल समाचारपत्र**

पर्वत

पर्वतमा आयोजित एक कार्यक्रममा भूकम्पबाट क्षतिग्रस्त संरचना निर्माणका लागि स्थानीय तहको जवाफदेहितामा जोड दिइएको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणअन्तर्गतको अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार जिल्ला आयोजना कार्यान्वयन एकाइ र आवास पुनर्लाभ तथा पुनर्निर्माण समन्वय मञ्च नेपालले आयोजना गरेको अभिमुखीकरणमा स्थानीय तहहरू जवाफदेही बन्नुपर्नेमा जोड दिइएको हो।

कुस्मामा आयोजित अभिमुखीकरण कार्यक्रममा बोल्दै फलेवास नगरपालिकाका प्रमुख पदमपाणि शर्माले भूकम्पबाट पीडित बनेका नगरबासीलाई नगरपालिकाले सम्बोधन गर्ने उचित स्थान नहुँदा आफ्नो कार्ययोजनाअनुरूप काम गर्न नपाएको बताए। ‘गाउँगाउँमा भूकम्प सम्बन्धी गुनासाहरू नै धेरै आउँछन्’, उनले भने- ‘पुनर्निर्माण गर्ने अधिकार र बजेट हामीलाई दिनुहोस् हामी तयार छौं।’ शर्मा सँगै मोदी गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पौडेल र पैयुँ गाउँपालिकाका अध्यक्ष खगेन्द्रप्रसाद तिवारीले समेत जनप्रतिनिधिलाई जिल्लामा भूकम्पपीडितका लागि आएका कार्यक्रमहरूको बारेमा उचित ज्ञान नहुँदा ग्रामीणस्तरमा बुझाउन कठिन भइरहेको गुनासो गरे।

कार्यशालामा कुस्मा नगरपालिकाका प्रशासकीय अधिकृत सुवासकुमार लामिछाने र महाशिलाका कार्यकारी अधिकृत किसान क्षेत्रीले पुनर्निर्माण कार्यमा ढिलाइ हुँदा स्थानीय तहको प्रगति विवरण नै प्रभावित हुन पुगेको गुनासो व्यक्त गरे।

अभिमुखीकरण कार्यक्रममा जिल्ला आयोजना कार्यान्वयन एकाइ पर्वतका आयोजना प्रमुख जगदीश शर्माले जिल्लामा भइरहेको पुनर्निर्माण कार्यको प्रगति र समस्याका बारेमा जानकारी गराएका थिए। उनले पर्वतका स्थानीय तहअनुरूप भएको क्षति विवरण र लाभग्राहीलाई प्रदान गरिएको सेवाका बारेमा बताएका थिए।

विभिन्न समस्याको पहिचान गर्दै पर्वतका सबै स्थानीयतहबाट २ हजार ८ सय ७४ गुनासा संकलन गरी सम्बन्धित निकायमा पठाइएको भए पनि ती गुनासाउपर सुनुवाइ हुन नसक्दा समस्या उत्पन्न भएको उनले बताए।

## स्थानीय तहको १० करोड मन्दिर निर्माणमै खर्च

**विमल विष्ट, डोटी**

गत आर्थिक वर्षमा मन्दिर निर्माणकै लागि डोटीका ९ स्थानीय तहले ६ करोड ७९ लाख १४ हजार रुपियाँ खर्च गरेका छन्। उक्त रकमबाट डोटीमा ३ सय ४७ मन्दिर निर्माण भएका छन्। गाउँ-नगरको समृद्धिलाई जोड दिएर नीति तथा कार्यक्रम ल्याएको स्थानीय सरकारले विकास बजेट भने मन्दिर निर्माणमा लगाएको स्थानीयको आरोप छ।

‘गत आर्थिक वर्षमा बजेट ल्याउँदा स्थानीय सरकारको प्राथमिकतामा शिक्षा, स्वास्थ्य, खानेपानी, सडकलगायत विकास निर्माणका योजना थिए। तर, खर्च गर्दा भने मन्दिरमा पनि विकास योजनाकै बजेट लगाएका छन्’, स्थानीय दीपक थापाले भने- ‘शिक्षा स्वास्थ्यको जस्तो बजेट पनि मन्दिरमा खर्च गरेपछि कहाँबाट बिकास हुनु।’

दीपायल सिलगढी नगरपालिकाले ५९ मन्दिरमा १ करोड २५ लाख ८५ हजार, शिखर नगरपालिकाले ३९ मन्दिरमा १ करोड १५ लाख खर्च गरेको छ। त्यस्तै ५ वडा मात्रै रहेको बडीकेदार गाउँपालिकाले मन्दिर निर्माणमा १ करोड ४ लाख ७९ रुपियाँ खर्च गरेको छ। उक्त रकमबाट गाउँपालिकामा २८ मन्दिर निर्माण भएका छन्। पूर्वीचौकी गाउँपालिकाले ३२ मन्दिरमा ६३ लाख ३४ हजार, सायल गाउँपालिकाले ३५ मन्दिरमा ८ लाख ५० हजार, जोरायल गाउँपालिकाले ३६ मन्दिरमा ८९ लाख ७५ हजार, आदर्श गाउँपालिकाले २५ मन्दिरमा १५ लाख र बोगटान गाउँपालिकाले २५ मन्दिरमा ३५ लाख खर्च गरेका छन्। खर्च भएको बजेटअनुसार जिल्लामा ३ सय ४७ नयाँ मन्दिर थपिएका छन्।

गाउँस्तरबाट योजना छनोट हुँदा नै मन्दिर निर्माण पनि आएको स्थानीय सरकार प्रमुखको भनाइ छ। मन्दिर निर्माणमा सबैभन्दा बढी रकम खर्च गरेको केआईसिंह गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर शाहीले योजना तर्जुमा प्रक्रियामा जनताले ल्याएको मागका आधारमा योजना छनोट गरिएको बताए। उनले तलबाट मन्दिर निर्माण तथा मर्मतका योजना धेरै आउने गरेकाले आफूहरू मन्दिरमा रकम विनियोजन गर्न बाध्य भएको बताए। छनोट भएर आएका योजना हटाउन नमिल्ने उनको भनाइ छ।

मन्दिरमा बजेट खर्च गर्न नखोजे पनि छनोट भएर आएका योजनाले गर्दा बाध्य हुने गरेको सायल गाउँपालिका अध्यक्ष तेजबहादुर डुम्रेलले बताए। ‘टोलबाट योजना छनोट गर्दा देवीदेवताको मन्दिर निर्माणमा सबैको सहमति हुन्छ’, उनले भने- ‘अन्य योजनामा सहमति जुटाउन नसक्दा पनि मन्दिर नै छनोट हुन्छ।’ गत वर्ष मात्रै होइन, चालू आर्थिक वर्षमा पनि जिल्लामा मन्दिरका लागि उल्लेख्य बजेट विनियोजन भएको छ। यस वर्षका लागि बडीकेदार गाउँपालिका र दीपालय सिलगढी नगरपालिका भने मन्दिरमा बजेट बिनियोजन गरेका छैनन्। अन्य सातवटा स्थानीय तहले ३ करोड ५१ लाख ९ हजार छुट्याएका छन्।

चालू आर्थिक वर्षका लागि शिखर नगरपालिकाले मन्दिर निर्माणमा ७९ लाख ५० हजार विनियोजन गरेको जनाएको छ। त्यस्तै जोरायल गाउँपालिकाले ७७ लाख ५९ हजार, केआई सिंहले ७५ लाख, आदर्शले ६० लाख, पूर्वीचौकीले ४७ लाख, सायलले ४५ लाख र बोगटानले २१ लाख विनियोजन गरेका छन्। तथ्यांकअनुसार स्थानीय तहबाट २ वर्षमै १० करोड ३० लाख २३ हजार रकम मन्दिरमा मात्रै खर्च हुने भएको छ।

स्थानीय तहहरूले विधिविपरीत मन्दिरमा बजेट विनियोजन गरेको नागरिक समाजका अगुवाहरूको भनाइ छ। नेपालको संविधानले धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको उल्लेख गर्दै नागरिक समाजका अगुवा रघु कठायतले स्थानीय सरकारले मन्दिरमा मात्रै ठूलो बजेट खर्च गर्न नहुने बताए। ‘मन्दिर, मस्जिद सरकारले होइन, सम्बन्धित धर्मावलम्बीले नै निर्माण गर्नुपर्ने हो।’ -कठायतले भने। विकास योजनाको रकम अनुत्पादक क्षेत्रका योजनामा खर्च गर्न नहुने स्थानीय बुद्धिजीवी सच्चिदानन्द जोशीको भनाइ छ। उनले भने- ‘यो चिन्ताजनक विषय हो, यसरी अनुत्पादक क्षेत्रमा धेरै बजेट खर्च हुने हो भने अन्य विकास योजना त्यसै रोकिन्छन्।’

## स्वर्गद्वारी विमानस्थल चर्चा हुँदै सेलाउँदै
## वातावरणीय प्रभाव मूल्यांकन हुँदै

**सलिम अन्सारी, प्युठान**

कुनैबेला खेतीयोग्य झिम्रुक फाँटमा हवाई मैदान बनाउने चर्चा खुब भयो। ऊर्वर भूमिमै हवाई मैदान बनाउने कुरा जिल्लाबासीलाई चित्त बुझेन। यातायातका साधनको विकास भइनसकेकाले जिल्लाबासीले हवाई मैदानको आवाश्यकता महसुस गरेनन् र यसको विरोध पनि भयो। त्यसपछिको करिब ६ दशक हवाई मैदानको विषय ओझेलामा परिरह्यो। २०४४ सालतिर नयाँ सडक खुल्यो। घोराही प्युठानको मोटरबाटो छोटचार भालुवाङ प्युठानको छोटो बाटो राजमार्गसँग जोडियो। सडक यातायातले दूरी छोटिएपछि प्युठानीहरूले विमानस्थलको चासो राख्नसमेत छाडे।

यस्तै परिवेशमा दोस्रो संविधानसभाको निर्वाचन हुने भयो। २०७० सालको सो निर्वाचनमा प्युठानमा जन्मिएका वामदेव गौतम मैदानमा उत्रिए। उनले चाल्नेटारमा हवाई मैदान निर्माण गरिनेलगायतका महत्त्वाकांक्षी पूर्वाधार विकासका ३४ बुँदे योजनाहरू चुनावी प्रतिबद्धतापत्रमार्फत अघि सारे। बर्दियालाई राजनीतिक कर्मथलो भए पनि प्युठान जन्मथलो र पूर्वउपप्रधानमन्त्रीसमेत रहेकाले वामदेव गौतमप्रति सबैको अपेक्षा पनि थियो।

चाल्नेटार (स्वर्गद्वारी) विमानस्थलसम्म हवाईजहाजबाट उड्ने, कालोपत्रे सडक, स्वर्गद्वारीसम्म केबलकारमा सरर पुगिने भनेपछि प्युठानबासी हौसिए। स्वर्गद्वारीमा विमान आउने आश्वासनले जनमत संकलनमा ठूलै मद्दत गर्‍यो। जिल्लाबासीको साथ पाए।

उनको चुनावी प्रतिबद्धतालाई प्युठानबासीले विश्वास गर्दै उनीसहित तत्कालीन एमालेलाई प्युठानको दुवै क्षेत्रमा जिताए। स्वर्गद्वारी नगरपालिका-८ मा रहेको चाल्नेटारमा विमानस्थल बनाउने भनिएको थियो। उनी विजय भएपश्चात् हवाई मैदानको सर्वेबाहेक खासै उल्लेखनीय काम हुन सकेन। वामदेवका खोक्रा आश्वासन भन्दै जिल्लामा धेरै आलोचना भए। २०७४ को संघीय संसद् निर्वाचनमा उनी प्युठानबाट चुनावी प्रतिस्पर्धा गर्नसमेत हच्किए।

अहिले नेपाल नागरिक उड्डयन प्राधिकरणले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको सार्वजनिक सनुवाइ गर्ने सूचना प्रकाशित गरेपछि पुनः विमानस्थल निर्माणको चर्चा हुन थालेको छ। प्रस्तावित प्युठान स्वर्गद्वारी आन्तरिक विमानस्थलको प्रस्तावित आयोजनास्थलमा आगामी आश्विन ६ गते वातावरणीय प्रभाव मूल्यांकनको सार्वजनिक सुनुवाइ गर्ने सूचना प्रकाशित भएको वडा अध्यक्ष खोपबहादुर रावतले बताए।

यसपछि विस्तृत योजना प्रतिवेदन तयार गरी आयोजना अगाडि बढ्ने उनको विश्वास छ। आयोजनास्थलमा कुनै विवाद नरहेको र आयोजना निर्माणबाट बर्जिवाङमा सडक यातायातको पहुँच पनि सुगम हुने उनले बताए। विमानस्थल निर्माणबाट स्थानीयले रोजगारीसमेत पाउने उनले आस गरे। विमानस्थल निर्माणले जिल्लाको पर्यटन व्यवसायमा समेत उल्लेख्य सुधार हुने प्युठान उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञामुराम गौतम बताउँछन्।

जिल्लामा हवाई यातायातको सहज पहुँच भएमा जिल्लाको समग्र विकासमा नै प्रभाव पार्न सक्ने प्युठानीको विश्वास छ। पहाडी जिल्ला हवाई यात्रुको अभावमा विमानस्थल सञ्चालन हुन नसकिरहेका बेला प्युठानको विमानस्थलमा भने त्यो समस्या नहुने यस क्षेत्रका जानकारहरूको भनाइ छ। उनीहरूका अनुसार स्वर्गद्वारीको प्रचारप्रसार भइसकेको र रोल्पा जिल्लासमेत विमानस्थलको पहुँचमा रहेकाले विमानस्थल निरन्तर सञ्चालन हुने अपेक्षा गरिएको छ।

# विश्व

**वाइडबडी**
बोइङको पहिलो ७७७ एक्स वाइडबडी विमान। तर, उक्त विमानले अहिलेसम्म उडान भरेको छैन



**स्वदेशी**
भियतनामको गाडी प्रदर्शनमा राखेको त्यहाँकै नागरिकले डिजाइन गरेको पहिलो गाडी। भियतनामको नयाँ गाडी निर्माताले भिनफास्टले तयार गरेको उक्त गाडी पेरिस मोटर शोमा राखिनेछ।



2018, SEP
Wednesday
12

विश्व २ मिनेट

**भारत**

## आसारामको याचिका

जोधपुर, (एजेन्सी)

नाबालिका बलात्कार गरेकोमा जोधपुर जेलमा सजाय काटिरहेका आसारामले आफ्नो सजाय कम गर्न राज्यपाल कल्याण सिंह समक्ष दया याचिका दिएका छन्। गत अप्रिलमा जोधपुर अदालतले आसारामलाई आजीवन कारावास सजाय सुनाएको थियो। आसारामलाई ५ वर्ष पहिला आफ्नो आश्रममा एक १६ वर्षीय नाबालिकामाथि बलात्कार मामिलामा दोषी ठहऱ्याइएको थियो। उक्त सजायविरुद्ध आसारामले जुलाई २ मा उच्च अदालतमा दायर गरेको याचिकामा सुनुवाइ भएको छैन। आसारामको याचिका प्राप्त भएपछि सिंहले विस्तृत जानकारी माग गर्दै त्यसलाई गृह मन्त्रालय पठाएका छन्।

**अमेरिका**

## कार्वनरहित ऊर्जा

सानफ्रान्सिस्को, (एजेन्सी)

अमेरिकाको क्यालिफोर्निया राज्यले आगामी सन् २०४५ सम्ममा कार्वनरहित विद्युतीय सामग्रीको प्रचुर मात्रामा प्रयोग गर्नेबारे कानुन पारित गरेको छ। यो कानुन राष्ट्रपति डोनाल्ड ट्रम्पको ऊर्जा नीतिविपरीत रहेको छ। क्यालिफोर्नियाका गभर्नर जेर्री ब्राउनले यस कदमको महत्त्वलाई बेवास्ता नगरिने र सन् २०१५ को पेरिस जलवायु सम्झौताको पूर्णसम्मान र पालना गरिने बताएका छन्। गत वर्ष ट्रम्पले आफूले अमेरिकालाई उक्त सम्झौताबाट अलग्याएर अमेरिकालाई पायक पर्ने गरी नयाँ सम्झौताका लागि पहल गर्ने बताएका थिए। हवाईपछि यो नीति लिने क्यालिफोर्निया दोस्रो राज्य हो।

**भारत**

## रेन्जरलाई रोक्न नसकिने !

नयाँदिल्ली, (एजेन्सी)

भारतको सर्वोच्च अदालतले मंगलबार पश्चिमी राज्य महाराष्ट्रमा वन अधिकारी रेन्जरहरूलाई एउटा नरभक्षी बघिनीलाई मार्नबाट रोक्न गरिएको अपिल बर्खास्त गरेको छ। अदालतले यदि बघिनीलाई नियन्त्रणमा लिन असफल भएको खण्डमा त्यसलाई गोली ठोक्न रेन्जरहरूलाई रोक्न नसकिने जनाएको छ। सरकारी अधिकारीहरूले अहिलेसम्म त्यस बघिनीको आक्रमणमा ५ जनाको ज्यान गइसकेको जनाएका छन्। तर, वन्यजन्तु संरक्षण अभियन्ताहरूले भने तिनीहरूको ज्यान जानुमा बघिनी जिम्मेवार रहेकोबारे प्रश्न गरेका छन्। वन-जंगल फँडानीका कारण प्रायशः बाघ गाउँ पस्ने गरेका छन्।

**ब्राजिल**

## कैदी फरार

सालो पाउलो, (एजेन्सी)

पूर्वी ब्राजिलस्थित अत्यधिक सुरक्षा व्यवस्था रहेको जेलमा भएको आक्रमणमा एक प्रहरीको मृत्यु भएको छ। जेलको मुख्य प्रवेशद्वारलाई अत्याधुनिक हतियारबाट सुसज्जित आक्रमणकारीहरूले उडाइदिएका थिए। उक्त घटनामा सयभन्दा बढी कैदी फरार भएका छन्। आक्रमणकारी करिब २० संख्यामा रहेको र उनीहरूले चार वटा गाडीमा आएको अधिकारीहरूले बताएका छन्। उनीहरूले निगरानी टावरमा गोलाबारी गरेको र रोमु गोंकाल्ब्स एब्रेंटिस जेलको मुख्य द्वारलाई विस्फोटकबाट उडाएको अधिकारीहरूले बताए। गत महिना पनि ब्राजिलको एक जेलबाट हुलदंगा हुँदा दर्जनौं कैदी फरार भएका थिए।

### अमेरिकाद्वारा किमको पत्रको प्रशंसा

# आईसीसीलाई चेतावनी



वासिङ्टन, (एजेन्सी)

उत्तर कोरियाका वरिष्ठ नेता किम जोङ उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई एउटा पत्र लेखेर गत १२ जुनमा सिंगापुरमा सम्पन्न ऐतिहासिक निःशस्त्रीकरण वार्तालाई जारी राख्न अनुरोध गरेको मंगलवार अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसले जनाएको छ।

अमेरिकाले पुनः किम र ट्रम्पबीचको नयाँ वार्ताको तिथि तोक्नका लागि पहिल्यै पहल शुरू भइसकेको जनाएको छ। ह्वाइट हाउसका प्रवक्ता साराह सन्डर्सले सौहार्दपूर्ण पत्रले प्योङयाङको निःशस्त्रीकरणप्रतिको निरन्तर प्रतिबद्धता प्रतिविम्बित भएको बताएकी छिन्।

सिंगापुर शिखर वार्तापछि ती दुई नेताको संवाद ठप्प भएको जस्तो देखिएको थियो। तर, सन्डर्सले ट्रम्प र किमबीचको सम्भावित वार्ता कहाँ हुने भन्नेबारे केही बताएकी छैनन्। तर, उनले भनेकी छिन्- 'किमको पत्र निकै सकारात्मक र सौहार्द रहेको छ।'

गत सप्ताहान्तमा उत्तर कोरियाको ७०औं वार्षिकोत्सवको उपलक्षमा आयोजित सैनिक परेडमा अन्तरमहादेशीय क्षेप्यास्त्रहरू प्रदर्शन नगरिएकोमा पनि अमेरिकाले प्रशंसा गरेको छ। यसले ट्रम्पको नीतिको व्यापक सफलता झल्काउँछ। ती अन्तरमहादेशीय क्षेप्यास्त्रमार्फत अमेरिकाका जुनसुकै भू-भागमा आणविक हमला गर्न सक्ने भनाइका कारण अमेरिका तनावमा पर्ने गरेको थियो।

ट्रम्पले पनि उत्तरकोरियाको यस सकारात्मक पत्रलाई लिएर ट्विटरमार्फत किमलाई धन्यवाद दिएका छन्। उनले किमलाई आफूहरू दुवै मिलेर सबै गलत छन् भन्ने प्रमाणित गर्ने कुरा उल्लेख गरेका छन्।

तर, केही दिनअघि मात्र डोनाल्ड ट्रम्पकै निर्देशनमा अन्तिम समयमा आएर अमेरिकी विदेशमन्त्री माइक पोम्पियोको उत्तर कोरियाली भ्रमण रद्द गरिएको थियो।

यसैबीच अमेरिकाले यदि अमेरिकीविरुद्ध कारबाहीका लागि अगाडि बढेको खण्डमा नेदरल्यान्डको हेगस्थित अन्तर्राष्ट्रिय आपराधिक अदालत (आईसीसी) माथि नै प्रतिबन्ध लागाउने चेतावनी दिएको छ। यस अदालतले अहिले अफगानिस्तानमा हिरासतमा रहेका कैदीहरूलाई अमानवीय यातना दिएको अभियोगमा अमेरिकी अधिकारीहरूलाई कारबाही गर्ने सोचमा रहेको छ।

# नवाज पत्नी मरियमको निधन


इस्लामावाद, (एजेन्सी)

पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफकी पत्नी बेगम कुलसुम नवाजको मंगलबार निधन भएको बताइएको छ।

गत राति उनको स्वास्थ्यस्थिति बिग्रेको थियो र उनलाई लाइफ सपोर्ट सिस्टममा सारिएको थियो। तर, चिकित्सकहरूको प्रयासका बाबजुद उनलाई बचाउन नसकेको पाकिस्तानी सञ्चारमाध्यमहरूले जनाएका छन्। लन्डनको हार्ली स्ट्रिट क्लिनिकमा ६८ वर्षीय कुलसुम नवाजको सन् २०१४ जुनदेखि उपचार भइरहेको थियो।

भ्रष्टाचारको आरोपमा दोषी ठहरिएका पूर्वप्रधानमन्त्री नवाज सरिफ र उनकी छोरी मरियम अहिले रावलपिन्डीको जेलमा बन्द छन्। लामो समयदेखि बिरामी कुलसुम नवाज घाँटीको क्यान्सरबाट पीडित थिइन्। क्यान्सर लागेको पत्ता लागेपछि उनले कयौंपटक किमोथेरापी लिएकी थिइन्। यसबीचमा यसै वर्षको जुनमा उनलाई हृदयघात पनि भएको थियो। त्यस बेलादेखि कुलसुमको स्थिति गम्भीर बन्दै गएको थियो र उनी कोमामा थिइन्।

कुलसुम र नवाजका चार सन्तान हसन, हुसैन, मरियम र आसमा छन्। अहिले जेलमा बन्दी रहेका नवाज सरिफ, मरियम र ज्वाइँ पूर्वक्याप्टेन सफदरलाई कुलसुमको अन्तिम संस्कारका लागि पेरोलमा जेलबाहिर जान अनुमति मिल्ने पाकिस्तानी न्युज च्यानल जियो न्युजले जनाएको छ।



# पत्नीको टाउकोसहित पतिको आत्मसमर्पण

नयाँदिल्ली, (एजेन्सी)

भारतीय कर्णाटक राज्यको प्रहरीले आफ्नो पत्नीको काटिएको टाउको झोलामा बोकेर प्रहरी चौकीमा आत्मसमर्पण गर्न आएका एक पुरुषलाई गिरफ्तार गरेको मंगलबार जनाएको छ।

सरकारी अधिकारीहरूले शतीश एसजी नामक ती व्यक्तिले चिक्मागालुर जिल्लास्थित प्रहरी चौकीमा आएर आफ्नी पत्नीको हत्या गरेको स्वीकारेको बीबीसीलाई जानकारी दिएका छन्। उनीविरुद्ध हत्याको अभियोग लगाइएको छ।

आफ्नी पत्नीको परपुरुषसँग यौन सम्बन्ध रहेको आंशकामा उनले हत्या गरेको हुनुपर्ने अनुमान गरिएको छ। ७ वर्षअघि विवाह बन्धनमा बाँधिएका तिनीहरूको दुई सन्तान छन्।

प्रहरीले उनलाई मंगलबार नै अदालतमा पेस गर्ने बताएको छ। सो चौकीका वरिष्ठ प्रहरीले भनेका छन्- 'ती हत्याराका पत्नी सहयोग माग्दै केही समयअघि प्रहरी चौकीमा आएकी थिइन्।




तिनीहरूको लामो समयदेखि पारिवारिक कलह चलिरहेको जस्तो देखिन्थ्यो। हामीले कहिलेकाहीं तिनीहरूलाई सम्झाएर पठाउने गरेका थियौं। तर, उनले आफ्नी पत्नीको चरित्रमा नै शंका गरेको भन्ने अनुमान हामीले गरेका थिएनौं।'

लामो समयदेखि भारतमा घरेलु हिंसाका कारण महिलाको हत्या हुने घटना बाहिरिरहेको छ। महिलाहरूका लागि राष्ट्रिय आयोगका अध्यक्ष रेखा शर्माले चरित्रमाथिको शंका, दाइजो र विवाहेत्तर सम्बन्ध जस्ता कारण निर्दोष महिलाको ज्यान जाने गरेको गुनासो गरेकी छिन्।

### सेप्टेम्बर ११ आक्रमण

# ट्विन टावर ढाल्न अलकायदालाई १३ वर्ष लाग्यो

वासिङ्टन, (एजेन्सी)

१७ वर्ष पहिला, सेप्टेम्बर ११ मा सम्पूर्ण विश्व इस्लामिक कट्टरपन्थी संगठन अलकायदा र उसको नेता ओसामा बिन लादेनको आतंकबाट काँपेको थियो। त्यो दिन न्युयोर्क शहरको ट्विन टावर वर्ल्ड ट्रेड सेन्टर र पेन्टागनमा भएका आत्मघाती हमलालाई विश्व इतिहासकै सबैभन्दा भयानक आतंककारी हमला मानिएको छ।

यद्यपि सन् २००१ सेप्टेम्बर ११ मा भएको यो विध्वंशकारी घटनाको प्रारब्ध भने सन् १९८८ मा शुरू भएको थियो। अलकायदाको हालै मात्र प्राप्त दस्तावेजहरूलाई मान्ने हो भने सन् १९८८ मा पाकिस्तानको पेसावरमा ओसामा बिन लादेन बसेका घरमा उसका विशेष ९ सहयोगीको बैठक भएको थियो। उक्त बैंठकमा नै अलकायदा नाम तय भएको थियो जसको अरबी भाषामा 'आधार' भन्ने अर्थ हुन्छ। यही संगठनले नै पछि विश्वको सबैभन्दा खतरनाक आतंककारी घटनालाई जन्म दियो र कयौं ठूला आतंककारी घटनाबाट विश्वभरि त्रासदीको वातावरण खडा गऱ्यो।



वास्तवमा उक्त संगठनको गठनको उद्देश्य अमेरिकालाई बर्बाद गर्नु थियो। अमेरिकाको ट्विन टावर आक्रमण ढाल्न अलकायदालाई १३ वर्ष लाग्यो। यो एक प्रकारले भयंकर ठूलो योजनालाई नतिजासम्म पुऱ्याउन सफल घटना थियो।

अलकायदाको रेकर्डअनुसार सन् १९८८ सेप्टेम्बर १० मा उक्त संगठनको एक प्रकारले औपचारिक जन्म भएको हो। अमेरिकाविरुद्ध विश्वव्यापी युद्धको घोषणा गर्दै २० वर्ष पहिला उक्त संगठनले केन्या र तान्जानियामा अमेरिकी दूतावासमाथि हमला गरेका थिए। जसमा २ सय २४ जनाको मृत्यु भएको थियो। उसैले १७ वर्ष पहिला 'सेप्टेम्बर ११ आजकै दिन' उक्त इस्लामिक कट्टरपन्थी संगठनले अहिलेसम्मकै सबैभन्दा भयानक आतंककारी हमला गरेका थिए।

अमेरिका र विश्वभरि सेप्टेम्बर ११ को कट्टरपन्थी हमलापछि धेरै सरकार परिवर्तन भइसहेको छ। यद्यपि अलकायदा विगत १७ वर्षमा अमेरिकी सुरक्षा भेदन गर्न असफल रह्यो र अर्को ठूलो आक्रमण गर्न सकेन। उक्त हमलापछि अमेरिकी सञ्चारमाध्यमहरूमा यदि विश्व आतंकवादलाई गम्भीरतापूर्वक लिएको भए घटना अगाडि नै त्यस प्रकारका आतंककारी घटनालाई रोक्न सक्ने समाचार सामग्री प्रकाशित भएका थिए।

यद्यपि विगत १७ वर्षमा अमेरिकाले अर्बौं डलर आतंकवादसँग लड्न र देशको सुरक्षा व्यवस्थालाई अत्याधुनिक बनाउनमा खर्च गरेको छ।

पाकिस्तानमा ओसामा बिन लादेनको हत्या र संगठनको आफ्नै कमजोरीका कारण अहिले अल कायदाको शक्ति अत्यन्त कम भएको छ। यद्यपि सिरिया र इराकमा आईएसका ठेगानालाई नष्ट पार्न अमेरिकाले पूरै बल लगाइरहेको छ। आईएसका लडाकूले यस अवधिमा व्यक्तिगतरूपमा केही अमेरिकी नागरिकलाई निशाना बनाएको भए पनि अमेरिकाकै भूमिभित्र कुनै आतंककारी हमला गर्न सकेको छैन। विगत केही वर्षमा आईएसको शक्ति पनि कमजोर भएको छ।

२०७५, भदौ
बुधबार
२७

आयोगले ६ हजारभन्दा बढी उजुरीलाई सिधै तामेलीमा राखेर थोरै मात्रै विस्तृत अनुसन्धानमा लगेको छ। आयोगले ५ सय ४६ उजुरीलाई विस्तृत अनुसन्धानमा लगेको जनाएको छ।

# अख्तियारमा १९ हजार बढी उजुरी

## ६ हजार तामेलीमा

नेपाल समाचारपत्र

काठमाडौं

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका कुल १९ हजार ४ सय ८८ उजुरीमध्ये १२ हजार ४ सय उजुरी फछ्र्यौट भएको भने पनि तामेलीमा राखेको उजुरीको संख्या धेरै रहेको तथ्यांकले देखाएको छ।

आयोगले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार आयोगमा भ्रष्टाचारजन्य १९ हजार ४ सय ८८ उजुरी पर्दा ६ हजार ४ सय ५८ उजुरी सिधै तामेलीमा राखेको छ। यो तथ्यांक आब २०७४/७५ सम्मको हो। २०७५ को वैशाखदेखि असारसम्म यो संख्या बढेर ६ हजार ७ सय २० पुगेको छ।

प्रमाण नपुगेका, आयोगका क्षेत्राधिकारभित्र नपरेका उजुरीहरू तामेलीमा सिधै राखेको आयोगका प्रवक्ता रामेश्वर दंगालले बताउनुभयो। 'आयोगमा परेका कतिपत्र उजुरी सिधै तामेलीमा परेका पनि छन्। ती भनेका प्रमाण नपुगेका, आयोगका अधिकार क्षेत्रभित्र नपरेका उजुरीहरू हुन्' -उहाँले भन्नुभयो।

उहाँका अनुसार प्रारम्भिक अनुसन्धानबाटै प्रमाण नपुगेका उजुरी तामेलीमा जाने भने पनि प्रमाण पर्याप्त पुगेर अदालतमा मुद्दा दायर गर्ने अन्तिम समयमा पनि आयोगले निर्णय गरेरै तामेलीमा राखिएको उदाहरण छ।

अखिल नेपाल फुटबल संघ एन्फाका तत्कालीन अध्यक्ष गणेश थापाको ५८ करोड १७ लाख बिगो दाबी गरिएको मुद्दा ४ वर्षअघि १० फागुन ०७१ मा तामेलीमा राखेको उदाहरण मात्रै हो।

पछिल्लो समय अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा पूर्वप्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालविरुद्ध परेको उजुरीमा विस्तृत अनुसन्धानपश्चात अदालतमा मुद्दा दायर गर्न मात्रै बाँकी रहेको अन्तिम समयमा तामेलीमा राख्ने निर्णय भएको बुझिएको छ।

नेपाल आयल निगमका विवादित कार्यकारी निर्देशक गोपाल खड्काको भ्रष्टाचार मुद्दा पनि तामेलीमा राख्न दौडधुप भइरहेको बुझिन्छ। तर अयोगका प्रवक्ता दंगालले विस्तृत अनुसन्धानपछि तामेलीमा उजुरी कसरी पर्‍यो भन्ने विषयमा बोल्न नमिल्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'विस्तृत अनुसन्धानमा गएको उजुरी तामेलीमा राखेको विषय वार्षिक रूपमा तयार पारेको प्रतिवेदनमा मात्रै उल्लेख गरेको हुन्छ। त्यो प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि मात्रै सार्वजनिक गर्न मिल्छ अहिले केही भन्न मिल्दैन।'

आयोगले ६ हजारभन्दा बढी उजुरीलाई सिधै तामेलीमा राखेर थोरै मात्रै विस्तृत अनुसन्धानमा लगेको छ। आयोगले ५ सय ४६ उजुरीलाई विस्तृत अनुसन्धानमा लगेको जनाएको छ। ४ हजार ५ सय ४७ वटा उजुरी भने आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको आयोगले जनाएको छ।

त्यस्तै आयोगले सार्वजिनक गरेको तथ्यांकमा शिक्षा क्षेत्रसँग सम्बन्धित सबैभन्दा धेरै उजुरी परेको जनाएको छ। आयोगमा परेको उजुरीमा शिक्षा क्षेत्रसँग सम्बन्धित ३ हजार ५ सय ७० रहेको छ।

त्यस्तै दोस्रोमा संघीय मामिलामा ३ हजार ५ सय ११, भूमिसुधार तथा व्यवस्थासँग १ हजार २ सय ६२, वन तथा भूसंरक्षणमा ८ सय ७४, स्वास्थ्यसँग ८ सय ५१, गृहसँग ८ सय ४, भौतिक पूर्वाधार तथा यातायातसँग संम्बन्धित ५ सय ५०, अर्थसँग ५ सय ४ र अन्य निकायमा ७ हजार ५ सय ६२ उजुरी आयोगमा परेको जनाएको छ।

त्यस्तै गरी सेवाग्राहीको उजुरीका आधारमा गरिएको ९७ वटा रंगेहात कारबाहीमा १ सय ५४ जना राष्ट्रसेवक तथा अन्य व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान गरेको आयोगले जनाएको छ। रंगेहात कारबाहीमा पर्नेहरूमा सहसचिव ३ जना, उपसचिव ७ जना, प्रहरी नायब उपरीक्षक १ जना, शाखा अधिकृत २२ जना, इन्जिनियर १३ जना, राजपत्र अनंकित र सहायकस्तरका कर्मचारीसहित अन्य व्यक्ति गरी १ सय ८ जना रहेका छन्।

# देउरालीमा 'भ्यु टावर' निर्माण शुरू

ललितपुर, (नेस)

गोदावरी नगरपालिका-७ देवीचौरको देउराली डाँडामा भ्यु टावर निर्माण शुरु भएको छ। वडा अध्यक्ष गिरिप्रसाद तिमल्सिनाले अघिल्लो वर्षदेखि भ्यु टावर निर्माणको काम शुरु भएको बताउनुभयो। 'हामीले नगरपालिकाको बजेटमा अघिल्लो वर्षदेखि भ्यु टावर बनाउने काम थालेको हो। आगामी वर्षभित्र काम सम्पन्न गर्ने गरी काम भइरहेको छ' -उहाँले भन्नुभयो।

देउरालीबाट काठमाडौं उपत्यका, सुन्दर हिमालका सुन्दर दृश्य, तराईका समथर भूभागको सहजै अवलोकन गर्न सकिन्छ। भ्यु टावर बनेपछि झनै पर्यटकहरू सुन्दर दृश्य अवलोकनका लागि लोभिने वडा अध्यक्ष तिमल्सिनाले बताउनुभयो।

आन्तरिक पर्यटकको घुइँचो हुने देउराली डाँडामा भ्यु टावरको निर्माणले बाह्य पर्यटकलाई समेत आकर्षित गर्ने नगरपालिकाको लक्ष्य रहेको उहाँले बताउनुभयो। अहिले बाँकी काम गर्न नगरपालिकाले १ करोड रुपियाँ बजेट छुट्याइदिएको छ भने यस अघि बेसलाइनको काम गर्न ४० लाख रुपियाँ बजेट छुट्याइएको थियो।

नगरपालिकाका अनुसार भ्यु टावर तीन तलाको हुनेछ। तल्लो तलामा होटल, रेस्टुराँलगायत व्यापारिक केन्द्र सञ्चालन हुनेछ भने सबैभन्दा माथिल्लो तलाबाट नै आगन्तुकले सिङ्गो काठमाडौं उपत्यका, हिमाल र तराईको समथर भागको मनोरम दृश्य हेर्न पाउनेछन्।

पर्यटकीय क्षेत्रको हिसाबले सम्भावित देउरालीसम्म पुग्न लगनखेल, सातदोबाटो, सुनाकोठी, ठेचो, चापागाउँ, टीकाभैरव, बुरुन्चुली हुँदै पुग्न सकिन्छ भने एकान्तकुना, भैंसेपाटी, छम्पी, टीकाभैरव, बुरुन्चुली हुँदै पनि देउराली डाँडा पुग्न सकिन्छ। डाँडासम्म सडक पुगेको छ। त्यहाँसम्म पुग्न हाइकिङ गर्न मिल्ने उपयुक्त गोरेटो बाटोसमेत रहेको छ।

त्यत्ति प्रचारप्रसार हुन नसके पनि यस डाँडामा आन्तरिक पर्यटक पिकनिक, नाचगान, दृश्यावलोकन गर्न आउने गरेको वडा अध्यक्ष तिमल्सिनाले बताउनुभयो। पछिल्लो समयमा नगरपालिकाले नगरलाई पर्यटकीय क्षेत्र बनाउन विशेष प्राथमिकता दिँदै सम्भावित स्थानहरूमा बजेट छुट्याइरहेको छ।

# जग्गा किर्ते गर्ने मालपोत अधिकृतसहित नौ पक्राउ

काठमाडौं, (नेस)

नक्कली जग्गाधनी खडा गरेर जग्गा किर्ते गर्ने मालपोत कार्यालय चाबहिलका कर्मचारीसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। बुढानीलकण्ठ नगरपालिका ५का चन्दनकृष्ण कायस्थको जग्गा किर्ते गर्ने उनीहरूलाई महानगरीय प्रहरी परिसर काठमाडौंले पक्राउ गरी कारबाही अगाडि बढाएको छ।

जग्गा किर्ते गर्ने मालपोत कार्यालय चाबहिलका प्रमुख खगेन्द्र अर्याल, नायब सुब्बा रन्जनकुमार श्रेष्ठ, जमुना श्रेष्ठ र रघुराज तिमल्सिनालाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ। उक्त काण्डमा संलग्न रहेका बिचौलिया ध्रुवप्रसाद भट्टराई, श्रीकृष्ण देवकोटा, प्रदीपप्रसाद गौतम, श्रीकृष्ण बडुवाललगायतको समूहलाई प्रहरीले पक्राउ गरी कारबाही अगाडि बढाएको छ।

# बम र विष्ट तारेखमा छुटे

काठमाडौं, (नेस)

बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको अनुसन्धानका लागि हिरासतमा लिइएका तीनजना मंगलबार रिहा भएका छन्। प्रहरीले हिरासतमा लिएका दिलीप विष्टलाई र रोशनी बमलाई साधारण तारेखमा छाडिएको तथा बबिता बमलाई भने ३० हजार धरौटीमा छाडिएको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक कृष्णराज ओझाले बताउनुभयो।

बम दिदीबहिनीलाई उनीहरूका बुबा तथा दिलीपलाई उनका दाजुको जिम्मा लगाइएको छ ओझाले बताउनुभयो। विष्टको डीएनएसमेत म्याच नभएपछि र प्रमाण नभेटिएकाले साधारण तारेखमा छाडिएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी उपरीक्षक कुवेर कडायतले बताउनुभयो।

# श्रीमतीसँग 'जारी'

नेपाल समाचारपत्र

बाँके

रोल्पाकी २३ वर्षकी युवती। पाँच वर्षअघि विवाह भयो। गाउँमै लाग्ने मेला हेर्न जाँदा स्थानीय आकाश घर्तीसँग भागेर विवाह भयो।

विवाहपछि घरगृहस्थी चलेकै थियो। दुई वर्षअघि श्रीमान्ले अर्कै लिएर हिँडे। कृष्णनगर नाकाबाट कान्छी लिएर भारततिर हिँडेका उनलाई प्रहरीले समात्यो। युवती आफैं गएर श्रीमान्लाई प्रहरीबाट छुटाइन्। त्यसपछि दुवैजना भारत गए।

२ वर्ष दिल्लीमा सँगै काम गरे। युवती भाइसँग गाउँ फर्किइन्। ऋणधन गरेर घर बनाउने सल्लाहमा युवती गाउँ फर्किएकी थिइन्। उनले गाउँमा साढे चार लाख रूपियाँ ऋण गरेर घर बनाइन्। त्यसमध्येमा एक लाख रूपियाँ तिरिएको थियो।

श्रीमान् भारतमा थिए। यता साहुले ऋण तिर्न दबाब दिन थाले। साहुले अति गरेपछि अलिअलि त कमाउनुपर्‍यो भनेर उनी दाङमा मजदुरी गर्न झरिन्। उनी मजदुरी गर्न झरेपछि श्रीमान् गाउँ आए। गाउँका मान्छेले 'तेरो श्रीमती पोइल गई' भनेर खबर गरेपछि उनी फर्किए। २० दिन दाङमा काम गरेपछि १५ हजार रूपियाँ लिएर युवती घर फर्किइन्। घरमा रडाको भयो। श्रीमान्ले 'अर्कैसँग गइसकेको किन आइस्' भन्न थाले।

गाउँमा पञ्चायत बस्यो। केटीलाई जबरजस्ती 'अर्कैसँग गएको' भन्न दबाब दिए। उनले अर्कैसँग गएको स्वीकार गरेपछि श्रीमान्ले पैसा पाउँथे। गाउँका अगुवा भन्नेहरूले पनि युवतीलाई दबाब दिए। कोसँग गएको थाहा नहुँदै युवतीले 'हो, म अर्कैसँग गएको हुँ' भन्ने स्वीकार गरिन्। अर्कैसँग गएको स्वीकार गर्ने बित्तिकै श्रीमान्ले तीन लाख रूपियाँ 'जारी' मागे। दोस्रो श्रीमान् थाहा छैन। तर पनि युवतीलाई तीन लाख रूपियाँ तिर्न बाध्य बनाइयो। भारतको दिल्लीमा काम गर्ने दाइले पठाइदिएर युवतीले पैसा तिरिन्। युवती भन्छिन्, 'म काम गर्न गएकी थिएँ। श्रीमान्को पक्षमा लागेर जबरजस्ती गाउँका अगुवाले मलाई तीन लाख रूपियाँ तिराए।' युवतीलाई तीन लाख तिराउने उनकै मामा नाता पर्ने थिए। उनले पछि थाहा पाइन्, 'मामाले पाँच हजार रूपियाँ घुस खाएका रहेछन्।'

तीन लाख रूपियाँ तिरेपछि युवतीको श्रीमान्सँग सम्बन्ध विच्छेद भयो। कानुनी रूपमा नभए पनि गाउँपञ्चायतको अगाडि। अचम्म त के भयो भने अर्को श्रीमान् देखाउन नसक्दासमेत गाउँलेले युवतीलाई तीन लाख रूपियाँ जारी तिराए।

केटाले तीन लाख लिएर सम्बन्ध विच्छेद गरेको केही दिनमै दोस्रो विवाह गरे। त्यो पनि युवतीकै आफन्तसँग। युवती भन्छिन्- 'हाम्रो गाउँमा ठूलाबडा भन्नेले अलिकति पैसा पाउने नाममा यस्तो धेरै सम्बन्ध विच्छेद गरेका छन्।' उनले एकजना आफन्तीकै घटना सुनाइन्। दुई सन्तानका बाबुले एक किशोरीलाई गभर्वती बनाए। घटना बाहिर आयो। गाउँको ठूलाबडाको भेलाले केटालाई दुई लाख रूपियाँ तिराएर केटीलाई दिए। किशोरी अहिले बच्चा पाउने अवस्थामा छिन्। गाउँलेले दुई लाख रूपियाँ दिएर घटना मिलायो। अब किशोरीले पाएको बच्चाको बाबु को हुन्छ नि ? युवतीले भनिन्, खोई त। पैसा दिएर कुरा मिलाइसके।'

२३ वर्षीया युवतीका दिल्लीमा दाइहरू छन्। गाउँलेले नै श्रीमान्सँग सम्बन्ध विच्छेद गरिदिएपछि उनी भारत जान गाउँकै एकजना दाइ पर्नेसँग नेपालगन्ज झरिन्। नेपालगन्ज नाका पार गर्दैगर्दा मानव बेचबिखनविरुद्ध काम गर्ने केआई नेपालले केरकार गर्‍यो। दुवै जनाले घरमा खबर नगरी हिँडेकाले संस्थाले युवतीलाई आफूसँग र केटालाई प्रहरीकहाँ पठाइदियो। दुवैका आफन्तलाई बोलाएर जिम्मा लगाउने तयारी भइरहेको केआई नेपाल, नेपालगन्जकी इन्चार्ज अपना भट्टले बताइन्।

यसैबीच, भदौ १ गतेदेखि नयाँ संहिता लागू भएपछि नाकामा रहेका संघ संस्थाको काममा असर परेको छ। भारत तथा भारत हुँदै खाडीमुलुक लैजानेलाई नाकामा रहेका संघसंस्थाले केरकार गर्ने र जोखिमपूर्ण यात्रा देखिए समातेर प्रहरीलाई बुझाउने गर्दथे।

नयाँ संहिता लागू भएपछि प्रहरीले मुद्दा चल्ने ग्यारेन्टी नहुने व्यक्तिलाई लिन मानेको छैन। प्रहरीले पनि सरकारी वकिलको कार्यालय हुँदै अदालतबाट कागज ल्याएर मात्रै कोहीलाई पक्राउ गर्ने गरेको छ। मानव बेचबिखनविरुद्ध नाकामा रहेर काम गर्ने संस्थाहरूले शंका लागेका व्यक्तिलाई नियन्त्रणमा लिई दिन प्रहरीलाई आग्रह गरिरहेका छन्। प्रहरीले मानिरहेको छैन। नयाँ संहिता लागू हुनुअघि प्रहरीले एक दिन शंकास्पदलाई राखेर केरकार गर्दथ्यो।

जोखिमपूर्ण यात्रामा महिलालाई लिएर हिँडेका दलालहरू नयाँ संहितापछि उम्किने सम्भावना बढेको केआई नेपाल, नेपालगन्जकी इन्चार्ज अपना भट्टले बताइन्। 'एकछिन केरकार गर्छौं, त्यतिबेला महिलाले सत्य बोल्दैनन्, उनीहरूलाई सेल्टरमा ल्याएर राम्ररी काउन्सिलिङ गरेर सोधेपछि मात्रै बास्तविक कुरा खोल्छन्, त्यतिबेलासम्म दलाल भने उम्किसकेको हुन्छ, किनकि प्रहरीले एक दिन पनि राख्न मान्दैन।, भट्टले भनिन्- 'काम गर्न गाह्रो भएको छ।'

# कर लिने फोहोर नउठाउने ?

सुनील महर्जन, ललितपुर

ललितपुर महानगरपालिकाले फोहोर नउठाएपछि स्थानीयवासी प्रदर्शनमा उत्रिएका छन्। उक्त महानगरपालिकाको ८, ९ र १२ वडाको नउेत चौबाटोमा फोहोर थुपारेर उनीहरू आन्दोलित भएका हुन्। खपिन्छे, लोल, बखुम्बहाल र कुटीसौगलमा प्रदर्शन भएपछि आवागमन ठप्प भएको थियो।

ललितपुर-९ वडाका स्थानीयवासीको एक समूहले शुरुमा चौबाटोमा फोहोर थुपारेका थिए। त्यसपछि क्रमश: सबैले बाटोमै फोहोर जम्मा गरेका थिए। महानगरपालिका तीन सातादेखि फोहोर उठाउन नआएको उनीहरूको भनाइ छ। उनीहरूले जनप्रतिनिधिको विरोध गर्दै फोहोर थुपारेका हुन्।

'फोहोर नउठाएको तीन साता भइसक्यो। घरमा थुपारेको फोहोर सडेर बस्नै नहुने गरी दुर्गन्ध आएपछि के गर्ने त ?' लोंल टोलका स्थानीयवासी



अनिल महर्जनले नेपाल समाचारपत्रसँग भन्नुभयो।

'कर लिएपछि सुविधा दिनुपर्दैन्, जताततै दुर्गन्धै दुर्गन्ध आउने ठाउँलाई महानगर भन्न मिल्छ' स्थानीयवासी सुरज महर्जनले भन्नुभयो- 'आज सडकमा फोहोर फालौं। यस्तै हो भने महानगरपालिकामै फाल्नुपर्छ।'

चौबाटोमा फोहोर थुप्रिएपछि बालकुमारी, भोलढोका हुँदै मंगलबजार र सौगल जाने र च्यासल, खपिन्छे हुँदै मंगलबजार र सौगल जाने बाटो दिनभर अवरुद्ध भएको थियो। फोहोर थुपारिएको करिब आधा घण्टापछि महानगरपालिकाले फोहोर उठाउन शुरू गरेको थियो।

वर्षाका कारण सिसडोलस्थित ल्यान्डफिल्ड साइटमा गाडी जान नसकेकाले फोहोर उठाउन नसकिएको दाबी गर्दै १२ वडाका अध्यक्ष नारायणलाल अवालेले भन्नुभयो- 'त्यही भएर बालकुमारीस्थित 'ट्रान्सफर स्टेसन' मा जम्मा गर्न लगाएको छु।'

महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले सिसडोलको विकल्पमा बञ्चरे डाँडामा ल्यान्डफिल्ड साइट बनाउन हतार भइसकेको बताउनुभयो। यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीलाई २७ दिनसम्म पर्खेर भेटेको बताउँदै उहाँले थप्नुभयो- 'जतिसुकै राम्रो काम गरे पनि फोहोर व्यवस्थापन गर्न नसक्दा आलोचित हुनुपरेको छ। तर हामी मात्र हैन सिंगो राज्य नै चुकेको छ।'

## विदेशमा...

विश्वभर बिक्री-वितरण भएका भक्सवागन टिगुआन (७ लाख) गाडीमा इन्जिन स्टार्ट गर्दा आगो सल्किने समस्या देखिएपछि कम्पनीले ५ जुलाई २०१८ मा सबै गाडी फिर्ता गर्ने जनाइसकेको छ। तर, नेपालबाट यस्ता गाडी फर्काउने सरकार, व्यवसायी र उपभोक्ताले समेत चासो देखाएका छैनन्।

यसै गरी भक्सवागन, आउडी पोर्स (१ लाख २४ हजार) इलेक्ट्रिक र हाइब्रिड कारमा पनि ब्याट्री तातेर पड्किने समस्या देखिएपछि कम्पनीले गत जुलाईमै बिक्री-वितरण भइसकेका सबै गाडी कम्पनीमै फिर्ता गर्न भनिसकेको छ। भक्सवागन पोलो २०१८ मोडलको गाडीमा पनि समस्या भएकाले गत मे र जुनमा अस्ट्रेलियाबाट १३ हजार र भारतबाट २ लाख १९ हजार गाडी फिर्ता पठाइएको छ। उक्त गाडीको सिटबेल्टमा बढी समस्या देखिएको कम्पनीले नै स्वीकारिसकेको छ। समय-समयमा सिटबेल्ट फुस्किने समस्या देखिएकाले केटाकेटीलाई बढी समस्या पर्ने देखिएपछि कम्पनीले गाडी फिर्ता मगाएको हो।

## परराष्ट्रले...

त्यसैगरी नियोगको सवारी साधन खरिद, आर्थिक कूटनीति सञ्चालनमा भएको प्रगति, स्थानीय कर्मचारीको नियुक्ति, दूतावासको आर्थिक कार्यप्रणाली तथा बजेट खर्च गर्दा अवलम्बन गरिएको प्रकृया अवगत गराउन मन्त्रालयले पत्राचार गरेको हो। राहदानी, भिसा, ट्राभल डकुमेन्ट तथा कन्सुलर सेवासम्बन्धी कागजात जारी गर्ने जिम्मेवारी तोकिएको/नतोकिएको जस्ता विषयमा चासो राख्दै मन्त्रालयले १३ बुँदे पत्र पठाएको थियो।

तर पत्रको चित्तबुझ्दो जवाफ प्राप्त नभएको मन्त्रालय स्रोतले नेपाल समाचारपत्रलाई बतायो। दूतावास स्थापनाको लामो समयसम्म एउटै कोठाबाट कार्यालय सञ्चालन भएको खबर पाएपछि परराष्ट्रले राजदूत र अन्य कर्मचारीका लागि छुटाछुट्टै कोठा व्यवस्था गर्न पहल अघि बढाएको थियो। दूतावास प्रयोजनका लागि भाडामा घर लिँदा आफूहरू कोही पनि उपस्थित नभएको बताउँदै दूतावासका कर्मचारी भन्छन्- 'यसबारेमा नियोग प्रमुखसँगै बुझ्नुस्।' राजदूतकै कारण दूतावासका लागि आवश्यक स्थानीय कर्मचारीसमेत नियुक्त हुन नसकेको ती कर्मचारीले बताए।

गत महिना एक नेपाली व्यवसायीले आयोजना गरेको पार्टीमा सहभागी हुन जाँदा राजदूत रायमाझी पहिलो र तेस्रो पक्षको बिमा नभएको गाडी चढेर पुग्नुभएको दूतावासका एक कर्मचारीले बताए। सो पार्टीमा सहभागी भएका दूतावासका कर्मचारीले भने सार्वजनिक सवारी प्रयोग गरेका थिए। दूतावासको प्रयोजनका लागि दुईवटा किया ब्रान्ड र राजदूतका लागि मर्सिडिज कम्पनीको ५ सिटे सवारी खरिद गरिएको बताइएको छ। राजदूत रायमाझीको प्रयोजनका लागि खरिद गरिएको गाडीको रकम बुझाइ सके पनि बीमा नभएकाले सोरुमबाट नियाल्न नमिल्ने दूतावासमा आइनसकेको कर्मचारी बताउँछन्।

नेपाली सेनाका पूर्वजर्नेलसमेत रहनुभएका रायमाझी तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट राजदूत सिफारिस हुनुभएको थियो। रायमाझीको कार्यशैली चित्तबुझ्दो नभएपछि तत्कालीन नेकपा एमालेको जनवर्गीय संगठन प्रवासी नेपाली मञ्चले समेत सरकारको ध्यानाकर्षण गराएको थियो।

## मन्त्रीकै...

द्वन्द्वपीडित नेकपाका कार्यकर्ताहरूले कार्यालय सहयोगीसम्मको भए पनि जागिर पाउनुपर्ने, खाद्यन्न सामग्री उपलब्ध गराउनुपर्ने माग राख्दै मन्त्री यादवलाई भेट्न खोजेका थिए। लामो समय कुर्दासमेत मन्त्रीलाई भेट्न नपाएको भन्दै नेकपाका कार्यकर्ता स्वकीय सचिव विष्टमाथि खनिएका थिए।

प्रहरीका अनुसार विष्टमाथि हातपात गर्ने नेकपाका कार्यकर्ताहरू सशस्त्र द्वन्द्वमा अंगभंग भएकाहरू रहेका थिए। मन्त्री यादवका सचिवालयले केही समयअघि ८ बोरा चामल उपलब्ध गराएको दाबी गरेको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादवले केही साथीहरूले उदण्ड व्यवहार देखाएको बताउनुभयो। 'स्वकीय सचिव विष्टको दोष छैन, भेट्न आउने साथीहरूको व्यवहार ठीक भएन' -उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो।

स्वकीय सचिव विष्टसँग नेकपाका कार्यकर्ता मात्र होइन मन्त्रालयका कर्मचारीहरूसमेत रुष्ट रहेको बताइएको छ। मन्त्रालयका एक कर्मचारीले विष्टको रुखो शैली ठीक नभएको बताए। ती कर्मचारीले नेपाल समाचारपत्रसँग भने- 'सबैको प्रतिष्ठा हुन्छ, मन्त्रीका सहयोगी विष्टले माथिदेखि तलसम्मका कर्मचारीलाई हप्काउने दप्काउने गर्छन्, यो पारा ठीक भएन।'

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, उद्योग विभाग, तथा कम्पनी रजिस्टारको कार्यालयमा विष्टले आफैं गएर कर्मचारीलाई कार्यालय समयमा काम नगरेको, समयमा कार्यालयमा नआएको भन्दै सोधपुछ गर्ने गरेको आरोप कर्मचारीले लगाएका छन्।

## कामना...

त्यसै गरी लिलीबिली १० विधाको मनोनयनमा परेको छ। यो चलचित्र सर्वोत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, नव अभिनेत्री, पटकथा, छायांकार, सम्पादन, पार्श्व संगीत, ध्वनि मिश्रण र नृत्य निर्देशक विधाको मनोनयनमा परेको छ। शत्रु गते र मंगलम ९/९ विधाका लागि मनोनयनमा परेका छन्। शत्रु गते सर्वोत्कृष्ट चलचित्र, निर्देशक, अभिनेत्री, हास्य कलाकार, सहअभिनेता, पटकथा, संवाद, पार्श्वगायक र पार्श्वगायिकाको मनोनयनमा परेको छ भने मंगलम निर्देशक, अभिनेता, अभिनेत्री, पटकथा, संवाद संगीतकार, पार्श्व गायक, पार्श्वगायिका र नृत्य निर्देशक विधाको मनोनयनमा परेको छ।

चलचित्र संरक्षण र भुईंमान्छे ७/७ विधाको मनोयनमा परेका छन्। संरक्षणबाट नव निर्देशक, सहअभिनेता, खलपात्र, द्वन्द्व निर्देशक, गीतकार, पार्श्वगायक र ध्वनि मिश्रणका लागि मनोनयनमा परेको छ भने भुईंमान्छेबाट नवनिर्देशक, नवअभिनेत्री, बालकलाकार, कथा, पटकथा, संवाद र श्रृंगार विधाको मनोनयनमा परेको छ। चलचित्र ब्लाइन्ड रक्स ६ विधा तथा घामपानी, पिंजडा व्याक अगेन, ऐश्वर्य र म यस्तो गीत गाउँछु ५/५ विधाको मनोनयनमा रहेका छन्। ब्लाइन्ड रक्सबाट सर्वोत्कृष्ट चलचित्र, अभिनेत्री, कथा, संगीतकार, पार्श्वगायिका र नृत्य निर्देशन विधाका लागि मनोनयनमा परेको छ भने घामपानीबाट सर्वोत्कृष्ट चलचित्र नवनिर्देशक, अभिनेता, कथा र श्रृंगार विधाको मनोनयनमा छ।

पिंजडा व्याक अगेन अभिनेत्री, खलपात्र, बालकलाकार, द्वन्द्व निर्देशक र गीतकारका लागि मनोनयनमा छ भने ऐश्वर्यबाट नवअभिनेत्री, खलपात्र, गीतकार, संगीतकार र पार्श्वगायक विधाको मनोनयनमा परेको छ। त्यसै गरी म यस्तो गीत गाउँछुबाट हास्य कलाकार, छायांकार, पार्श्व संगीत, पार्श्वगायक र पार्श्वगायिका विधाका लागि मनोनयनमा परेको छ।

चलचित्र पञ्चायत, दुई रुपियाँ र ग्याङस्टार ब्लुज ४/४ विधाको मनोनयनमा परेका छन्। पञ्चायतबाट अभिनेत्री, कथा, संवाद र श्रृंगार, चलचित्र दुई रुपियाँबाट हास्य कलाकार, संगीतकार, पार्श्वगायिका र नृत्य निर्देशक तथा ग्याङस्टार ब्लुजबाट नव अभिनेता, सहअभिनेत्री, द्वन्द्व निर्देशक र गीतकार विधाको मनोनयनमा छ।

त्यसैगरी चलचित्र शेरबहादुरबाट ३, कान्छी, झ्यानाकुटी र आधा लभबाट २/२ तथा नाका, लभ लभ लभ, रानी र रुद्रबाट १/१ विधाको मनोनयमा परेका छन्। यस वर्षको अवार्डअन्तर्गत सर्वोत्कृष्ट अभिनेता र अभिनेत्री विधामा तीव्र प्रतिस्पर्धा तथा बराबरी अंकका कारण उत्कृष्ट ६ को नाम अगाडि आएको छ भने सारा सिरपाली रुद्रबाट नव अभिनेत्री र पिंजडा व्याक अगेनबाट अभिनेत्रीको प्रतिस्पर्धामा छिन्। त्यसैगरी कोरियोग्राफर कविराज गहतराज ४वटा फिल्मबाट उत्कृष्ट ५ को मनोनयमा परेका छन्।

सम्मान चलचित्रको: उत्सव उत्कृष्टताको भन्ने मान्यताबमोजिम नेपाली चलचित्र क्षेत्रको महाउत्सवका रूपमा हुने अवार्ड समारोहमा चलचित्र क्षेत्रमा पुर्‍याएको योगदानका आधारमा १ लाख रुपियाँ नगदसहित कीर्तिमय दीर्घ योगदान सम्मान (लाइफ टाइम अचिभमेन्ट अवार्ड) प्रदान गरिनेछ। त्यसैगरी निर्णायक मण्डलको निर्णयका आधारमा प्रतियोगितामा रहेको एक फिल्म, कलाकार वा प्राविधिकलाई जुरी अवार्ड प्रदान गरिने भएको छ। संगीत, फेसन र नाट्य विधामा सिजी क्रिटिक्स अवार्ड पनि प्रदान गरिनेछ। उत्कृष्ट ५ को मनोनयमा परेका ९ लोकप्रिय विधामा एसएमएस भोटिङको व्यवस्था गरिएको छ। ती ९ विधामा ९० प्रतिशत अंक निर्णायक मण्डल र १० प्रतिशत अंक एसएमएस भोटिङबाट विजेता चयन गरिने भएको छ।

चौथो संस्करणको सिजी कामना फिल्म अवार्डस् २०७५ समग्र फिल्म क्षेत्र र फिल्मकर्मीमा समर्पित हुने अवार्ड आयोजक समितिका निर्देशक तथा कामना न्यूज पब्लिकेसन्स्का प्रधान सम्पादक पुष्करलाल श्रेष्ठले बताउनुभएको छ। अवार्ड आयोजक समितिका अर्का निर्देशक तथा सिजी इन्टरटेनमेन्टका अध्यक्ष वसन्त चौधरीले कामना फिल्म अवार्डस् नेपाली चलचित्र क्षेत्रको मानक अवार्ड हुँदै गएको बताउनुभयो।

# अर्थ

‘हामी राजस्वमा निर्भर अर्थतन्त्र भएको मुलुक हौं। सरकार सञ्चालनका लागि राजस्व बढी उठाउनैपर्ने बाध्यता छ। तर त्यसको अर्थ यो होइन कि हामी सधै यहि अवस्थाबाट गुज्रिनुपर्छ। हामी बिस्तारै राजस्वमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रबाट जानु आवश्यक छ।’

2018, SEP
Wednesday
12

## हिरो मोटोकर्पको ‘एक्स्ट्रिम २००आर’ आयो



काठमाडौं, (नेस)

हिरो मोटोकर्प, विश्वमै २ पाङ्ग्रे सवारी साधनको सबैभन्दा ठूलो निर्माताले आफ्नो नयाँ मोटरसाइकल ‘एक्स्ट्रिम २००आर’लाई नेपाली बजारमा आएको छ।

प्रविधिक रुपमा सर्वोत्कृष्ट एवं युवामय मोटरसाइकल उपलब्ध गराउने आफ्नो प्रतिबद्धता अनुरुप आफ्नो पछिल्लो मोटरसाइकलको बिक्री वितरण कम्पनीले भारतमा शुरू गरे लगत्तै नेपालमा ल्याएको हो।

एक्स्ट्रिम २००आरको विशेष मूल्य २ लाख ८६ हजार ५०० रुपियाँ रहेको कम्पनीले जनाएको छ। यो मोटसाइकल नेपाल जनरल मार्केटिङका सबै डिलर कहाँ उपलब्ध हुने कम्पनीले जनाएको छ।

बाइक चलाउँदा रोमाञ्चक हुनुको साथै चालक तथा यात्रुको सुरक्षालाई महत्व दिएको छ र यसका लागि मोटरसाइकलमा स्तरीय विधि उपलब्ध गराउन एन्टी-लक ब्रेक सिस्टम जडान गरिएको छ।

एक्स्ट्रिम २००आरमा एकदम नयाँ प्रणालीको बीउस आईभी २०० सीसी एयर कुल्ड इन्जिन रहेको। ८००० आरपीएममा १८.४ पीएसको अधिकतमशक्ति र ६५०० आरपीएमा १७.१ एनएमको अधिकतम टर्क उत्पन्न गर्दछ। जसले गर्दा हरेक अवस्थामा प्रचुर शक्ति र टर्क प्रदान गर्ने हुन्छ। यो बाइकले ४.६ सेकेण्डमा ०-६० किमि/घण्टाको दौड गर्न सक्छ र यस्को गति उच्चतम विन्दू प्रतिघण्टा ११४ किलोमिटर रहेको छ।







## १३औं नाडा अटो शो शुरू

# व्यापारघाटा कम गर्न विद्युतीय सवारी साधनमा जोड






**नेपाल समाचारपत्र**

काठमाडौं

अर्थमन्त्री डा. युवराज खतिवडाले ऋणमा आधारित उपभोग नभई आम्दानीमा आधारित उपभोगमा उपभोक्ता सचेत हुनुपर्ने बताउनुभएको छ।

मंगलबार राजधानीमा शुरू भएको १३औं नाडा अटो शोको उद्घाटन गर्नु हुँदै अर्थमन्त्री खतिवडाले ऋण लिएर गाडी चढ्ने नभई आफूले कमाएर खरिद गर्न सक्ने क्षमता भएपछि मात्र खरिद गर्नुपर्ने सुझाव दिनुभएको हो।

आफूले कार्यक्रमको माहोल हेरेर व्यापारीलाई खुशी पार्नकै लागि उनीहरूको भावनाअनुसार अभिव्यक्ति नदिने भन्दै स्पष्ट पार्नुभएका अर्थमन्त्री खतिवडाले ऋण लिएर गाडी चढ्दा त्यसले न व्यक्तिलाई फाइदा गर्ने र न त देशलाई नै फाइदा गर्ने बताउनुभयो। ‘आफ्नो कमाई हेर्नुस्, आवश्यकता हेर्नुस् र नगदै तिर्न सक्ने क्षमता भएपछि मात्रै गाडी चढ्नुस्।’-उहाँले भन्नुभयो।

अर्थमन्त्री खतिवडाले बोल्नु अघि नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगततर्फका उपाध्यक्ष उमेशलाल श्रेष्ठले नाडा शोका बेला विभिन्न कम्पनीले थरीथरीका सवारी साधन ल्याउने तथा उपभोक्तालाई किनौं किनौं बनाउने धारणा राख्नुभएको थियो। श्रेष्ठ बोलिरहँदा नै मञ्चमा बसिरहेका अर्थमन्त्री खतिवडाले ‘सक्नेले पो किन्छन् नसक्नेले कहाँबाट किन्नु’ भन्दै प्रतिक्रिया दिनुभएको थियो। खतिवडाको उक्त अभिव्यक्तिपछि श्रेष्ठले सवारी साधन अहिले सबैको आवश्यकता भएको र सक्नेले पनि वर्षेनी सवारी साधन फेर्न गाह्रो नै पर्ने भन्दै ठट्यौली शैलीमा आफ्नो बचाउ गर्नुभएको थियो।

नाडा अटो शोमा आफूले बोल्ने क्रममा पनि अर्थमन्त्री खतिवडाले सवारी साधन बजारमा बढी खपत हुँदा राजस्व र आयकरमा वृद्धि भए पनि समग्र वैदेशिक व्यापारघाटा भने बढ्दै जाने बताउनुभएको थियो।

‘हामी राजस्वमा निर्भर अर्थतन्त्र भएको मुलुक हौं। सरकार सञ्चालनका लागि राजस्व बढी उठाउनैपर्ने बाध्यता छ। तर त्यसको अर्थ यो होइन कि हामी सधै यहि अवस्थाबाट गुज्रिनुपर्छ। हामी बिस्तारै राजस्वमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रबाट जानु आवश्यक छ।’ खतिवडाले भन्नुभयो। खर्बौं रुपियाँ बराबरको सवारी साधनको आयात र सवारी साधनसँगै सम्बन्धित इन्धनको आयातका कारण व्यापारघाटा बढेकोप्रति इंगित गर्दै उहाँले मुलुकभित्रै उत्पादन तथा विद्युतीय सवारी साधनमा बढी जोड दिनुपर्ने धारणा राख्नुभयो।

सवारी साधनका अधिकांश उपभोक्ताले आफ्नो आम्दानीको क्षमता भन्दा पनि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर ३५ प्रतिशत डाउन पेमेन्टमा खरिद गर्ने गरेका छन्।

अर्थमन्त्री डा. खतिवडाले सवारी साधनका नक्कली पार्टपूर्जाहरूको आयातमा कडाई गर्ने पनि बताउनुभयो। भन्सार क्षैंत्रमा कमजोर प्रशासनका कारण चोरी पैठारी भएर आउने सामानमा कडाई गर्ने तथा भन्सारकै कर्मचारीले व्यापारीलाई बढी राजस्व तिराउने गरेको भन्ने विषयमा सरकार गम्भीर भएर काम गर्ने खतिवडाको भनाइ छ।

अटो मोबाइल्स क्षेत्रले मुलुकको राजस्वमा १५ प्रतिशत योगदान दिएको भन्दै उहाँले त्यस क्षेत्रको विकासमा सरकार संवेदनशील रहेको बताउनुभयो। करको दर घटाएर मुलुकको आर्थिक विकास गर्ने सिद्धान्त अर्थशास्त्रमा कहींकतै नभएको भन्दै करको दर कम बनाएर बढी राजस्व संकलन गर्न नसकिनेसमेत स्पष्ट पार्नुभयो।


सोही कार्यक्रममा उद्योग वाणिज्य महासंघ नेपालका अध्यक्ष भवानी राणाले स्थिर सरकारबाट निजी क्षैंत्रले ठूलो अपेक्षा गरिएको भए पनि सात महिना अवधिसम्म पनि कुनै नतिजामुखी काम गर्न नसकेको बताउनुभयो। मुलुकको व्यापारघाटा कम गर्नका लागि विद्युतीय सवारी साधनको बढावा दिनुपर्ने विषयमा सरकार नै जानकार भए पनि चार्जिङ स्टेसनलगायतका पूर्वाधार निर्माणका ध्यान दिन नसकेको बताउनुभयो।

नेपाल अटोमोबाइल्स डिलर्स एसोसियसन नाडाका अध्यक्ष शम्भुप्रसाद दाहालले अटोमोबाइल्स क्षेत्रबाट बढी राजस्व संकलन गर्ने मात्रै नभई मुलुकको अर्थतन्त्रलाई गति दिन पनि यातायात पूर्वाधार आवश्यक रहेको बताउनुभयो। ‘अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा सवारी साधनको आयात घटेको छ।

बैंक तथा वित्तीय क्षेत्रले गर्ने लगानीमा कमी आएका कारण पनि कम मात्रामा सवारी साधन भित्रिएको हामीले महशुस गरेका छौं।’ दाहालले भन्नुभयो। अटोमोबाइल्स क्षैंत्रमा ठूलो बजार स्थापित भईसकेका कारण यसलाई सरकाले बेवास्था गर्ने अवस्था नरहेको उहाँको तर्क छ। दाहालका अनुसार यसैवर्षदखी नाडाले वार्षिक ६ हजार मेकानिकहरूका लागि तालिम दिने तयारी गरेको छ।




## निसानका गाडीमा ‘फेस्टिभ ड्राइभ’ अफर




काठमाडौं, (नेस)

निसान गाडीको आधिकारिक वितरक तथा बजार व्यवस्थापक कम्पनी पायोनियर मोटोकर्पले नाडा अटो शोसँग नै निसान गाडीका लागि ‘फेस्टिभ ड्राइभ’ उपहार योजना पनि सुचारू गरेको छ।

निसान फेस्टिभ ड्राइभ योजना अन्तर्गत नाडा अटो शोमा आएका ग्राहकले बुकिङ गरेवापत योजनाको अन्त्यमा नगद २७ हजार रुपियाँ बराबरको रेडमी नोट-५मोबाइल फोन प्राप्त गर्न सक्नेछन्।

नाडा अटो शोमा नै पायोनियर मोटो कर्पले फाइनान्स र किस्ताबन्दीको प्रावधान पनि लागू गरेको छ। जसअन्तर्गत् १४ हजार ६११ रुपियाँसम्मको न्यून मासिक किस्ता तिर्ने प्रावधानसम्म छ।

नाडा शोदेखि नै लागू भएको यो योजना चाड-पर्वको यो मौसमसम्मै लागू रहने कम्पनीले जनाएको छ। यो योजनाबाट ग्राहकले ४९ हजार रुपियाँसम्मको एसेसोरिज, १ वर्षको नि:शुल्क बीमा, १ वर्षसम्म सडक कर नि:शुल्क, ३ वर्षको वारेन्टी र सर्भिसिङ, तत्काल फाइनान्स र एक्सचेन्जको सुविधा र ६ लाखसम्मको नगद छुट प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। नाडा अटो शो को स्टल नं. ए ३ मा निसान गाडीका बारेमा थप जानकारी प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ।

२०७५ भदौ
बुधबार
२७

हालै श्रीलंकामा आयोजित राउन्ड टेबलको वार्षिक अधिवेशनको एक विशेष समारोहमा उक्त सम्मान राउन्ड टेबल नेपालका वर्तमान अध्यक्ष जयन्त कुमार अग्रवाल र राउन्ड टेबल नेपालका अध्यक्ष रवि खेतानका साथै राउन्ड टेबल नेपालका पदाधिकारीले ग्रहण गरेका थिए।

अर्थ

# होन्डामा ५० लाख जित्न सक्ने अफर




काठमाडौं, (नेस)

नेपालका लागि होन्डा मोटरसाइकल तथा गाडीको आधिकारिक बिक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिले नेपालमा ५० वर्ष पूरा गरेको उत्सवमा दशैं तथा तिहार स्किम 'सम्बन्ध सपनाहरूको' ल्याएको छ। उत्सवको यस अवसरमा विगतका वर्षहरू झैं यो वर्ष पनि होन्डाले ग्राहकहरू माझ खुसी साटासाट गर्ने उद्देश्यले यो योजनालाई नेपाली बजारमा ल्याएको हो।

यस स्किमको समय अविधि भर होन्डाका ग्राहकले होन्डाको कुनै पनि बाइक, स्कुटर र कारको खरिदमा आकर्षक नगद उपहारका साथै अन्य सुविधा जित्ने अवसर प्राप्त गर्न सक्नेछन्। यस योजनाअन्तर्गत ग्राहकले होन्डा मोटरसाइकलको खरिदमा स्क्र्याच कुपनमार्फत १ लाखसम्मको नगद छुट, ५ वर्ष फ्रि सर्भिसिङका साथै ५ वर्षको लागि स्पेयर पार्टस्मा १० प्रतिशत छुट प्राप्त गर्न सक्नुहुनेछ। होन्डा बिग बाइकको खरिदमा ग्राहकहरूले आकर्षक नगद छुट प्राप्त गर्न सक्नुहुनेछ भने होण्डा कारको खरिदमा आकर्षक नगद छुट, १ वर्षको नि:शुल्क रोड ट्याक्स तथा १ वर्षको कम्प्रिह्यान्सिभ इन्स्योरेन्स प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

यस योजनामा सहभागी हुनको लागि होन्डाको कुनै पनि खरिदमा ग्राहकले एउटा फर्म प्राप्त गर्न सक्नुहुनेछन्। उक्त फर्मबाट ५० जना भाग्यशाली विजेताले आफ्नो वीस्स लाई फेसबुकमार्फत सेयर गर्ने अवसर प्राप्त गर्नुहुनेछ र सबै भन्दा बढी लाइक प्राप्त गर्ने भाग्यशाली विजेताले ५० लाख रुपियाँ जित्ने कम्पनीले जनाएको छ।

# राउन्ड टेबल नेपाललाई बेस्ट एसोसिएसन अवार्ड




काठमाडौं, (नेस)

सामाजिक क्षेत्रमा गरेको उल्लेखनीय सेवाको कदरस्वरुप विश्वभर ५४ देशमा रहेको राउन्ड टेबलमध्येबाट राउन्ड टेबल नेपाललाई बेस्ट एसोसिएसन अवार्ड २०१७-२०१८ बाट सम्मानित गरेको छ।

हालै श्रीलंकामा आयोजित राउन्ड टेबलको वार्षिक अधिवेशनको एक विशेष समारोहमा उक्त सम्मान राउन्ड टेबल नेपालका वर्तमान अध्यक्ष जयन्त कुमार अग्रवाल र राउन्ड टेबल नेपालका अध्यक्ष रवि खेतानका साथै राउन्ड टेबल नेपालका पदाधिकारीले ग्रहण गरेका थिए।

सम्मान नेपालको लागि नै गौरवपूर्ण रहेको र यसबाट अझ बढी सामुदायिक उत्तरदायित्व निभाउँदै समाजको सेवामा लाग्न उत्प्रेरित गरेको जयन्तकुमार अग्रवालको भनाइ छ।

गत वर्ष राउण्ड टेबल नेपालले विपन्न वर्गका विद्यार्थीको शिक्षाको लागि विभिन्न स्थानमा ३२ भन्दा बढी कक्षा कोठाको निर्माण गरेको थियो। रक्तदान कार्यक्रम सञ्चालन गरी एकै दिनमा ८५३ पिन्ट रगत सम्बन्धित निकायमा दिएको थियो। राउण्ड टेबल नेपाल गैरराजनीतिक सामाजिक विकासमा सक्रिय संस्था हो। यसले स्थापनाकालदेखि विभिन्न सामाजिक सेवामा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। राउन्ड टेबलको स्थापना संयुक्त अधिराज्यको नर्विचमा १४ मार्च १९२७ मा भएको थियो। अहिले यसका विश्वभर ३४ हजार सदस्य छन्।

# सुनसरीको गढीमा मेगा बैंकको शाखारहित बैंकिङ सेवा

काठमाडौं, (नेस)। मेगा बैंक नेपालले सुनसरीको गढी गाउँपालिकामा अत्याधुनिक शाखारहित बैंकिङ सेवा शुरू गरेको छ।

गढी गाउँपालिका-३ स्थित छिटाहामा गढी गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद यादव र नेपाल कृषि कम्पनीका कार्यक्रम प्रबन्धक विवेकानन्द झाले मेगा बैंकको शाखारहित बैंकिङ सेवाको संयुक्त रुपमा उद्घाटन गर्नुभयो। उद्घाटनमा गाउँपालिकाका अध्यक्ष यादवले अब आफ्नो गाउँपालिकाका जनतालाई मेगा बैंकको शाखारहित बैंकिङ सेवामार्फत घरदैलोमा बचत गर्न सजिलो हुने भन्दै खुशी व्यक्त गर्नुभयो।

नेपाल कृषि कम्पनीका कार्यक्रम प्रबन्धक झाले ग्रामीण तथा दुर्गम भेगहरूमा सेवा विस्तार गरेकोमा मेगा बैंकलाई धन्यवाद दिनुभयो।

## एनआईसी एसिया बैंकको चामत्कारिक कर्जा योजना

# मासिक ११ हजार किस्तामा सवारी, ५० वर्षे घरजग्गा कर्जा

सरनेपाल समाचारपत्र

काठमाडौं

एनआईसी एसिया बैंकले चमत्कारिक सवारी कर्जा र चमत्कारिक घर जग्गा कर्जा ल्याएको छ।

बैंकले चमत्कारिक सवारी कर्जाअन्तर्गत एनआईसी एसियाको साँच्चै चमत्कार अब गर्नुहोस् आफ्नो सपना साकार भन्ने नाराका साथ चमत्कारिक सवारी कर्जा सार्वजनिक गरेको छ। यस योजनाबाट नयाँ गाडी लिन वा पुरानो सवारी साधन साट्न चाहने सम्पूर्ण ग्राहकले समेत चमत्कारिक लाभ उढाउन सक्नेछन्।

यस कर्जा योजनामा तुरुन्तै कर्जा स्वीकृति हुने, अधिकतम १५ वर्षसम्मको कर्जा भुक्तानी अवधि, अति न्यून मासिक किस्ता रकम (सवारीको मूल्यअनुसार मासिक ११ हजार रुपियाँबाट किस्ता रकम शुरू हुने), आंशिक अथवा पूर्ण रुपमाबिना कुनै शुल्कपूर्व भुक्तानी गरी आफ्नो इच्छाअनुसार मासिक किस्ता र भुक्तानी अवधि परिवर्तन गर्न सकिने, मासिक ब्याजदर शून्य दशमलव ९ प्रतिशत रहेको छ।

त्यस्तै चमत्कारिक घर जग्गा कर्जाअन्तर्गत एनआईसी एसियाको साँच्चै चमत्कार, अब गर्नुहोस् आफ्नो सपना साकार भन्ने नाराका साथ एनआईसी एसिया बैंकले घर जग्गाकर्जा योजना ल्याएको छ।

यस कर्जा योजनामा आम्दानीअनुसार आफैं मासिक किस्ता निर्धारण गर्न सकिने, अधिकतम ५० वर्षसम्मको कर्जा भुक्तानी अवधि, आंशिक अथवा पूर्ण रुपमा विना कुनै शुल्क पूर्व भुक्तानी गरी आफ्नो इच्छाअनुसार मासिक किस्ता र भुक्तानी अवधि कायम गर्न सकिने रहेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

त्यस्तै कर्जा रकम घटाई नयाँ किस्तार भुक्तानी अवधि कायम गर्न सकिने, मासिक ब्याजदर शून्य दशमलव ९ प्रतिशत, प्रशासनिक सेवा शुल्कमा विशेष छुट, आधारदरमा भएको परिवर्तन अनुसार मात्र ब्याजदर परिमार्जन हुने सुविधा रहेको छ।

दुवै चमत्कारिक कर्जा योजना बैंकको २४४ वटै शाखा प्राप्त गर्न सकिने बैंकले जनाएको छ।

बैंकको वासलातको आकार १८८ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५९ अर्ब तथा कर्जा १३२ अर्ब रहेको छ।

# टोयोटाको स्पेसल अफर

काठमाडौं, (नेस)

नेपालको लागि टोयोटाको आधिकारिक बिक्रेता युनाइटेड ट्रेडर्स सिन्डिकेट (युटीएस) ले नाडा अटो शोमा स्पेसल अफरको घोषणा गरेको छ। अन्तर्राास्ट्रिय अटोमोबाइल्स ब्रान्डका लागि र अटोमोबाइल्समा सौख राख्नेहरूको लागि नाडा अटो शो उत्कृष्ट अवसर हो।

यस अफरअन्तर्गत नाडा अटो शो अवधिभरि टोयोटाको हरेक बुकिङमा ५ जोडीको लागि ५ दिन, ४ रातको बाली टुर, ४ जोडीको लागि ४ दिन ३ रातको पोखरा टुर र २ जोडीको लागि माउन्टेन फ्लाइट जित्ने अवशर प्राप्त गर्न सक्नेछन यसको अलावा टोयोटाले आकर्षक नगद छुटको व्यवस्था पनि गरेको छ।

भर्खर मात्र सार्वजनिक गरियको एसयुभी 'रस' नाडा अटो शो को प्रमुख आकर्षण रहने कम्पनीले जनाएको छ। डुवल भीभीटी आई सुपर इन्जिन भएको उक्त 'रस' मा ६ एसआरएस एयर ब्याग रहेका छन्।




# प्रभु इन्स्योरेन्स र नर्भिक इन्टरनेसनल हस्पिटलबीच सम्झौता

काठमाडौं, (नेस)

प्रभु इन्स्योरेन्स र नर्भिक इन्टरनेसनल हस्पिटलबीच नगदरहित सेवासम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा प्रभु इन्स्योरेन्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सञ्चित बज्राचार्य तथा नर्भिक इन्टरनेसनल हस्पिटलको तर्फबाट एक्ज्युकेटिभ डाइरेक्टर राजेन्द्रबहादुर सिंहले हस्ताक्षर गर्नुभयो।



सम्झौताअनुसार प्रभु इन्स्योरेन्सबाट औषधि उपचार बीमा गराउने ग्राहकले नर्भिक इन्टरनेसनल हस्पिटलमा भर्ना भई औषधि उपचार गराउँदा साथमा नगद नभएता पनि बीमा लेखको सिमासम्म नगदरहित सुविधा प्राप्त गर्न सक्नेछन्।







# नेपालका लागि सुनौलो अवसर



नेपाल समाचारपत्र

काठमाडौं

साफ सुजुकी कप (साफ च्याम्पियनसिप) मा नेपाल अहिलेसम्म फाइनल पुग्न सकेको छैन। सन् १९९३ देखि शुरू भएको यस प्रतियोगितामा नेपालले सेमिफाइनलसम्म यात्रा तय गरेको छ। यस संस्करणसमेत गरी नेपाल ४ पटक अन्तिम चारमा पुगेको छ। यसअघि १९९९, २०११ र २०१३ मा नेपाली टोलीले सेमिफाइनलसम्म यात्रा तय गर्दा २०१३ को संस्करण नेपालमै भएको थियो। तर सो खेलमा नेपाल बलियो टोली अफगानिस्तानसँग आफ्नै घरेलु मैदान र दर्शकसामु पराजित हुनपुगेको थियो।

यस पटक भने नेपालका लागि अफगानिस्तान वा भारतसँग प्रतिस्पर्धा गर्नुपरेको छैन। अफगानिस्तान साफ नखेल्ने भनेपछि नेपाललाई राहत मिल्यो भने समूह चरणमा पहिलो हुनाले फाइनल नपुगन्जेल भारतसँग सामना गर्ने परेको छैन। यसैले बुधबार माल्दिभ्ससँग हुने खेल नेपालका लागि साफ च्याम्पियनसिपमा पहिलो पटक फाइनल पुग्ने सुनौलो अवसर हो। यो अवसर नेपालले सदुपयोग गर्नैपर्छ।

यसका लागि नेपाली टोली तयार भएको प्रशिक्षक बालगोपाल महर्जनले बताएका छन्। महर्जनले बताए-'नेपालको प्रदर्शन राम्रो भएको छ। एक खेल हारे पनि त्यसमा नेपालको खेल कमजोर भन्न सकिँदैन। त्यसैले म भन्छु कि माल्दिभ्सलाई हराउन सक्ने हाम्रा खेलाडीसँग क्षमता छ। अघिल्ला खेलमा झैं खेले पनि नेपालले फाइनलको यात्रा गर्न सक्नेछ।'

महर्जनले समूह चरणमा तीनै खेलमा छुट्टाछुट्टै कप्तान निर्धारण गरेका थिए। पाकिस्तानविरुद्ध नियमित कप्तान विराज महर्जन, भुटानविरुद्ध गोलरक्षक किरण चेम्जोङ र बंगलादेशविरुद्ध भरत खवासलाई कप्तानी जिम्मा दिएका थिए। जसमा पाकिस्तानसँग नेपालले २-१ ले हार्‍यो भने भुटानलाई ४-० ले हराएर अन्तिम चारको आशा बनायो। बंगलादेशलाई उसको मैदानमा २-० ले हराएपछि नेपाल समूह ए को शीर्ष टोली भएर अन्तिम चारमा पुगेको हो।

साफ च्याम्पियनसिपमा माल्दिभ्सविरुद्ध नेपालको प्रदर्शन राम्रो छैन। अहिलेसम्म ६ खेल खेलियो र ४ मा नेपालको हार भएको छ। दुई खेल बराबरी नतिजा आएको छ। तर यसपटक महर्जन प्रशिक्षक भएकाले नेपालले पहिलोपटक साफ च्याम्पियनसिपमा माल्दिभ्सलाई हराउने सम्भावना पनि त्यतिकै छ। तीन वर्षअघि बंगबन्धु कप जित्दा महर्जन नै नेपाली टोलीका प्रशिक्षक थिए। त्यतिबेला नेपालको यु २३ राष्ट्रिय टोलीले माल्दिभ्सलाई ४-१ ले हराएको थियो। त्यतिबेलाका खेलाडीहरू अहिलेको टोलीमा छन्।

### एक गोल पनि नगरी सेमिफाइनलमा

यस प्रतियोगितामा माल्दिभ्स सेमिफाइनल पुगे पनि विपक्षीलाई एक गोल पनि गरेका छैन। पहिलो खेलमा श्रीलंकासँग गोलरहित बराबरी खेलेको माल्दिभ्स भारतसँग २-० ले हारेको थियो। श्रीलंका पनि भारतसँग २-० ले नै हारेपछि समूह बी बाट अन्तिम चारमा पुग्ने दोस्रो टोलीको तय गर्न कठिन भयो। गोलाप्रथा प्रयोग गर्दा माल्दिभ्सले श्रीलंकालाई जिल्ल्याएको हो।

## धरहरा

### २१ सयले न्याय कि अन्याय ?



केही दिनअघि गोरखामा प्रहरीले १० किलो सुनसहित दुई जनालाई समातेर चर्चामा आएका सिर्दीबास प्रहरी चौकीका प्रमुख प्रहरी निरीक्षक तुलबहादुर सेनलाई २१ सय रुपियाँले पुरस्कृत गरेछन्। पहिला पाँचवटा बिस्कुट दिन्छु छोडिदेऊ भन्दा पनि मानेनछन् ती प्रहरी।

त्यसपछि भएन अब यसलाई आफ्नो ज्यानै खतरामा हुन्छ जसरी पनि फकाउन पर्‍यो भन्ठानेर ती भरियाले दशैंवटा बिस्कुट दिन्छौं हामीलाई छोडिदेऊ भनेछन्। केके नै पाउँला खाउँला झैं गरेर बिचरा सई सापले आफू राष्ट्रसेवक प्रहरी भएको देखाउन पनि केही नलिई उनीहरूलाई समातेरै छाडे। २९ वर्षदेखि निरन्तर निःस्वार्थ भावले देशको सेवा गरे। तर यिनको बुद्धि देख्दा धरहरालाई टिठ लाग्यो भन्या। कमसेकम एक तोलाबराबरको रकमले त पुरस्कृत गर्नुपर्थ्यो भन्ने धरहराको सुझाव छ। आखिर काठमाडौं पुर्‍याउने भरियालाई नै ५० हजार त सुन धनीले दिन्छु भनेकै थियो। भरियाको तुलनामा सई सापले पाएको रकम हात्तीको मुखमा जिरा जस्तै भयो भन्ने धरहराको ठम्याइ छ। अनि कसरी अब यिनले आफ्नो मनोबल उच्च राखेर राष्ट्रसेवा गर्लान् खै ? यिनको ठाउँमा अरू प्रहरी भएको भए के गर्थे होला ?

३३ किलोका धनी गोरेको चर्चा सेलाएको बेलामा गुपचुप रूपमै १० किलो खाएको भए पनि कसको बाउको के तागतले छुन्थ्यो र ? सबै प्रहरीको दुर्गम जाने मोह पनि बढ्थ्यो। सई सापलाई २१ सयले न्याय भयो कि अन्याय धरहराले ठम्याउनै सकेन, यसो केही भए सुझाव पाऊँ है।

## पुष्पसदन र रिलायन्स च्याम्पियन

काठमाडौं, (नेस)

पुष्पसदन र रिलायन्सले २५औं ज्ञान कार्निभलअन्तर्गत बास्केटबल उपाधि मंगलबार जितेका छन्। पुष्पसदन ब्वाइज र रिलायन्स गर्ल्समा च्याम्पियन बने।

ज्ञानोदय बालबाटिका स्कुलद्वारा आयोजित प्रतियोगिताको ब्वाइज फाइनलमा पुष्पसदनले श्रीदिवालाई ५७-३६ ले पराजित गर्‍यो। पुष्पसदनको जितमा सन्जिव बोहराले २१ अंक योगदान गरे। श्रीदिवाका सञ्जय नेपालीले २३ स्कोर गरे पनि टिमलाई जित दिलाउन सकेनन्। खोकनामा भएको गर्ल्सको उपाधि भिडन्तमा डिफेन्डिङ च्याम्पियन रिलायन्सले इनोभेटिभलाई ३४-२० ले हराउँदै उपाधि रक्षा गर्‍यो।

रिलायन्सकी कविता श्रेष्ठले १३ स्कोर गरिन्। इनोभेटिभकी समन्ता थापाले १४ अंक जोडिन्। ब्वाइजमा पुष्पसदनका निशान महर्जन तथा गर्ल्समा रिलायन्सकी आरती राउत 'मोस्ट भेलुएबल प्लेयर' चुनिए। विजेतालाई ज्ञानोदयकी संस्थापक प्रिन्सिपल इन्दिरा याक्थुम्बाले एक कार्यक्रमबीच पुरस्कृत गरिन्।

## माउन्ट ग्लोरीलाई उपाधि

काठमाडौं, (नेस)

माउन्ट ग्लोरीले प्रथम अन्तरविद्यालय वडा स्तरीय फाइभ ए साइड छात्र फुटसल प्रतियोगिताको उपाधि मंगलबार जितेको छ।

टोखा नगरपालिका वडा नं. ८ र पारामाउन्ट एकेडेमीको संयुक्त आयोजनामा बानियाँटारमा भएको फाइनलमा माउन्ट ग्लोरीले काभ्यालाई ६-३ गोलले पराजित गर्‍यो। माउन्ट ग्लोरीका चन्दन दास र आयुश घलानले ह्याट्रिक गरे। चन्दन उत्कृष्ट फरवार्ड पनि चुनिए। पारामाउन्ट एकेडेमीका अनिश तामाङ उदीयमान खेलाडी घोषित भए भने गोलरक्षकमा काव्यका मञ्जिल श्रेष्ठ र डिफेन्समा हिमालयनका रितेश शेरचन उत्कृष्ट ठहरिए।



## रेडिअन्ट क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

आयोजक रेडिअन्ट छैटौं रेडिअन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजतर्फ मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

रेडिअन्टले माउन्ट ग्लोरीलाई २४-१५ ले पराजित गर्‍यो। विजयी टिमका लागि सञ्जिव भण्डारीले १० अंक जोडे। सिनियर गर्ल्समा न्यु भिजन, निम्स र सिद्धार्थ बनस्थली क्वार्टरफाइनलमा पुगे। न्यु भिजनले ग्यालेक्सीलाई १६-८ ले हरायो। निम्सले एलआरआईलाई १८-६ ले पन्छायो। स्वर्णिम विरुद्धको खेलमा सिद्धार्थ बनस्थली २३-२१ ले विजयी भयो।

सिनियर ब्वाइजमा जेनिथले लोक आदर्शलाई २३-१०, एपेक्स लाइफले हर्टल्यान्डलाई १८-१७, ग्यालेक्सीले द एक्सेल्सियर स्कुललाई ५२-२२, पिपुल्स एकेडेमीले संस्कृतिलाई ४०-३० तथा न्यु भिजनले ज्योति एकेडेमीलाई ३८-२९ ले निराश पारे।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ